फ्रिडम फोरम अनुसन्धान एवं वकालतकर्ता प्राज्ञिक समुदायको साझा पहल हो । लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता र राष्ट्रको समविकासमा समर्पित रहने उद्देश्यले २०६२ सालमा यसको स्थापना भएको हो ।

मानव स्वतन्त्रताको उच्चतम् मूल्यप्रति प्रतिबद्ध पत्रकार, कानुन व्यवसायी, मानव अधिकारकर्मी, प्राध्यापक, शिक्षक, समाजशास्त्री, अर्थशास्त्री, राजनीतिशास्त्री तथा विकास कार्यकर्ताहरूको साझा मञ्चका रूपमा यो फोरम स्थापना गरिएको हो ।

समुन्नत लोकतान्त्रिक समाज यसको लक्ष्य हो । मुलुकका विभिन्न क्षेत्रमा छरिएर रहेका स्वतन्त्रताका पुजारीहरू यसका सदस्य हुन सक्छन् । नागरिक समाज, आमसञ्चार, पेसागत क्षेत्र र तल्लो तहका सामुदायिक संगठनहरूसंग सहकार्य गरेर अगाडि बढ्ने हाम्रो नीति रहेको छ ।

सम्पूर्ण स्वतन्त्रता मानव सभ्यताको अनन्त चाहना हो । स्वतन्त्रताभन्दा मूल्यवान अरू केही छैन भन्ने फ्रिडम फोरम ठान्दछ ।

**FREEDOM FORUM**

• Democracy • Human Rights • Media Freedom • Development •

Thapathali, Kathmandu, Tel: 4102030, E-mail: freedomforum@enet.com.np

मधेस आन्दोलनमा मिडिया

# मधेस आन्दोलनमा मिडिया



# मधेस आन्दोलनमा
# मिडिया

**संयोजन/सम्पादन**

गोकुल पोखरेल
तारानाथ दाहाल
सन्तोष सिग्देल

**सर्वाधिकार © फ्रिडम फोरम**
**थापाथली, काठमाडौंमा सुरक्षित ।**

फ्रिडम फोरमको पूर्व स्वीकृतिबिना यस पुस्तक वा पुस्तकका अंशलाई बौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुन:उत्पादन गर्न, मुद्रण गर्न वा संग्रह गर्न पाइने छैन ।

**प्रकाशक** : फ्रिडम फोरम

**प्रकाशन मिति** : २०६४, साउन

**संस्करण** : प्रथम

**प्रति** : एक हजार

**मुद्रक** :

**लेआउट** : ईमेज कम्प्युटर

# भूमिका

लोकतन्त्रको लडाइँमा सँगसँगै लडेका अधिकारकर्मी र सञ्चारकर्मीहरूबीच मधेस आन्दोलनका क्रममा आरोप-प्रत्यारोप चल्यो। खास गरी मधेसी नेपाली नागरिकहरूको पहिचान, सम्मान र समावेशीकरणका लागि गरिएको आन्दोलनको एउटा निशाना प्रेस जगत पनि हुन पुगेको देखियो। मधेसी आन्दोलनकारीहरूले मधेसमा कार्यरत सञ्चारकर्मीहरूलाई धम्क्याउने, कुट्ने, लखेट्नेसम्मका काम गरेको देखियो भने राजधानीबाट प्रकाशित र प्रसारित सञ्चारमाध्यमहरूसमेत आन्दोलनबाट प्रभावित भए। आन्दोलनकारीहरूले "नेपाली मिडिया र सञ्चारकर्मीहरू अधिकारको आन्दोलनमा सहभागी भएनन्, साम्प्रदायिक भेदभाव बढाउने सञ्चारमाध्यम हुन पुगे" भन्ने आरोप लगाए र त्यसबाट आक्रोशित सर्वसाधारणहरूले प्रेसमाथि आक्रमण गरेका हुन् भन्ने दलिल दिए। उता प्रेस जगतले मधेसी आन्दोलनकारीहरूले प्रेस जगतलाई स्वतन्त्र अभ्यासबाट विचलित पारी आफ्नो आन्दोलनको सहयोगी साधनमात्र बनाउन खोजेको निष्कर्ष निकाले र यसले आन्दोलनकारीहरूको नियतमाथि पनि प्रश्न खडा गर्‍यो।

यो विवाद दुवै पक्षका लागि अप्रिय रह्यो। प्रेस जगतमाथि "असमावेशी भएको, भेदभावको भावनाले ग्रस्त रहेको, पहाडिया सोचले काम गरेको, सूचना लुकाएको, सत्य–तथ्य सम्प्रेषण गर्ने धर्मबाट च्यूत भएको" जस्ता गम्भीर आरोपहरू लागे र यसले नेपाली प्रेस जगतको व्यावसायिक हैसियतमा नराम्रो चुनौती देखा पर्‍यो। यसैगरी मधेसका आन्दोलनकारीहरूमाथि "विचार तथा अभिव्यक्तिको स्वतन्त्रतामाथि आक्रमण गर्ने, स्वतन्त्र प्रेसलाई बलका भरमा दुरुपयोग गर्ने दुष्प्रयत्न गरेको र स्वतन्त्र प्रेसलाई निष्तेज पारेर आफ्नो विचारको एकोहोरो सन्देश जनताबीच पुर्‍याउन खोजेको" जस्ता आरोप लाग्यो। कतिपय प्रेसले राष्ट्रिय हित र आपसी एकताको वकालत गर्दा आक्रमण खेप्नु परेको सम्मको गुनासो गरेको पाइयो। पत्रपत्रिकाको बिक्री वितरण निषेध गरिएको, रिपोर्टिङमा खटिँदा पहाडिया मूलको भएकै कारण कुटाइ खाएको र स्थानीय पत्रपत्रिका प्रकाशन नै गर्न नसक्ने अवस्था सिर्जना भएको जस्ता समाचारहरू आई नै रहे। प्रेस स्वतन्त्रताका पक्षधरहरूले मधेसी आन्दोलनकारीहरूप्रति खेद प्रकट गर्दै विरोध जनाएको सम्मको अवस्था देखियो। यसबाट आन्दोलनकारी र प्रेस जगत दुवैको सामु सभ्य समाजको तर्फबाट गम्भीर प्रश्नहरू पनि तेर्सिए।

यो पृष्ठभूमिमा मधेस आन्दोलन र त्यस आन्दोलनका क्रममा मिडियाले खेपेको आक्रमण तथा मिडियाले गरेको कभरेजको विश्लेषण जरुरी ठानियो। प्रेस जगतको व्यावसायिकताको जाँचले मात्रै उपरोक्त आरोप-प्रत्यारोपको आधारहरू सही हुन-होइनन् निष्कर्ष निकाल्न सकिने भयो। त्यसैले फ्रिडम फोरमले मधेस आन्दोलनमा मिडियाको भूमिकाको गहिरो तथ्यपूर्ण अध्ययन र विश्लेषणको आवश्यकता महसुस गरी यो अध्ययन गराएको हो। अध्ययनका लागि अमेरिकी सहयोग नियोग (यूएसएआइडी) ले दिएको सहयोगप्रति हामी आभार प्रकट गर्दछौं। त्यसैगरी अध्ययनका क्रममा संलग्न हुनुहुने अनुसन्धानकर्ताहरू तथा विशेषज्ञ समूहप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछौं। साथै प्रकाशित/प्रसारित समाचार सामग्री उपलब्ध गराई अध्ययनमा सहयोग पुर्‍याउनुहुने सञ्चारमाध्यमहरूप्रति पनि हामी आभारी छौं।

यथार्थ यथार्थ नै हो र त्यस बेलाको मिडियाको भूमिकाको के कस्तो थियो, हामीले तपाईंहरूसामु प्रस्तुत गरेका छौं। वर्तमानलाई भन्दा पनि भविष्यलाई यसले एउटा डोरेटो प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

यो अध्ययन प्रतिवेदन नेपाली मिडियाको व्यावसायिक विकासका लागि र अधिकारकर्मीहरूलाई लोकतन्त्रका मूल्य-मान्यतालाई व्यवहारमा अवलम्बन गर्न थोरैमात्र झक्झक्याउन सक्यो भने हाम्रो प्रयास सार्थक भएको मानिने विश्वास राखेका छौं।

**तारानाथ दाहाल**
अध्यक्ष

# विषय सूची

**भाग एक**
प्रारम्भिक ९-१०

**भाग दुई**
मधेस आन्दोलनको
पृष्ठभूमि र परिवेश ११-२२

**भाग तीन**
मधेस आन्दोलनसम्बन्धी स्थलगत
अध्ययन २३-६८

**भाग चार**
मिडिया विषयवस्तुको
नमुना अध्ययन ६९-११२

**भाग पाँच**
निष्कर्ष र सुझाव ११३-१२७

**अनुसूचीहरू** १२८-१३९

# भाग

# एक

# प्रारम्भिक

## १. परिचय

हालैको मधेस आन्दोलन र त्यसले नेपाली सञ्चारमाध्यममा पारेको प्रभावका बारेमा अनुसन्धान गरी नेपाली सञ्चारमाध्यमलाई अझ बढी तटस्थ, निष्पक्ष, विश्वसनीय, सूचनामूलक र सामाजिक रूपमा जवाफदेहीपूर्ण बनाउन सघाउने उद्देश्यले फ्रिडम फोरमले मिडियामा मधेस आन्दोलन शीर्षकको यो अध्ययन गरेको हो ।

## २. पृष्ठभूमि

अन्तरिम संविधान २०६३ माघ १ गते जारी भएको भोलिपल्टदेखि सुरु भएको मधेस आन्दोलनले लहान घटनापछि तीव्र गति लियो । संघीय शासन प्रणाली, जनसंख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था अन्तरिम संविधानमा नै सुनिश्चित गरिनुपर्ने मधेस आन्दोलनको मुख्य माग थियो । आन्दोलनका क्रममा धेरैले ज्यान गुमाए, सयौं घाइते भए ।

आन्दोलन कै दौरान आक्रोशित समूहद्वारा दिवंगत नेता एवं साहित्यकारहरूको सालिक, प्रतिमा तोडफोड गर्ने, सरकारी कार्यालयमा आगजनी गर्नेलगायत निजी एवं सार्वजनिक सम्पत्तिको समेत व्यापक तोडफोड भयो ।

यसै सिलसिलामा सञ्चारकर्मी र सञ्चारमाध्यमहरूले पनि व्यापक अवरोधको सामना गर्नुपर्‍यो । सञ्चारगृहहरूमाथि हमला भयो । पत्रकारहरूले आक्रमण, धम्की, समाचार संकलनमा व्यवधानको सामना गर्नुपर्‍यो । माघ १ गते अन्तरिम संविधानको घोषणापछि सुरु भएको मधेस आन्दोलनका क्रममा माघ २४ गते सम्ममा पूर्वी र मध्य तराईका जिल्लामा मात्र १९ जना पत्रकारमाथि आक्रमण भयो । पत्रकार महासंघका पाँच कार्यालय र सञ्चार संस्थाहरूमा तोडफोड भयो, २३ जना पत्रकारले गम्भीर खालका धम्की र दुर्व्यवहारको सामना गर्नुपर्‍यो, १९ पत्रकारलाई कार्यस्थल छाड्न बाध्य बनाइयो, ५३ वटा प्रकाशन बन्द गरिए र सञ्चार संस्थाका १२ वटा सवारी साधन तोडफोड गरियो ।[1]

आन्दोलनको मुख्य आयोजक मधेसी जनअधिकार फोरमले सञ्चारकर्मी एवं सञ्चारमाध्यममाथि आक्रमण गर्ने कुनै उद्देश्य नभएको र त्यस्ता गतिविधिमा आफ्नो संलग्नता नभएको बताइरहँदा कार्यस्थलमा भने उनीहरूकै कार्यकर्ताबाट सञ्चारकर्मीहरूले अवरोध सामना गरिरहेका समाचारहरू आइरहेका थिए । राजधानीबाट प्रकाशित केही पत्रपत्रिकाहरूलाई त गौरलगायत कतिपय स्थानमा प्रतिबन्धित नै गरिएको समेत समाचारहरू आए ।[2]

यस्ता घटनाहरू घट्नुका पछाडि विभिन्न कारणहरू रहेका समाचारहरू सार्वजनिक भए । एकातर्फ आन्दोलनको क्रममा सही समाचार नदिएकाले सञ्चारकर्मीप्रति मधेसी जनता आक्रोशित भएको उनीहरूको भनाइ थियो । तर अर्कोतर्फ सञ्चारमाध्यमले निरन्तर आफ्नो व्यावसायिक धर्म निर्वाह गरिरहेको सञ्चारकर्मीहरू बताउँछन् । त्यस्तै घटनाहरूको बारेमा फरक-फरक धारणासहितका अध्ययन प्रतिवेदनहरू सार्वजनिक भए । यी सबै कुराहरूले सत्य कुरा बाहिर आउनुको सट्टा झन् अन्योल पैदा भयो ।

तसर्थ तराई आन्दोलनको क्रममा सञ्चारमाध्यमले खेलेको भूमिका, उनीहरूमाथि आक्रमण हुनुको कारणबारे स्वतन्त्र अध्ययन हुनु आवश्यक भयो । सञ्चारमाध्यमको तटस्थता, विश्वसनीयता तथा सामाजिक दायित्वसम्बन्धी भूमिकालाई अझ स्पष्ट रूपमा राख्न एवं व्यावसायिकतामा अभिवृद्धि गर्न, सञ्चारमाध्यमलाई समावेशीकरणको औजारका रूपमा विकसित गर्न, आन्दोलनका समयमा सञ्चार क्षेत्रले भोगेको पीडाको अध्ययन गरिनु आवश्यक देखियो । साथै भविष्यमा यस्ता प्रकृतिका घटनाहरू दोहोरिन नदिनका लागि चाल्नुपर्ने कदमहरूका बारेमा आवश्यक सुझावहरू प्राप्त गर्नका लागि पनि यो अध्ययन गर्नु परेको हो ।

---

१. मधेस जनजाति आन्दोलनमा नेपाली प्रेस, खिम घले, लोकतन्त्रको एक वर्ष, नेपाल पत्रकार महासंघ
२. द्रष्टव्यः नेपाल पत्रकार महासंघको प्रतिवेदन

## ४. अध्ययनको उद्देश्य

नेपाली मिडियाले मधेस आन्दोलनलाई कसरी समेटेको थियो र मधेस आन्दोलनको क्रममा मिडियामाथि किन आक्रमण भयो भन्ने कुराको वास्तविकता पत्ता लगाउनु नै यस अध्ययनको मूल उद्देश्य हो । यस अध्ययनबाट मधेसका मुद्दा र समाचारलाई उचित र आवश्यक महत्व नदिइएको, सत्यता, वस्तुपरकता, तटस्थता, निष्पक्षताजस्ता आवश्यक तत्वहरूलाई मधेसको रिपोर्टिङमा पर्याप्त ध्यान नदिइएको भन्ने आरोपको सम्बन्धमा अध्ययन गरी भविष्यमा कुनै पनि किसिमको द्वन्द्व निरुपणमा सञ्चारमाध्यमको भूमिका कस्तो रहनुपर्छ भन्ने विषयमा आवश्यक सुझावको अपेक्षा पनि राखिएको छ ।

अध्ययनको मूलभूत उद्देश्यहरू बुँदागत रूपमा यसप्रकार रहेका छन् ।

(क) मधेस आन्दोलनका क्रममा सञ्चारमाध्यमहरूले निर्वाह गरेको भूमिका तथा सञ्चारमाध्यममाथि भएका आक्रमणका कारणहरूबारे अध्ययन गर्ने,

(ख) आन्दोलनको क्रममा सञ्चारमाध्यम र सञ्चारकर्मीहरूको कामबारे श्रोता, दर्शक, पाठक र स्वयं आन्दोलनकारीहरूबाट उनीहरूको धारणा बुझ्ने,

(ग) घटनाको निष्पक्ष अवलोकन र विश्लेषण गरी भविष्यका लागि सुझाव पेस गर्ने ।

## ५. अध्ययनको सीमा

यस अध्ययनका केही प्राविधिक, भौगोलिक, समय एवं स्रोत सीमा रहेका छन् । यी सीमाहरूलाई ध्यान दिँदै यस अध्ययनको निष्कर्षलाई हेरिनुपर्ने हुन्छ । प्रस्तुत अध्ययन मधेस आन्दोलन भएका तराईका १५ जिल्लामा केन्द्रित भई गरिएको हो ।





अध्ययनले समेटेका जिल्लाहरू निम्नलिखित रहेका छन् ।

१) मोरङ २) सुनसरी ३) सिराहा ४) सप्तरी ५) धनुषा
६) महोत्तरी ७) सर्लाही ८) बाँके, ९) कपिलवस्तु,
१०) रूपन्देही, ११) नवलपरासी, १२) चितवन,
१३) बारा, १४) पर्सा र १५) रौतहट

यस अध्ययनको अर्को सीमाका रूपमा समय अवधि रहेको छ । यो छोटो समयमा गरिएको अध्ययन हो । अध्ययनको लागि लक्षित समूहहरूको अनुपातमा समूहगत प्रश्नावलीहरू नसोधिएको कारण धारणा संकलनमा केही अप्ठ्याराहरू आइपरे । मधेस आन्दोलनको क्रममा सबैजसो राजनीतिक दलका स्थानीय नेता, कार्यकर्ताहरूले आन्दोलनमा सहभागिता जनाए पनि केन्द्रीय तहबाट आन्दोलनप्रति ऐक्यबद्धता जनाइएन । तसर्थ आन्दोलनमा सहभागी भए पनि आफ्ना विचारहरू खुलस्त रूपमा राख्न स्थानीय राजनीतिक कार्यकर्ता तयार भएनन् । अर्कोतर्फ समय सीमाका कारण स्थानीय तहमा क्रियाशील राजनीतिक दलका सबै स्थानीय नेताहरूलाई छुट्टाछुट्टै भेट गर्न पनि सम्भव भएन । समय र मधेसमा विद्यमान परिस्थितिको कारण अपेक्षित रूपमा लैङ्गिक सहभागिता जुटाउन सम्भव भएन ।

गौर घटनापछि मुख्य आन्दोलनकर्ता मधेसी जनअधिकार फोरमका कतिपय जिम्मेवार नेताहरू भूमिगत रहे । यसले गर्दा पत्रकार, नागरिक समाज, राजनीतिक दलका कार्यकर्ताहरू जसरी फोरम र अन्य समूहका नेताहरूसँग सबै ठाउँमा अन्तर्क्रिया सम्भव भएन ।

आन्दोलनका क्रममा विस्थापित भएका केही पत्रकारहरूलाई सम्पर्क गर्न खोज्दा केही पत्रकारहरूसँग सम्पर्क स्थापित हुन सकेन भने केही सम्पर्कमा आउन चाहेनन् ।

## ६. अध्ययन विधि

यस अध्ययनमा तीन किसिमको विधिको प्रयोग गरिएको छ ।

(क) स्थलगत भ्रमण (Field Visit),

(ख) विषयवस्तु अध्ययन, (Content Study) र

(ग) तत्कालिक सर्वेक्षण (Rapid Response Survey) ।

स्थलगत भ्रमणअन्तर्गत मधेस आन्दोलनको प्रभाव रहेका तराईका पन्ध्रवटा जिल्लाहरूमा तीनजना अनुसन्धानकर्ताहरू रहनुभएको तीनवटा समूहले अध्ययन गरेको थियो । अध्ययनका क्रममा अनुसन्धानकर्ताहरूले स्थानीय सञ्चार संस्था तथा सञ्चारकर्मी, मधेसी आन्दोलनका कार्यकर्ताहरू, नागरिक समाजका सदस्यहरू, राजनीतिक दल तथा दलका कार्यकर्ताहरू र आमसञ्चार उपभोक्ताहरूसँग भेटघाट, छलफल तथा अन्तर्क्रियाका माध्यमबाट प्रतिक्रियाहरू संकलन गरेका हुन् ।

विषयवस्तु अध्ययनअन्तर्गत छापा माध्यम तथा विद्युतीय सञ्चारमाध्यमहरूमा प्रकाशित, प्रसारित समाचारलाई अध्ययन एवं विश्लेषण गरिएको छ । काठमाडौंबाट प्रकाशित हुने नेपाली भाषाको सरकारी दैनिक एक, नेपाली भाषाका निजी दैनिक पत्रिका दुई तथा अंग्रेजी भाषाको दैनिक पत्रिका एक, एवं मधेस आन्दोलन प्रभावित क्षेत्रबाट स्थानीयस्तरमा प्रकाशित हुने पत्रपत्रिका मध्येबाट उनीहरूको क्षेत्रगत पहुँच तथा वितरण संख्याका आधारमा १३ वटा दैनिक पत्रिकाहरू अध्ययनका लागि छनोट गरिएको थियो ।



अध्ययनका लागि छनोट गरिएका पत्रपत्रिकाहरू यसप्रकार छन् ।

**क) राष्ट्रिय दैनिक**

| | |
|---|---|
| गोरखापत्र | कान्तिपुर |
| अन्नपूर्ण पोस्ट | काठमाडौं पोस्ट |

**ख) स्थानीय दैनिक**

| | |
|---|---|
| पूर्व सन्देश (झापा) | उद्घोष दैनिक (विराटनगर) |
| ब्लाष्ट दैनिक (धरान) | राजविराज टुडे (सप्तरी) |
| जनकपुर टुडे (जनकपुर) | जनकपुर एक्सप्रेस (जनकपुर) |
| प्रतीक (वीरगन्ज) | अंकुश (वीरगन्ज) |
| पारदर्शी (चितवन) | जनसंघर्ष (बुटवल) |
| लुम्बिनी (बुटवल) | कालपृष्ठ (नेपालगन्ज) |
| नेपालगन्ज टाइम्स (नेपालगन्ज) | |

**ग) राजधानीबाट कार्यक्रम निर्माण र प्रसारण हुने रेडियो**

सोहीअनुरूप विद्युतीय सञ्चारमाध्यमअन्तर्गत निजी क्षेत्रका एफएम रेडियोहरूलाई लिइएको छ । काठमाडौंमा केन्द्रीय प्रसारण रही देशका विभिन्न भागमा नेटवर्क भएका रेडियोमध्ये

इमेज एफएम
कम्युनिकेसन कर्नरको कार्यक्रम र
नेपाल एफएम लिइएको थियो ।

**घ) स्थानीय एफएम रेडियो**

आन्दोलन प्रभावित क्षेत्रका ६ वटा एफएम स्टेसनहरू छनोटमा रहेका भए पनि अध्ययनका क्रममा सम्पर्क गर्दा केही स्टेसनहरूले प्रसारित सामग्री अद्यावधिक रूपमा नराख्ने गरेको पाइएकाले निम्नलिखित एफएमहरूलाई मात्र अध्ययनमा समावेश गरिएको छ ।

वीरगन्ज एफएम, वीरगन्ज
बुटवल एफएम, बुटवल
भेरी एफएम, नेपालगन्ज

ङ) **टेलिभिजन**

यसैगरी सरकारी टेलिभिजन च्यानल एक र निजी क्षेत्रको टेलिभिजन च्यानल एकमा प्रसारित सन्ध्याकालीन मुख्य समाचार बुलेटिनको विषयवस्तु अध्ययन गरिएको छ । यस अध्ययनमा

सरकारीमा नेपाल टेलिभिजन र
निजी क्षेत्रबाट कान्तिपुर टेलिभिजन समावेश छन् ।

अध्ययन टोलीले अध्ययनको क्रममा गरेको अन्तर्क्रिया, छलफल, कुराकानी र वस्तुगत अवलोकन र विषयवस्तुको विश्लेषणात्मक अध्ययन गर्दै, सर्भेक्षणबाट प्राप्त धारणालाई परिमाणात्मक रूपमा विश्लेषण गरी यो अध्ययन प्रतिवेदन तयार गरिएको छ ।

## अध्ययनमा संलग्न समूह

यो अध्ययन फ्रिडम फोरमले नेपाल प्रेस इन्स्टिच्युटको प्राविधिक सल्लाहमा सञ्चालन गरेको हो । अध्ययनको संयोजन इन्स्टिच्युटका अध्यक्ष गोकुल पोखरेल र फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहालले गर्नुभएको हो ।

यसैगरी चार जना वरिष्ठ विशेषज्ञहरूले अध्ययनका प्रारम्भिक सूचनाको विश्लेषण गरी यो प्रतिवेदन तयार पार्नुभएको हो । पत्रकारिता अध्यापनमा करिब तीनदशक सेवा गर्नुभएका र त्रिभुवन विश्वविद्यालय पत्रकारिता विभागको प्रमुखसमेत रहिसक्नुभएका प्राध्यापक लालदेउसा राई, रेडियो नेपाल र नेपाल टेलिभिजनका प्रमुख रहिसक्नुभएका वरिष्ठ सञ्चारविद् तपानाथ शुक्ला, वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी तथा वरिष्ठ साहित्यकार एवं लेखक रामदयाल राकेशको विशेषज्ञ समूहले स्थलगत अध्ययनबाट प्राप्त तथ्य तथा सञ्चार सामग्रीको अध्ययन दुवै सामग्रीहरूको विश्लेषण गर्नुभएको हो ।

स्थलगत अध्ययनका लागि मधेस आन्दोलन प्रभावित जिल्लाहरूलाई तीन समूहमा विभाजन गरी तीन-तीन जना अनुसन्धानकर्ताहरूको समूहले कार्य सम्पादन गरेको हो । पत्रकार, कानुन व्यवसायी, सामाजिक एवं राजनीतिक अनुसन्धानकर्ताहरू संलग्न समूह यसप्रकार रहेको छ ।



### क) पूर्वी क्षेत्र

नमस कार्की, अधिवक्ता
महेश्वर यादव, प्रमुख, क्षेत्रीय सञ्चार स्रोत केन्द्र, बुटवल
धर्मेन्द्र कर्ण, सञ्चारकर्मी

### ख) मध्य क्षेत्र

केदार सुवेदी, सञ्चारकर्मी
भोलानाथ ढुंगाना, अधिवक्ता
अतुल मिश्र, सञ्चारकर्मी

### ग) पश्चिम क्षेत्र

कृष्णमुरारी भण्डारी, सञ्चारकर्मी
प्रकाश अधिकारी, सञ्चारकर्मी
विमलेशकुमार ठाकुर, उप-प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

## सम्पादकीय सामग्री अध्ययनमा संलग्न अनुसन्धानकर्ताहरू

क. राष्ट्रिय दैनिक पत्रपत्रिका - श्री विष्णु शर्मा (ज्ञवाली) र कमलदेव भट्टराई

ख. स्थानीय पत्रपत्रिका - पत्रकारद्वय सोमनाथ लामिछाने र केदार भट्टराई

ग. टेलिभिजन - पत्रकारद्वय राजेन्द्रराज तिमल्सिना र सुरेन्द्र पाण्डेय

घ. रेडियो - पत्रकारद्वय हरिविनोद अधिकारी र अजय बम

यस अध्ययन कार्यक्रमको परियोजना व्यवस्थापन तथा अध्ययन प्रतिवेदनको सम्पादन फ्रिडम फोरमका तर्फबाट कार्यकारी निर्देशक अधिवक्ता सन्तोष सिग्देलले गर्नुभएको हो ।

यो अध्ययन फ्रिडम फोरमका लागि अमेरिकी सहयोग नियोग (USAID) को सहयोगमा सम्पन्न गरिएको हो ।

# भाग

# दुई

# मधेस आन्दोलनको पृष्ठभूमि र परिवेश*

## १. पृष्ठभूमि

नेपाल एउटा बहुजातीय, बहुभाषीय, बहुधार्मिक र बहुसांस्कृतिक देश हो । २०५८ सालको जनगणनाअनुसार यसमा १ सय १ जात-जाति, ९२ भाषा, १० किसिमका धर्मावलम्बी छन् ।

नेपालमा मधेसी समस्याको उठान धेरै अघिदेखि भएको हो । सन् १९५२ मा मधेसी समस्यालाई नेपाली तराई कांग्रेसले उठाएको थियो । तर उक्त आन्दोलनका सूत्रपात गर्ने मध्येका वेदानन्द झाजस्ता व्यक्तिहरूले तत्कालीन सत्तासित सम्झौता गर्दा आन्दोलन मत्थर भयो । त्यसपछि २०२४ सालमा रामराजाप्रसाद सिंहले स्नातक संगठनको अध्यक्ष पदको उम्मेदवारी टुँडिखेलको खुलामञ्चबाट दिएर मधेसी आन्दोलनलाई पुनःजीवित गर्ने प्रयास गरे । तर उनको आन्दोलनले हिंसात्मक बाटो समाउँदा जनाधार भने प्राप्त गर्न सकेन ।

लेखकको रूपमा रघुनाथ ठाकुरले मधेसको समस्यालाई ऐतिहासिक, सामाजिक, राजनीतिक र सांस्कृतिक सन्दर्भमा उठाउँदै बौद्धिक र राजनीतिक आधार प्रदान गरे । वि.सं. २०४६ मा प्रजातन्त्रको पुनःस्थापनापछि आर.डी. आजादले 'तराई जल रही है' किताब लेखेर यस आन्दोलनलाई निरन्तरता प्रदान गरे । सदियौंदेखिको दासता, दबाब, शोषण र उत्पीडनका कारण यो आन्दोलनले अग्रगति लिन

* यस भागको लेखन र विश्लेषण मधेससम्बन्धी विद्वान डा. रामदयाल राकेशबाट तयार पारिएको हो ।



सकेन । सन् १९८३ मा गजेन्द्रनारायण सिंहले नेपाल सद्भावना परिषद् र पछि सद्भावना पार्टीको स्थापना गरेर यस आन्दोलनलाई अघि बढाए । अहिले आएर मधेसी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव र सांसद जयप्रकाश गुप्ताले यस आन्दोलनलाई आफ्नो लेखन र भाषणबाट ऊर्जा प्रदान गरिरहेका छन् ।

## २. मधेस आन्दोलन केका लागि ?

२०६२-६३ सालको जनआन्दोलनपछि देशमा लोकतन्त्रको लहर फैलियो र मधेसीहरूले पनि उन्मुक्तिको अनुभव गर्ने थाले । तर अन्तरिम संविधानमा पुनः आफ्नो अधिकार कुण्ठित भएको अनुभव गरेपछि मधेसी समुदाय आफ्ना अधिकारका लागि आन्दोलित र आक्रोशित भए । २०६३ भदौ २६ गते १ सय जनाभन्दा बढी मधेसीहरू शान्तिपूर्ण ढंगले भद्रकालीबाट आफ्ना जायज मागसहितको तुल लिएर अगाडि बढिराखेको अवस्थामा प्रहरी दमन भयो । गृहमन्त्री कृष्णप्रसाद सिटौलाले माफी मागेपछि मात्र यो आन्दोलन मत्थर भएको थियो । लाठी प्रहारबाट घाइते मधेसीहरूको घाउ निको भयो तर उनीहरूको भावना र संवेदनामा गम्भीर चोट लाग्यो ।

नेपाल सद्भावना (आनन्दीदेवी) को आह्वानमा भएको नेपालगन्ज बन्दपछि उत्पन्न भएको तनावको क्रममा नेपालगन्जमा पुनः भएको घटनामा पनि मधेसीहरूसँग अमानवीय व्यवहार गरियो भन्ने गुनासो छ । प्रहरी प्रशासनको आडमा उनीहरूको घरपसल लुटियो र उनीहरूलाई घोर अपमानित गर्ने खालको अपशब्दहरूको प्रयोग गरियो भन्ने आरोप उनीहरूको छ । नेपालगन्ज घटनामा प्रहरीको गोलीबाट एक नागरिकको मृत्यु हुन गएपछि केही अवाञ्छित समूहले साम्प्रदायिक तनाव बढाउने चेष्ठा गरेको तथ्य उक्त घटनाको श्रव्यदृश्यांकन गरेर सार्वजनिक गरिएबाट स्पष्ट हुन्छ । मधेसीलाई पहाडियाले अत्याचार गरेको देखाउने गरी तयार पारिएको उक्त सिडी फिल्मलाई सम्पूर्ण मधेसमा खुलमखुल्ला प्रदर्शन गरियो । यो घटना नसेलाउँदै माघ १ गते २०६३ सालमा माइतीघर मण्डलामा अन्तरिम संविधान जलाउँदा मधेसी जनअधिकार फोरमका अधिकारकर्मीहरूलाई समातेर हनुमानढोका चौकीमा थुनियो । पुरुष र स्त्री मानव अधिकारकर्मीहरूलाई एउटै कोठामा राख्नाले मानव अधिकारको न्यूनतम मान-

मर्यादा पालना नगरिएको आरोप लगाइयो । पछि, संयुक्त राष्ट्रसंघीय मानव अधिकारको काठमाडौंस्थित उच्चायोगको हस्तक्षेपपछि यिनीहरूलाई सुत्ने र बस्ने व्यवस्था छुट्टाछुट्टै गरियो ।

## ३. प्रश्न पहिचानको

मधेसी समस्या राजनीतिक समस्या हो । मधेसीहरू आफूलाई पहिचानका आधारमा विभेद र पक्षपात गरिएको ठान्दछन् । अचेल समावेशी लोकतन्त्र र राज्यको पुनःसंरचनासम्बन्धी बहसहरूमा मधेस र मधेसीका मुद्दाहरू मुख्य रूपमा उठ्ने गरेका छन् । यसै परिप्रेक्ष्यमा मधेसी मुद्दामा अध्ययन एवं अनुसन्धान गर्दै आउनुभएका समाजशास्त्री, नृत्वशास्त्री र मानवशास्त्रीहरूले प्रस्तुत गर्नुभएको अवधारणा विश्लेषण र विवेचना संक्षेपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । सर्वप्रथम सन् १९६० को दशकमा Fredric Gaige (१९७५-२३) ले नेपालमा क्षेत्रीय चिनारीको निर्माण हुन थालेको संकेत गरेका थिए । उनले भविष्यवाणी नै गरेका थिए कि मधेसमा नेपालीकरणको प्रक्रियाको विरुद्धमा त्यहाँका बासिन्दाले कुनै दिन विद्रोह गर्ने छन् । उनले आफ्नो ग्रन्थ Regionalism and National Unity in Nepal मा यस्तो विचार व्यक्ति गरेका थिए । अहिले राज्यविरुद्ध लड्नका लागि मधेसी भन्ने साझा चिनारीलाई राजनीतिक हतियारको रूपमा प्रयोग गरिएको छ ।

सन् १९९० को दशकमा आएर मात्र मधेसी बुद्धिजीवी, राजनीतिक नेता, सामाजिक कार्यकर्ता र विभिन्न विद्यार्थी संगठनहरूले मधेसीहरूको समस्यालाई दृढतापूर्वक प्रस्तुत गर्न थालेका हुन् । प्राचीन इतिहासको आधारमा मधेसीहरूले आफू प्राचीनकालदेखि नै मधेसमा बस्दै आएको, आफू धर्तीपुत्र भएको र आफू आदिवासी भएको दाबी गर्दै आएका छन् । जहाँसम्म मधेसका विभिन्न समूहहरूबीचको सम्बन्ध छ, ती सबैलाई गोर्खालीहरूको आगमनपछि राज्यले विभेद गरेको भन्दै साझा इतिहासका आधारमा एकीकृत गर्ने प्रयास गरिएको छ ।

तराईमा स्थानीय संस्कृति र भाषाका आधारमा दुई वटा तहमा स्थानीय चिनारीलाई सुदृढ बनाउने अभियान चलेको छ । एक तहमा पहाडिया संस्कृतिलाई अस्वीकार



गर्ने र अर्को तहमा विगतको गौरवको पुनः आविष्कार गर्ने । उनीहरूको इतिहास र संस्कृतिका आधारमा आफ्नो चिनारीलाई सुदृढ बनाएका छन् । यस प्रक्रियालाई मधेसीहरूको *अभारतीयकरण* भन्न सकिन्छ । तराईका मानिसहरूले आफू भारतसँग सम्बन्धित नभएकोमा जोड दिएकोमा पनि यो कुराको पुष्टि हुन्छ । (*लोकमतको खोजी पृष्ठ १४१*)

## ४. मधेस कि तराई ?

अहिले आएर 'मधेस' कि 'तराई' प्रयोग गर्ने भन्ने बारेमा पनि विवादको सुरुवात भएको छ । वास्तवमा 'तराई' शब्दले क्षेत्रगत भूखण्ड जनाउँछ भने 'मधेस' ले 'सांस्कृतिक पहिचान' लाई जनाउँदछ । मधेस शब्द देशको

---

**मधेसको परिचय**

मध्य देशबाट छोटकरीको जनबोलीमा मधेस शव्द उत्पन्न भएको हो । यसको भौगोलिक अवस्थिति शिवालिक पहाडदेखि भारतको उत्तरप्रदेश राज्यको विन्ध्याचल पहाडसम्मको सम्पूर्ण समथर भू-भाग हो । प्राचीनकालमा यस भूखण्डभित्र अनेक राज्यहरू थिएः कोशल, मिथिला, वैशाली, काशी, तिरहुत र कर्नाट आदि । यस विस्तृत मैदानी भूभागमा बस्नेहरू मधेसी भए तर भारततर्फको चर्चित भूभागमा बस्नेहरूले आफूलाई मधेसी भनेर चिनाउने चलन छैन् ।

वर्तमान गंगा नदीको उत्तरी भूभागमा एक समयमा टेथिस सागर थियो । पामिर उच्चभूमिदेखि पूर्वतिर र हिन्दु कुश पर्वत शृंखलादेखि हिमालय र महाभारत तथा चुरिया पर्वतको तीन शृंखलाहरूको उद्‍भवपछि मेची, सप्तकोसी, सप्तगण्डकी, सप्तकर्णालीसहित अनेकानेक साना तथा ठूला नदीहरूद्वारा गंगा किनारसम्म अत्यन्त उर्बर समथर, मैदानको निर्माण भयो । चुरिया पर्वत शृखलाको दक्षिण चारकोसे झाडी नामक सदावहार जंगल विकसित भयो जसको अहिले नामोनिसान छैन । यसै सदावहार जंगलसँगै भारतीय सीमा क्षेत्र (पं. बंगाल, बिहार, उत्तरप्रदेश) को गंगा यमुना उर्बर मैदानी भूभागलाई मधेस भनियो । चुरिया पर्वत शृंखला र गंगा-यमुना किनारको बीचमा बस्नेहरूलाई 'मध्यदेशीय' या मधेसी भनी नेपालीहरूले सम्बोधन गर्न थाले ।

**ऐतिहासिक :**

निरापद र सुखद जीवनको खोजीमा भारतका विभिन्न भागहरूबाट उत्तरतिर स्थानान्तरण बढ्दै गयो । त्यसै सन्दर्भमा उत्तर प्रदेशबाट कर्णाली प्रदेशमा प्रवेश गर्नेहरूले खस राज्यको स्थापना गरे । राजस्थानको मेवाड क्षेत्रबाट राजपूत राजाहरूले बाईसी र चौबीसी राज्यहरूको स्थापना गरे । शाह वंशीय र राणा वंशीयको आगमन पनि मेवाडबाटै भएको देखिन्छ । बिहारको बैसाली क्षेत्रबाट आएका सामान्तहरूद्वारा लिच्छवि राज्यको स्थापना भएको पाइन्छ । कर्नाट वंशीय, सूर्य वंशीय राजा नान्यदेवले सिमरौनगढमा डोय तिरहुत राज्यको स्थापना गरे । यसै वंशका अन्तिम राजा हरिसिंहदेव गयासुद्दीन तुगलकको आक्रमणको डरले तुलजा भवानी (कुल देवता) आफ्नी रानी देवलक्ष्मी र छोरासहित भागेर भक्तपुरमा पुगे । पछि यसै वंशका एउटा राजा जयस्थिति मल्ल इतिहास प्रसिद्ध भए । यस्तै बंगालका सेन वंशीहरूले पाल्पा र मकवानपुरमा सेनवंशी राज्यको स्थापना गरे ।

अन्तरिम संविधानमा समेत उल्लेखित भइसकेको छ र यसलाई अहिले अन्तर्राष्ट्रिय मान्यता पनि प्राप्त भइसकेको छ । यस्तो स्थितिमा तराई कि मधेसको सवाल आइराख्नु त्यति उपयुक्त देखिंदैन । मधेसीको आफ्नो एउटा प्राचीन जातीय सांस्कृतिक पहिचान स्थापित भइसकेको छ । तथापि मधेस र मधेसीका बीचमा भने संविधानतः फरक छ । नेपालका झापादेखि कञ्चनपुरसम्मका दक्षिण क्षेत्रका सबै जिल्ला मधेस मानिन्छन् भने मधेसी समुदायका रूपमा त्यहाँका सबै बासिन्दालाई लिएको छैन । करिब ३३ प्रतिशत नेपाली 'मधेसी' मानिन्छन् । मधेसीहरूको आफ्नो रंग, सभ्यता, संस्कृति र भाषा छ । आ-आफ्नो मूलअन्तर्गतको मौलिक विशेषता,

---

**राजनीतिक :** काठमाडौं उपत्यकाका तीनवटै राज्यहरूमा मल्लकालमा मधेसी मूलका मैथिलीहरूको वर्चस्व थियो । ज्योतिष, तन्त्रमन्त्र, कलाकौशल, साहित्य, नृत्य संगीत, नाट्यशाला, औषधि उपचार आदिमा मैथलीहरूको संलग्नता थियो ।

**भाषाः** राष्ट्रिय जनगणनानुसार (CBS) १२.३३% मानिसहरू मैथिली भाषाको प्रयोग गर्दछन् । पूर्वमा कोसीदेखि पश्चिममा वाग्मतीसम्म यो भाषा बोल्ने गरिन्छ । मोरङ, सुनसरी, सिराहा, धनुषा, तथा महोत्तरी मुख्यतः मैथिली भाषाभाषी क्षेत्र हुन् भने सर्लाही र रौतहटको सीमावर्ती क्षेत्रहरूमा बज्जिका भाषाको प्रयोग गरिन्छ । बारा र पर्सा जिल्लामा भोजपुरीभाषा बोलिन्छ । यस्तै नवलपरासी, रूपन्देही, कपिलवस्तु, बाँके, बर्दिया कैलाली कञ्चनपुरको मुख्य भाषा आवधी छ । यी जिल्लाहरूमा बसोबास गर्ने थारूहरूको भाषा थारू हो । यस्तै मोरङ, झापाका आदिवासीहरूको भाषा क्रमशः मैथिली र राजवंशी हुन् । सम्पूर्ण मधेस क्षेत्रमा हिन्दीले सर्म्पक भाषा (link language) को काम गर्छ ।

**कलाकौशल :** सम्पूर्ण मधेसमा मैथिलहरूको मैथिली कला, भोजपुरीहरूको भोजपुरी कला, र थारूहरूको थारूकला, परम्परागत (traditional) रूपमा प्रसिद्ध छ। यिनीहरूमध्ये मैथिली लोककला अचेल विश्वमा लोकप्रिय हुँदै गएको छ ।

**गीत–संगीत :** मैथिल कोकिल महाकवि विद्यापतिका लोकप्रिय गीतहरू मिथिलाञ्चलमा मात्र होइन सम्पूर्ण काठमाडौं उपत्यकामा प्रचलित एवं प्रसिद्ध छन् । यी गीतहरूमा श्रृंगार गीतको प्रधानता छ भने भक्तिरसले पनि भरिपूर्ण छन् । विद्यापत्तिको गीत बाहेक मैथिली लोक गीतहरूजस्तै सोहर, मुंडन, जनेउ (उपनयन), लग्नगीतहरू (विवाहका) नचारी, समदाउनी, झुमर फगुआ (फागुअी), चेतावार, मधुश्रावनी, छठ, नागपञ्चमी, शीतलमाईको गीत, गोधन, गोबर्द्धन, पूजा, बारहमासा, छौमासा, चौमसा, समाचकेवा, जट-जटिन, डोमकछ, सलेस, झिर्झिया, श्रमगीत, लोरिकाइन, धनरोपनी, धनकटनी, आदिको लोकगीत प्रसिद्ध छन् ।

**धार्मिक स्थलहरू :** बराह क्षेत्र (सुनसरी), छिन्नमस्ता भगवती (सप्तरी), धनुषाधाम (धनुषा), जनकपुरधाम, जलेश्वर महादेव (महोत्तरी), माईस्थान (वीरगन्ज), विन्ध्यवासिनी (पर्सा), गढीमाई (बारा) र लुम्बिनी आदि ।

**पेसा :** कृषि ८५ सेवा १० विशेषतः शिक्षा सेवा, उद्योग ३ निजी व्यवसाय १ मा मधेसीहरूको संलग्नता देखिन्छ । धार्मिक कार्यमा संलग्न १ (साधु-सन्त, महन्त, ओझा, मगता, पीर, मौलवी) ।

**स्वाभाव :** मधेसीहरू शान्तिप्रिय , सरल, सरस, सहज, समावेशी एवं लोकतन्त्रवादी हुन्छन् ।



उठबस, खानपिन सबै एकै खालको छ । सामाजिक मान-मर्यादा, संस्कार, जीवनशैली, मधेसीहरूको बीचमा एकै प्रकारको छ । यिनीहरूको भाषा, गीत-संगीत, धार्मिक अनुष्ठानसम्बन्धी मान्यता फरक-फरक भए तापनि धेरै हदसम्म समान हुन्छ । केही लोकपर्वहरूमा अहिले अन्य समुदायको सहभागिता पनि देखिन्छ तर पनि मधेसीहरूको मुख्य लोकपर्व, मधुश्रावणी, छठ, भैयाइज, झिझिया, जटु-जटिन, समाचकेवा, डोमकछ, बरसाइत, गोसाईं भजनसम्म दस (दशहरा), लक्ष्मीपूजा, फागु र जुडःशीतल आदि सर्वथा भिन्दै किसिमले मनाइन्छ ।

"मधेसका मानिसहरूले मधेसी पहिचानका आधारमा सामाजिक, आर्थिक र राजनीतिक हक पाउनुपर्छ भन्ने माग उठाउँदा कसलाई मधेसी भन्ने भनेर प्रश्न उठाउने गरिन्छ । वास्तवमा समग्र नेपालकै मधेसको संरचना पनि बहुभाषिक, बहुधार्मिक र बहुजातीय प्रकारको छ । तर जीवनयापनका प्रक्रिया तथा परम्परागत बसोबासको एकल क्षेत्र एवं सांस्कृतिक सहकार्यका आधारमा जुनसुकै भाषा, धर्म र अनुहारको मधेसी भए पनि तिनीहरू पहाडी मूलकाभन्दा पृथक र मधेसीका रूपमा सदृश्य हुन् । ऐतिहासिक मानव बसोबासको क्षेत्रका लागि यथार्थमा तराई होइन मधेस वास्तविक सम्बोधन हो । यसमा थारू, मुसलमान, जनजाति समूहमा पारिएका अनुहारहरू, हिन्दु, बौद्ध र जैन धर्म मान्ने मधेसी हुन् ।

समाजशास्त्री डिल्लीराम दाहालका अनुसार नेपाल तराईका मधेसीहरूमा चारवटा समूहका मानिसहरू पर्छन् । पुस्तौं-पुस्तादेखि बसोबास गर्दै आएका र आफूलाई आदिवासी भनेर चिनाउन खोज्ने थारू, धिमाल, गनगाई, झाँगड, दनुवार, कोचे, राजवंशी, आदि जनजातिहरू पहिलो समूहमा पर्छन् । हिन्दु वर्ण व्यवस्थाभित्र माथिल्लो तहमा पर्ने मैथिल ब्राह्मण, भूमिहार, राजपुत, कायस्थ, यादव आदि देखि पानी नचल्ने खत्वे, मुसहर, दुसाद, चमार, डुम आदि जातहरू दोस्रो समूहमा पर्छन् । तेस्रो समूहमा व्यापार तथा अन्य पेसामा संलग्न माडवारी, बंगाली, शीखजस्ता भारतीय मूलका समुदायलाई लिन सकिन्छ र, चौथो समूहमा मुसलमान समुदाय पर्दछन् ।

## ३. मधेसमा सञ्चारमाध्यमको पहुँच र विकास

२०४६ सालको जनआन्दोलनको फलस्वरूप निरंकुश पञ्चायत व्यवस्थाको अन्त्य भएदेखि पछिल्लो अवधिमा नेपालमा आमसञ्चार माध्यमहरूको पहुँच धेरै गुना बढेको छ । यस क्रममा २०४९ को सञ्चार नीतिले प्रेसलाई उद्योगको मान्यता दिएपछि सञ्चारमाध्यमको विकासले तीव्रता पाएको हो । खास गरेर नेपालको संविधान २०४७ मा व्यवस्था गरिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पूर्ण प्रत्याभूतिले प्रेसमा निजी लगानीले फस्टाउने अवसर पायो ।

२०६२/६३ को जनआन्दोलन-२ पछि जारी भएको अन्तरिम संविधानमा पनि प्रेससम्बन्धी स्वतन्त्रताका प्रावधानहरूलाई कायम मात्र गरिएको छैन बरु यसलाई राज्यको हस्तक्षेप हुनबाट बढी सुरक्षित पार्ने प्रावधानहरूको व्यवस्था गरिएको छ । यस्तो व्यवस्थाबाट मुलुकभर एफएम, रेडियो, टेलिभिजन र पत्रपत्रिकाहरू तथा आधुनिक अनलाइन सञ्चारमाध्यमहरूको सञ्जाल फैलनमा सहयोग पुगेको छ । २०६३ सालको प्रेस काउन्सिल नेपालको प्रतिवेदनअनुसार २०४६/४७ सालमा कुल पत्रपत्रिकाहरूका सङ्ख्या ५ सय १५ थियो भने २०६२/६३ मा यो संख्या बढेर २ हजार २ सय ५३ पुगेको छ । नियमित पत्रपत्रिका झन्डै २ सय ७९ जति प्रकाशित छन् । नेपालको करिब आधाजसो जनसंख्या अशिक्षित भएको पृष्ठभूमिमा छापामाध्यमको पहुँचको सीमालाई एफएम रेडियो प्रसारण माध्यमहरूको सुलभताले उछिनेको छ । २०५४ सालमा निजी क्षेत्रमा पहिलो एफएम प्रसारणको स्थापनापछि १० वर्षको अवधिमा २ सय ४ वटा रेडियो स्टेसनहरू अस्तित्वमा आएका छन् । *(सूचना तथा सञ्चारमन्त्रालयको अध्ययन प्रतिवेदन, २०६४)* नेपालका ७५ जिल्लाको अनुपातमा यो संख्या प्रतिजिल्ला १.५ प्रतिशत हुन जान्छ । यथार्थ के छ भने एफएम रेडियो स्टेसनहरूमा नियमित विद्युत् आपूर्ति हुन बाँकी रहेका जिल्लामा रेडियो स्थापना हुनै बाँकी रहेका छन् । रेडियो प्रसारणको विकासलाई निजी स्वामित्वमा छाडिएकाले कतिपय जिल्लामा सात वटासम्म रेडियो प्रतिस्पर्धामा कार्यरत छन् भने कतिपय जिल्लामा एउटा पनि छैन । २०६३ सालसम्म लाइसेन्सप्राप्त गरी सञ्चालन योग्य ८१ रेडियो संस्थामध्ये २० वटा तराई क्षेत्रमा कार्यरत छन् । (तालिका १)



**तालिका १**

| सि.नं. | जिल्ला | रेडियो स्टेसनको | दैनिक समाचार | साप्ता |
|---|---|---|---|---|
| १ | रूपन्देही | ४ | ४ | ३ |
| २ | नवलपरासी | १ | १ | |
| ३ | पर्सा | २ | ५ | ५ |
| ४ | बारा | १ | | ६ |
| ५ | धनुषा | ४ | ६ | ३ |

*स्रोत : www.moic.gov.np तथा भ्रमण टोलीको प्रत्यक्ष जानकारी*

चितवन, दाङ, झापा, बर्दिया, कैलाली र कञ्चनपुरलाई पनि यस अध्ययनमा समेटिएको छैन । यी जिल्ला संविधानतः मधेस क्षेत्र हुन् तर ती जिल्लामा मधेसी आन्दोलनको प्रभाव देखापरेको छैन ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनपछि मुलुकमा लोकतन्त्रको स्थापना, जनतालाई सार्वभौम बनाउने अभियान, जातीय तथा भेदभावहरूको उन्मूलनजस्ता मुद्दाहरू उठाएर व्यापक जनचेतना बढाउनमा गाउँ-गाउँसम्म विकसित भएका रेडियो र पत्रपत्रिकाको सञ्जालहरूले महत्वपूर्ण योगदान गरेको छ ।

जनआन्दोलन यताको अवधिमा मधेसी समुदायको बाहुल्य रहेका जिल्लाहरूमा सञ्चार साधनहरूको वितरण स्थिति यसप्रकार छ ।

प्रेस काउन्सिलको प्रतिवेदनअनुसार २ सय ७९ पत्रपत्रिकामात्र नियमित रूपमा प्रकाशित भएका छन् । तर समष्टिगत रूपमा हेर्दा तराईका १२ जिल्लामा २७ वटा एफएम रेडियो स्टेसनहरू, १७ जिल्लामा ४८ दैनिक समाचारपत्र, १ सय ४३ साप्ताहिक र २६ पाक्षिक पत्रिका गरी कुल २ सय ४४ सञ्चारमाध्यमहरू सञ्चालनमा आएको देखिन्छ । प्रतिशतको हिसाबले हाल प्रचलनमा आएका कुल ८० स्टेसनमध्ये २७ वटा रेडियो तराई क्षेत्रमा रहेकाले करिब ३० प्रतिशत हुन्छ भने पत्रपत्रिकाको अनुपात करिब १० प्रतिशत हुन जान्छ । तर यो पनि यर्थाथ हो कि प्रकाशित भएका कुल पत्रपत्रिकामध्ये ४० प्रतिशत जति काठमाडौं उपत्यकाका तीन जिल्लामा मात्र प्रकाशित हुन्छन् । केही अर्ध साप्ताहिक पत्रिकाहरूलाई समेटिएको छैन । कपिलवस्तुमा अहिलेसम्म कुनै पत्रपत्रिका, रेडियो स्टेसन दर्ता भएका छैनन् । तर सीमावर्ती जिल्लाका सञ्चारमाध्यमहरूको पहुँच भने छ । स्थानीय सञ्चारमाध्यमहरूको विकास र प्रसारबाहेक राष्ट्रिय माध्यमहरू रेडियो नेपाल, कान्तिपुर एफएम, नेपाल टेलिभिजन, कान्तिपुर टेलिभिजन, नेपाल वान, इमेज च्यानल, च्यानल नेपाल, कान्तिपुर दैनिक, नेपाल समाचारपत्रजस्ता माध्यमहरूको पहुँचमा पनि निकै विस्तार भएको छ । स्वदेशी सञ्चारमाध्यमबाहेक खुला सीमा पारबाट सहजै प्राप्त हुने रेडियो तथा टेलिभिजन कार्यक्रमहरू तथा पत्रपत्रिकाहरूले पनि जनधारणा निर्माणमा ठूलो प्रभाव पार्छन् । केही वर्षयता भारतका राष्ट्रिय तथा क्षेत्रीयस्तरका समाचारपत्रहरू, उदाहरणका लागि, दैनिक जागरण, हिन्दुस्तान, नवभारत टाइम्स, अमर-उजाला, जनसत्ता र पञ्जाव केशरी आदिको वितरण र पहुँच व्यापक हुँदै गएको छ ।



मधेसी आन्दोलनको परिप्रेक्ष्यमा नेपाली र सीमापारिका भारतीय सञ्चारमाध्यमहरूले आन्दोलनका क्रममा उठाएका मुद्दा, घटनाहरूको प्रस्तुति, प्रभाव र देखिएका त्रुटि कमजोरीहरूलाई तुलना गरेर विवेचना गर्ने अवसर सीमा क्षेत्रका बासिन्दाले पाए । तसर्थ आमसञ्चार माध्यमहरूको प्रभावबारे अध्ययन गर्दा यस तथ्यलाई पनि सञ्चारविज्ञहरूले गम्भीरताका साथ मनन गर्नुपर्ने भएको छ ।

# भाग

# तीन

# मधेस आन्दोलनसम्बन्धी स्थलगत अध्ययन

## १. कार्यविधि

मिडियामा मधेस आन्दोलन अध्ययनका लागि प्रयोग गरिएको विभिन्न तीन विधिमध्ये स्थलगत अध्ययन पनि एक हो । अध्ययनका लागि छुट्याइएका तराईका पन्ध्र जिल्लामा स्थलगत अध्ययनका लागि तीन जना अनुसन्धानकर्ताहरू रहेको तीनवटा समूहको निर्माण गरिएको थियो । छनोटमा परेका जिल्लाहरूलाई पश्चिम क्षेत्र, मध्यक्षेत्र र पूर्वी क्षेत्रमा छुट्याई एक-एक क्षेत्रमा एक-एक समूहलाई स्थलगत अध्ययनका लागि पठाइएको थियो ।

तराईका घटनाहरूको यथार्थ जानकारी प्राप्त गर्न र अनुसन्धानलाई विश्वसनीय बनाउन अध्ययनका क्रममा अनुसन्धानका विभिन्न प्रक्रिया र विधिको प्रयोग गरियो । जसमध्ये यो अध्ययनको क्रममा छनोट गरिएका मूलभूत विधि र प्रक्रियाहरूलाई निम्नबमोजिम बुँदागत रूपमा हेर्न सकिन्छ -

(क) **लक्षित समूह छलफलः** विभिन्न सञ्चार उपभोक्ता, सञ्चारकर्मी, आन्दोलनकारी, नागरिक समाज, पेसागत समूह, स्थानीय राजनीतिक कार्यकर्ताहरूलगायतका लक्षित समूहसँग छलफल ⁄अन्तर्क्रिया ।

(ख) **सर्वेक्षणः** निश्चित प्रश्नावलीयुक्त फाराममार्फत लक्षित समूहको धारणा संकलन ।

(ग) **अवलोकनः** घटनास्थलको स्थलगत भ्रमण ।

(घ) **अन्तर्वार्ता :** सरोकारवाला व्यक्तिहरूसँग गरिएको खुला छलफल, अन्तर्वार्ता ।



## २. घटनाक्रमको विश्लेषण

### २.१. पश्चिम क्षेत्र

#### पृष्ठभूमि

देशमा शान्ति स्थापनार्थ सहकार्य गर्दै आएको, मंसिर २९ गते पुनःस्थापित संसद्बाट गठित नेपाल सरकारमा प्रतिनिधित्व रहेको र अन्तरिम संविधान निर्माणमा सहभागीसमेत भएको आठ राजनीतिक दलमध्येको एक नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले अन्तरिम संविधान जारी भएपश्चात् उक्त संविधानप्रति असहमति जनायो ।

संविधानमा आफ्नो पार्टीले प्रारम्भदेखि नै माग गर्दै आएको जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण र संविधानसभामा मधेसी समुदायको प्रतिनिधित्वको कुरा नसमेटिएको भन्दै सो दलले २०६३ पुस ९ का दिन पूर्वी तराई बन्दको कार्यक्रम सार्वजनिक गर्‍यो ।

पुस ९ को बन्द शान्तिपूर्ण भएपछि पुनः पुस १० गते पूरै तराई बन्दको कार्यक्रम राख्यो । सो दिन बन्दको कार्यक्रम सकिएपछि सभा बिसर्जनका अवधिमा नेपालगन्जमा पार्किङ गरिराखेका मोटरहरू तोडफोड भए । आयोजकहरूकै अनुसार बन्द बिफल बनाउन केही किया मोटर र ट्याम्पो चलाउन खोजिएको थियो, तिनलाई बिन्ति भाऊ गरेर फर्काउन बाध्य पारियो । अघिल्लो दिनको जुलुस र आमसभामा त्यति भड्किला नारा लागेका थिएनन् । भोलिपल्ट, तोडफोडमा परेका सवारी साधन धनीहरूले क्षतिपूर्तिको माग राखे । प्रमुख जिल्ला अधिकारीकहाँ क्षतिपूर्ति र स्थिति नियन्त्रणको निम्ति बन्द आह्वानकर्ता सद्भावना आनन्दीदेवी र अन्य दलहरूको बैठक बसिरहेको थियो । अन्य दलका तर्फबाट तोडफोडको जिम्मेवारी सकार्न र क्षतिपूर्ति कबुल गर्न सद्भावनालाई दबाब पर्‍यो । साम्प्रदायिक नाराहरूसँगै स्थिति उत्तेजक बन्यो । नियन्त्रणका लागि चलाएको प्रहरीको गोलीबाट कमल गिरीको मृत्यु भयो । त्यसपछि नेपालगन्जमा निरन्तर चार दिनसम्म कर्फ्यु लाग्यो ।

**(क) बाँके**

पुरानो बजार खासगरी सदर लाइनमा मुस्लिम समुदायको संख्या ज्यादा रहेको र यसअघि पनि साम्प्रदायिक दंगा भएको विगतका उदाहरण छन् । वि.सं. २०५४ सालमा पनि नेपालगन्जमा साम्प्रदायिक दंगा भड्किँदा धनजनको क्षति हुन गएको थियो । नेपालगन्जको यो वास्तविकतालाई नयाँ पुस्ताका पत्रकारहरूले त्यति ख्याल राखेको पाइँदैन । पुस ११ कै घटनाको सिंहावलोकन गर्दा पनि केही पत्रिकामा साम्प्रदायिक सद्भाव कायम गर्नेमा भन्दा बिगार्न सघाउने खालका फोटोहरू, (क्याप्सनसहित) प्रकाशित भएका देखिन्छन् । सत्यपत्र दैनिक र बागेश्वरी एफएमले १०-११ गतेका बुलेटिनमा महेन्द्र क्याम्पस होस्टल र मस्जिदमा आगलागी भएका समाचार प्रकाशन गर्दा एकल स्रोतमा विश्वास गरेको, कतिपयमा प्रकाशक वा लगानीकर्ताको प्रभावमा परी अर्कोपक्षलाई दोषी देखाउने प्रयास गरेको र तथ्यहीन सामग्री प्रकाशन-प्रसारण भएको देखियो ।

सामाजिक जवाफदेहितासहित सत्य, तथ्य र निष्पक्षताजस्ता पत्रकारिताका आधारभूत मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन गर्न नसक्दा ११ पुसको घटनापछि पत्रकारहरू आन्दोलनकारीका प्रत्यक्ष-अप्रत्यक्ष तारो बनेका छन् । नेपालगन्ज घटनालाई केलाउँदा, कतिपय अवस्थामा पत्रकारहरूले विगतमा आफ्नो कलम घुमाइको नकारात्मक असर बेहोर्नु परेको देखिन्छ । कमल गिरीको मृत्युसम्बन्धी विषयले मधेसी समुदाय र पत्रकारहरूबीचको विश्वासको दूरी बढायो । आन्दोलनकारी सद्भावना र मधेसी समुदायहरूले तत्कालीन सई प्रमोद केसीलाई गोली प्रहार गरेको आरोप लगाए भने, पत्रकारहरू उनको बचाउको पक्षमा देखिए । सई केसीले विगतमा पहाडीमूलका सहायक सीडीओकी छोरी लिएर बेपत्ता भएका मधेसी मूलका व्यापारीलाई खोजी, कन्या फिर्ता गराउन विशेष भूमिका निर्वाह गरेको प्रसँगमात्र होइन, उनी संलग्न दल जोगाउन पनि कलमको दुरुपयोग भयो भन्ने कुरा उठेको छ ।



## सञ्चारमाध्यम र पत्रकारमाथि आक्रमण

नेपालगन्ज घटनाको क्रममा पुस ११ मा प्रभात देवकोटाले चढेको सोम थापाको मोटरसाइकल जलाइएको छ । आन्दोलनकारीहरू उनको सम्पादकत्वमा निस्कने सत्यपत्रको समाचार, फोटो र क्याप्सनबाट आक्रोशित देखिन्थे । पत्रकार भन्दाभन्दै आन्दोलनकारीले पहिले पहाडिया हो, त्यसपछि मात्र पत्रकार हो भन्ने जवाफ दिए । क्याराभान कटेज रेस्टुराँ र लायन्स भ्यान तोडफोडको समाचार छापिएपछि 'जनसन्देश' को कार्यालय घेरियो । 'बन्दको नाममा तोडफोड' भन्ने सत्यपत्रको समाचारप्रति असन्तुष्टि जनाउँदै केही आन्दोलनकारीले पत्रिका जलाएका थिए ।

आफ्नो वैतनिक संवाददाताहरू कम भएका र कर्फ्युको समयमा पनि समाचार बुलेटिन दिनुपर्ने बाध्यताका कारण एफएम रेडियो स्टेसनहरूले एकल स्रोतमा भर गर्नुपर्‍यो, आन्दोलनका समयमा यी स्रोतहरू नै पूर्वाग्रही देखिए । नेपालगन्जमा फागुन १४ मा भएको माओवादी समर्थित मुस्लिम मोर्चाको अधिवेशनमा माओवादी नेताले पत्रकारहरूलाई अमेरिकी राजदूतका दूत र विदेशी दलालको संज्ञा दिँदै 'डलरमा बिक्ने' भनी गालीसमेत गरेका थिए ।

यसैबीच बद्रीमण्डलको सद्भावना पार्टीका रामकुमार दीक्षितले नेपालगन्जका स्थानीय पत्रकारहरूलाई 'पत्रकारहरू भूमिगत भए हुन्छ, तिमीहरूलाई तह लगाउन मधेसी टाइगर पनि छ' भन्ने अभिव्यक्ति दिएका थिए । उनको धम्कीपूर्ण अभिव्यक्तिपछि अज्ञात समूहले सञ्चारमाध्यमहरू बन्द गर्न पर्चा पनि निकाल्यो । त्यसप्रति आपत्ति जनाउँदै नेपाल पत्रकार महासंघले कडा विज्ञप्ति निकाल्यो । अनि टाइगरले पत्रकार र सञ्चारमाध्यमलाई केही नगर्ने नीति सार्वजनिक गर्‍यो ।

## राजनीतिक प्रतिस्पर्धाबाट उत्तेजना

मूलतः मधेसी समुदायका मागहरू सम्बोधन गर्ने र मधेसमा आफ्नो वर्चश्व टिकाउने नेकपा माओवादीको प्रयत्न र मधेसीहरूलाई नयाँ ढंगले संगठित गर्ने नेपाल सद्भावना पार्टी र मधेसी जनाधिकार फोरमको प्रयासकाबीचको तानातानीमा यस क्षेत्रमा धेरै मानिसहरूले ज्यान गुमाएका छन् ।

आठ दल र प्रशासनको संयमका कारण पुस महिनामा नेपालगन्ज आसपासमा अन्य अप्रिय घटनाहरू फैलिन पाएनन् । तर माघ १ मा अन्तरिम संविधान जारी भई नयाँ व्यवस्थापिका संसद् गठन भएपछि तराई आन्दोलनले कोल्टे फेर्‍यो । नागरिकता, जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारणलगायत माग राख्दै अन्तरिम संविधानप्रति असन्तुष्टि जनाएर ज्ञापनपत्र बुझाउन हिँडेको मधेसी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवलगायतलाई माघ २ गते पक्रिएर राजकाज मुद्दा लगाउने निर्णय स्थानीय प्रशासनले गरेपछि यादवलगायतका कार्यकर्ताहरूको रिहाइको मागसहित पूर्वी तराईमा बन्दको आयोजना भए ।

नेकपा माओवादीले चितवनमा आयोजना गरेको राष्ट्रिय कार्यकर्ता भेलामा सहभागी बन्न आएका सशस्त्र कार्यकर्ताहरूसँगको भनाभनमा माओवादी कार्यकर्ताका तर्फबाट गोली चलाउँदा लहानमा रमेशकुमार महतोको मृत्यु भएको थियो । लहानको यस घटनाले नेपालगन्जलाई पनि प्रभावित पार्‍यो ।

### (ख) रूपन्देही

युद्ध र द्वन्द्वका घटनाहरूको समाचार पनि निष्पक्ष र तटस्थ बनेर दिनुपर्ने भएकाले पत्रकारहरूको पेसा चुनौतीपूर्ण छ । घटनास्थलमा आफैं पुग्नुपर्ने, प्रत्यक्षदर्शीहरूको खोजी गर्नुपर्ने, सूचनाको पुनः पुष्टि गर्नुपर्ने र साम्प्रदायिक सद्भाव नखल्बल्याउने गरी प्रकाशित/प्रसारित गर्नुपर्नेजस्ता गहन दायित्व भएकाले संकटका बेला पत्रकारहरू द्वन्द्वरत पक्षहरूको आक्रमणमा समेत पर्ने गरेका छन् । मधेस आन्दोलनको सन्दर्भमा रूपन्देहीका पत्रकारहरू पनि अपवाद रहन सकेनन् ।

सञ्चारमाध्यमहरूको संस्थापन, टिकाउ, सञ्चार उपभोक्ताको संख्या, व्यवसायीहरूको सञ्चारप्रतिको लगाव र विश्वासका दृष्टिले रूपन्देही राजधानीपछिको दोस्रो स्थानमा आउँछ । यहाँबाट जनसंघर्ष, नयाँसत्ता, दैनिक

पत्रकारहरूका अनुसार गुरुङले २०३८ को बाढीले आफ्नो घरबास उजाड पार्‍यो भनी नवलपरासीमा पुनर्वासको जग्गा भोग गरेका छन् । तर बुटवलमा पहिल्यैको जमिन चर्चदै जग्गा कारोबार, बोर्डिङ सञ्चालन गर्ने र सामुदायिक वनको आम्दानी मास्नेसम्मका काम गरेका समाचार प्रकाशित भएका थिए । सो समाचार आएपछि दुई जनालाई मुद्दा दिएको छ । अरूलाई निरन्तर धम्की आउन थालेको छ ।



लुम्बिनी, बुटवल टुडे, नयाँभावना, तिलोत्तमाजस्ता दैनिक प्रकाशित भइरहेका छन् । लुम्बिनी न्युज, तिनाउ साप्ताहिक, नयाँ दिशा, जनआह्वान, भैरहवा र नवभैरहवा साप्ताहिक नियमित प्रकाशित भइरहेका छन् भने तिनाउ, बुटवल, रूपन्देही र रेडियो लुम्बिनी गरी चारवटा एफएम प्रसारित भइरहेका छन् । यहाँ झन्डै १०० (एक सय) को हाराहारीमा क्रियाशील पत्रकार छन् । मधेसी आन्दोलन र जनजातिको आन्दोलनको सेरोफेरोमा रूपन्देहीमा कार्यरत पत्रकारहरूले आक्रमणका विभिन्न पीडा भोग्नु परेको देखियो ।

- राजीव गुरुङका विषयमा समाचार लेखेपछि नेपालपत्रकार महासंघ रूपन्देहीका सचिव दीपक ज्ञवालीमाथि फलामे रडले प्रहार गरी टाउकोमा गम्भीर चोट पुऱ्याइएको छ ।
- शाहीकालका बुटवल मेयर रूपसिंहलाई जनजाति महासंघले आयोजना गरेको एक कार्यक्रममा सहभागी भएको बेला आठ दलका विद्यार्थी संगठनहरूले मोसो दले । त्यही निहुँमा पत्रकार ज्ञवालीलाई लक्षित गरी प्रहार गरिएको बताइन्छ ।
- मेची-काली दैनिकमा कार्यरत राजकुमार धवललाई माओवादीले धम्की दिएपछि उनी ३/४ दिन घर छोडेर अदृश्य हुन बाध्य भए । पछि पत्रकार महासंघको मध्यस्थतामा दुईपक्षबीच समझदारी कायम गरियो ।
- पत्रकार महासंघका सदस्य विन्दुकुमार चौहानमाथि* कुटपिट भयो । ३ हजार पर्ने यासिका क्यामेरा जलाइयो । नयाँसत्ता र तिनाउ एफएमको

* पत्रकार चौहानका अनुसार प्रचण्ड बुटवल आउने क्रममा उनी त्यस दिन मर्चवारबाट आउँदै थिए । माओवादीले मान्छे लिन पठाएको बसलाई मधेसी आन्दोलनकारीहरूले अवरोध सिर्जना गरिदिए । माओवादी र फोरम कार्यकर्ताबीच झडप भएपश्चात् माओवादी भागे । फोरम कार्यकर्ताले फोटो खिच्न आग्रह गरे । उनी साइकलबाट ओर्ले । आन्दोलनकारीले हामीसँग हिँड्नुस् समाचार बनाउनुस् भनेपछि लुरुलुरु तिनीहरूको पछि लागे । फोरम कार्यकर्ताले माओवादी एरियास्तरका पूर्णकालीन कार्यकर्ता लालचन यादवको घर र मिलसहित अरूका समेत गरी सातवटा घर जलाए । त्यो फोटो खिच भने । भीड आक्रोशित थियो । कसैले माओवादी आयो, मार भन्यो । अनि साइकल खोसियो । झोला लगियो, मधेसी जिन्दावाद भन्न लगाइयो । अरू मान्छे आएर पत्रकार हो भने । लाठीको टुप्पाले ढाडमा घोच्दै, उल्लिबिल्ली पारे । लौरो लिन लगाए । फोरम जिन्दावाद भन्न लगाए । गल्ती जो किया, जनताले ने नही छोडा भने । युवा फोरमका अध्यक्ष ओमप्रकाश यादवले हाम्रा कार्यकर्ता माओवादीले अपहरण गरे समाचार छाप्नैपर्छ भने । उनले विज्ञप्ति मागेपछि आन्दोलनकारीले दिए । उनले विज्ञप्ति सबै पत्रिका र एवं एफएममा पुऱ्याए । उनी अझै पनि घर जान डराउँछन् । भैरहवामा कलेज पढ्ने गाउँले र आफन्तकहाँ शरणागत भएर बाँच्नुपर्ने अवस्था छ ।

परिचयपत्र, रु. १ हजारदेखि १ हजार पाँचसम्मका विलहरू र मोबाइलको सीमकार्ड आन्दोलनकारी मधेसी कार्यकर्ताले कब्जामा लिए ।

- टोपराज शर्माले कुटाई खाए । उनको ढाडमा लात्ती र चिरपटले हानिएको छ । उनी दुई दिन कार्यालय जान सकेनन् । उनी अझै पनि छाती दुख्ने बताउँछन् ।

### (ग) नवलपरासी

तराईका जिल्लाहरूमध्ये नवलपरासी सञ्चार विकास र विस्तारका दृष्टिले अपवादमा देखा पर्छ । सदरमुकाम परासीबाट न त कुनै दैनिक पत्रिका प्रकाशित हुन्छन् न साप्ताहिक नै । जिल्लाको गैंडाकोटमा विजय एफएम छ । सदरमुकाममा राजधानीबाट प्रकाशित भएका अधिकांश दैनिक पत्रिका र बुटवलमा निस्कने दैनिकहरू आउने गर्दछन् । केन्द्रबाट प्रसारित हुने रेडियो नेपाल, कायाकैरन र जिल्लाहरूका एफएममध्ये, कालिका, सिनर्जी, तानसेनको पश्चिमाञ्चल सुनिन्छ । नेपाल टेलिभिजन, कान्तिपुर र नेपाल वान हेरिने टेलिभिजनमा पर्दछन् । त्यसैले मधेस आन्दोलनको सन्दर्भमा सञ्चारमाध्यमहरू प्रत्यक्ष तारो बन्ने अवस्था रहेन । तर स्थानीय तहमा भएका विरोध कार्यक्रम र आन्दोलनका समाचारहरू यथार्थ रूपमा नआएकोमा धम्की, हप्की र खप्की भने खानुपरेको छ । संवाददातहरूका आ-आफ्ना गुनासा छन् । उनीहरूका अनुसार जिल्लाबाट प्रेषित समाचार कुन रूपमा दिने भन्ने नीति केन्द्रले निर्धारण गर्छ । कहिले विज्ञापनले नै ठाउँ खान्छ समाचारै आउँदैन । कहिले काँटछाँट भएर आउँछ । यो कुरा आन्दोलनकारीले बुझ्दैनन् । त्यसको प्रत्यक्ष असर संवाददाताले झेल्नुपर्छ । मधेस आन्दोलनमा परासीका सञ्चारकर्मीले निम्न समस्या खेप्नु परेको पाइयो ।

- फोरमका सदस्य नगेन्द्र यादवले कार्यक्रमको मञ्चबाटै पत्रकारहरूले मधेस आन्दोलनको उपेक्षा गरेर ५०औं हजार मान्छेको उपस्थितिको फोटो नछापेको र समाचार पनि अड्कलेर दिएको आरोप लगाए ।
- १८ चैतका दिन महिलासंघ क्रान्तिकारीले जिल्ला प्रशासनमा ज्ञापनपत्र बुझाउन जाँदा साथै गएका किसान संगठनका केन्द्रीय सदस्य रामधनी केवटलाई फोरम कार्यकर्ताले लिएर गए । उनलाई अपहरण गरेको समाचार लुम्बिनी दैनिकमा प्रकाशित भयो । तर अपहरण गरिएको छैन भनेर प्रतिवाद भयो ।



- मधेस आन्दोलनको सन्दर्भलाई लिएर बुटवलबाट प्रकाशित हुने नयाँ भावना दैनिकमा एक लेख छापियो । त्यसप्रति असन्तुष्टि जनाउँदै रूपन्देही एफएम र नयाँ भावना दैनिकका संवाददाता पुरुषोत्तम सुवेदीलाई स्थानीय बुद्धचोकमा हातपात गर्न खोजियो ।
- पूर्वी तराईको आन्दोलन प्रत्यक्ष प्रसारणको शैलीमा आउने तर परासीमा भएका त्योभन्दा प्रभावकारी आन्दोलन समाचारमा स्थान नपाउँदा आन्दोलनकारीहरू आक्रोशित भएका देखिन्छन् ।

### (घ) कपिलवस्तु

कपिलवस्तुमा जिल्लाबाट कपिलदूत र कपिलवस्तु सन्देश नामक दुई साप्ताहिक प्रकाशित भइरहेका छन् । अहिलेसम्म कुनै रेडियो प्रसारण नभए पनि कपिलवस्तु सामुदायिक रेडियो भने दर्ता भएको छ । जिल्लामा नेपाल पत्रकार महासंघ, प्रेस युनियन र प्रेस चौतारी अस्तित्वमा रहेकोमा हाल माओवादी समर्थक क्रान्तिकारी पत्रकार संगठन पनि थपिएको छ । राष्ट्रिय सञ्चारमाध्यममा कार्यरत पत्रकारहरूको संख्या झन्डै १६ छ । जिल्लाका विभिन्न भागहरूमा बुटवल, पाल्पा, कालिका, र दाङका एफएमहरू सुनिन्छन् । मधेस आन्दोलनको सेरोफेरोमा कपिलवस्तुको सञ्चारक्षेत्रमा निम्न प्रभाव देखिन्छन् ।

माघ ४ तिर बुद्ध पद्य विद्यालयमा फोरम गठन गर्ने राजनीतिक भेला भयो । तर त्यसले यस्तो संगठनको आवश्यकता नभएको निष्कर्ष निकालेपछि पत्रकार नारायण शर्मा पौडेलले लोकतान्त्रिक आन्दोलनमा टाउको लुकाउनेहरू भन्ने आरोपसहित लेखेको एक आलेख बुटवलबाट प्रकाशित हुने मेची-काली दैनिक र दाङबाट प्रकाशित हुने युगबोध दैनिकमा प्रकाशित भयो । त्यसपछि उनलाई कुट्ने, मोसो दल्ने र सार्वजनिक बहिस्कार गर्ने हल्ला चलाइयो । उनी तीन/चार दिन जिल्ला बाहिर बस्नुपर्‍यो ।

## २.२ मध्य क्षेत्र

### (क) चितवन

राजधानीमा पाइएका सूचनाका आधारमा चितवन जिल्लालाई पनि अध्ययनको दायराभित्र राखिएको थियो । तर मधेसी जनाधिकार फोरमको अगुवाईमा भएको मधेस आन्दोलनको चितवनमा कुनै प्रत्यक्ष प्रभाव देखिएन । मधेस आन्दोलनका बेला यहाँ कुनै बन्द, हडताल, तोडफोड, सञ्चारकर्मीमाथि आक्रमण वा धम्कीहरू भएनन् । तर नेपाल आदिवासी जनजाति महासंघले आह्वान गरेको नेपाल बन्दको क्रममा नेकपा (माओवादी) का स्थानीय कार्यकर्ता र बन्द आयोजकका बीच झडप भयो । यसबाहेक अरू कुनै अप्रिय घटना भएनन् । यहाँ फोरमको कुनै सागठनिक स्वरूप छैन । स्थानीय सञ्चारकर्मी, सर्वसाधारण, बुद्धिजीवी एवं केही जातीय संगठनका प्रतिनिधिहरूसँग कुराकानी गर्दा यही निष्कर्ष पाइयो ।

मधेस आन्दोलनको प्रत्यक्ष नभए पनि अप्रत्यक्ष असर भने यहाँ देखियो । खासगरी पूर्वतर्फ जाने र सोहीतर्फबाट आउने सवारी साधनहरू पथलैयाबाट अघि बढ्न नसक्दा चितवनमा यातायात र बजार प्रभावित रहे ।

सञ्चारमाध्यमको हकमा आन्दोलनको क्रममा अन्य स्थानमा जस्तै यहाँका पत्रकारहरू पनि सूचना सम्प्रेषणका लागि सक्रिय रहे । समाचार सम्प्रेषण गर्दा स्थानीय र राष्ट्रियस्तरका सञ्चारमाध्यमहरूको प्रस्तुतीकरणमा भिन्नता देखियो । स्थानीयस्तरमा खासगरी एफएम रेडियोहरूले प्रसारण गर्ने समाचार, अन्तर्वार्ता बढी सनसनीपूर्ण रहेको अनुभव स्वयं पत्रकारहरू बताउँछन् । उदाहरणको लागि चैत ७ गते रौतहटमा भएको घटना लगत्तै नेकपा माओवादी निकट 'मधेसी राष्ट्रिय मुक्तिमोर्चाका महासचिव प्रभू शाहसँगको अन्तर्वार्तामा अन्तर्वार्ताकारले 'अब सहेरै बस्नु हुन्छ त ?' जस्ता उत्तेजनात्मक प्रश्न सोधे । जसको जवाफ पनि प्रश्नजस्तै आक्रोशपूर्ण रहेको सञ्चारकर्मीहरू बताउँछन् । यसले संयमता होइन आक्रोश बढाउँछ, उनीहरूको भनाइ थियो । आन्दोलनको क्रममा चितवनमा कुनै पत्रकारले धम्की, गाली गलौज बेहोर्नु परेन ।



तर सञ्चारमाध्यममा आउने समाचारप्रति गुनासो भने प्रस्टै देखियो । खासगरी स्थानीय तहमा भएका घटनाभन्दा केन्द्रबाट सम्प्रेषित हुने समाचार फरक हुने गुनासो आए । उदाहरणको लागि माथि उल्लेख गरिएको माओवादी-जनजातिबीचको विवादबारे राष्ट्रिय सञ्चारमाध्यहरूले दुईपक्षबीच झडप भएको समाचार सम्प्रेषण गरे तर स्थानीय तहमा झडप नभई माओवादीबाट एकतर्फी आक्रमण भएको थियो भन्ने स्थानीय आयोजकहरूको भनाइ छ । जनजाति महासंघ समन्वय परिषद्, चितवन जिल्ला अध्यक्ष पदमबहादुर गुरुङ भन्छन्- 'सञ्चारमाध्यमहरूले यकिन समाचार दिएनन् ।'

### (ख) पर्सा

मधेस आन्दोलनको क्रममा पर्सा जिल्ला निकै चर्चामा रह्यो । त्यस अगाडि पनि औद्योगिक र व्यापारिक सहर वीरगन्जमा सञ्चारकर्मीहरूले बढी नै धम्की बेहोरिरहनु परेको खबरहरू आइरहेका थिए । तर आन्दोलनको क्रममा स्पष्ट रूपमा उनीहरू थप प्रभावित भएको देखियो ।

पुरानो रिसइवीका आधारमा बदला लिन केही 'गलत' तत्वहरूले आन्दोलनलाई मौकाको रूपमा प्रयोग गरेको पाइयो । जस्तै, रेडियो वीरगन्जमा भएको आक्रमण समाचारको निहुँमा बदला लिने उद्देश्यले घुसपैठियाहरूले गरेको हुनसक्ने कुरा स्वयं पीडित पक्ष नै स्वीकार्छन् । कतिपय सन्दर्भमा पत्रकारहरू पनि पेसागत आचारसंहिताको प्रतिकूल एकअर्कामा आरोप-प्रत्यारोपमा उत्रेको पाइयो । जस्तै २०६३ फागुन १३ गते वीरगन्जबाट प्रकाशित सन्डे टाइम्स अर्ध साप्ताहिकले सोही स्थानबाट प्रकाशित अर्को दैनिक *'प्रतीक'* लाई, '...शोषक पहाडी समुदायद्वारा प्रकाशित *'प्रतीक'* समेत अन्य पत्रिका ने लिखा है....' भनिएको छ भने अर्कोतर्फ स्थानीय एक दैनिकले मधेसी समुदायप्रति लक्षित गर्दै यस्तै आरोप लगाइरहेको स्थानीय पत्रकारहरू बताउँछन् । यस्ता क्रियाकलापले सञ्चारकर्मीबीचको एकता र व्यावसायिकतामाथि प्रश्न उठाएको छ । त्यस्तै स्थानीय एक व्यापारी नाम नबताउने सर्तमा भन्छन्- 'पत्रकारको आडमा व्यक्तिगत फाइदाको लागि सौदावाजी गर्नेहरूमाथि आन्दोलनको मौकापारी आक्रमण भएका छन् ।'

वीरगन्जमा कान्तिपुर राष्ट्रिय दैनिकका सुजित महत, नेपाल टेलिभिजनका गोपाल देवकोटा, नेपाल वनका राजु श्रेष्ठ, फोटो पत्रकार राम शर्राफले आन्दोलनका क्रममा कुनै न कुनै किसिमको 'धम्की' र आक्रमणको सामना गर्नुपर्‍यो । तर उनीहरूसँग सम्पर्क गर्नखोज्दा सम्पर्क हुन सकेन ।

आन्दोलनकै अवधिमा २०६३ माघ १४ गते आइतबार रेडियो वीरगन्जमा भौतिक आक्रमण भयो । आक्रमणका कारण रेडियोले लण्डनबाट प्रसारण हुने बीबीसी नेपाली सेवा र काठमाडौंबाट प्रसारण हुने कम्युनिकेसन कर्नरका कार्यक्रम 'हुक' गर्ने अपलिङ्क टावर ध्वस्त भयो भने स्टेपलाइजर, फर्निचर, झ्यालका सिसा तोडफोड भयो ।

आक्रमणको भित्री उद्देश्य एकिन नभए तापनि तत्कालीन कारण भने अघिल्लो दिन अर्थात शनिबार राति बीबीसी नेपाली सेवाबाट प्रसारित कार्यक्रममा पत्रकार रवीन्द्र मिश्रले वीरगन्जका स्थानीय पत्रकार विनी शर्मासँग गरेको अन्तर्वार्ता थियो । उक्त अन्तर्वार्तामा पत्रकार शर्माले अघिल्लो दिन वीरगन्जमा निस्किएको र्‍यालीमा सहभागी मानिसहरूबारे आँकलन गर्दै लगभग २/३ सय रहेको बताएकी थिइन् तर स्थानीय आयोजकका भनाइमा त्यहाँ लाखौं मानिसको उपस्थिति थियो । यही विषयलाई लिएर भोलिपल्ट आइतबार निस्किएको जुलुसमा सहभागी करिब २/३ सय व्यक्तिले रेडियोमा आक्रमण गरे । यसबारे आयोजक मधेसी जनाधिकार फोरमका पर्सा जिल्ला अध्यक्ष शशिकपुर मियाँलाई सोध्दा, 'आक्रमणमा फोरमको सहभागिता नभएको बरु घुसपैठियाहरूले त्यसो गरेको हुनसक्ने' बताउँछन् । त्यस्तै रेडियोका सञ्चालक एवं नेपाल प्रेस काउन्सिलका सदस्य दीपेन्द्र चौहान पनि आयोजकले भन्दा पनि अरू नै तत्वले नियोजित रूपमा आक्रमण गरेको हुनसक्ने बताउँछन् । यसले आन्दोलनको नाममा गलत व्यक्तिहरूले सञ्चार गृह र सञ्चारकर्मीहरूमाथि बदलाको भावनाले आक्रमण गरेको अनुमान गर्न सकिन्छ ।

मधेस आन्दोलनका क्रममा राजाको शासनको बेला सक्रिय व्यक्तिहरूको पनि संलग्नता रहेको त्यहाँका मानिसहरू बताउँछन् । उनीहरूले सञ्चारमाध्यम,



सञ्चारकर्मी, स्थानीय बैंकमा आक्रमण प्रयास गरेका थिए । त्यस्ता व्यक्तिहरूले नै मधेसी-पहाडीबीचको सद्भावलाई बिथोल्न खोजेको धारणा नेपाली कांग्रेसका जिल्ला सचिव विश्वनाथ शाहको छ । राजाको शासनको बेला सक्रिय रहेका स्थानीय प्रल्हाद गिरीको अगुवाइमा केही मधेसीमूलका व्यक्तिहरूमाथि हातपातको प्रयास भएपछि पत्रकारहरूमाथि पनि आक्रमण सुरु भएको भनाइ अधिकांश पत्रकारको छ ।

**मध्यस्थताले निम्त्याएको आक्रमण**

वीरगन्जको हकमा मधेस आन्दोलनको क्रममा सञ्चारकर्मीमाथि आन्दोलनकारीको आक्रोश पोखिनुको अर्को कारण रह्यो- पत्रकारहरूले प्रहरी र आन्दोलनकारीबीच मध्यस्थताको भूमिका खेल्ने प्रयास गर्नु । आन्दोलनको बेला हातहातमा लाठी बोकेर आएका आमजनतालाई लाठी फालेर शान्तिपूर्ण रूपमा प्रदर्शन गरे हस्तक्षेप नगर्ने प्रहरीको सन्देश पत्रकारहरूले र्‍यालीका सहभागीहरूलाई दिए । तर सहभागीहरूले लाठी फाल्नासाथ प्रहरीले गरेको हस्तक्षेपपछि र्‍यालीका सहभागीले पत्रकारमाथि नै शंका व्यक्त गरे र उनीहरूमाथि यही मौकामा आक्रमण भयो भने प्रहरीले पनि पत्रकारलाई छोडेनन् ।

आन्दोलनका बेला सञ्चारमाध्यमको भूमिकाका बारेमा भने सबैको गुनासो रह्यो । उनीहरूको भनाइमा राष्ट्रियस्तरका सञ्चारमाध्यमहरूले मधेसमा भएको लाखौंको सहभागितासहितको आन्दोलनलाई अपेक्षित स्थान दिएनन् । नारायणी उपक्षेत्रीय अस्पतालका चिकित्सक निरज सिंह भन्छन्- 'यतिको ठूलो आन्दोलन हुँदासमेत केन्द्रीयस्तरका सञ्चारमाध्यमबाट राम्रो 'कभरेज' भएन । स्थानीय तहबाट पठाइएको समाचारमा केन्द्रबाट बढी नै सेन्सर भयो भन्ने गुनासो रह्यो ।'

त्यस्तै कतिपय बेला स्थानीयस्तरमा भएको भन्दा फरक समाचार पनि आए । स्थानीय सञ्चारकर्मी ज्ञानेन्द्र महतो भन्छन्- 'काठमाडौंबाट वीरगन्जमा सबै पत्रकारहरू विस्थापित भए, पत्रकारहरूले काम गर्नसकेका छैनन् भन्ने खबर आयो तर स्थानीयस्तरमा १४ घन्टासम्म पनि हामी फिल्डमा नै थियौं ।' त्यस्तै माघ २१

गते आन्दोलनका क्रममा मरेका जितेन्द्र शाह तेलीलाई कान्तिपुर टेलिभिजनले भारतीय नागरिक भनी प्रसार गऱ्यो, तर उनी नेपाली नै थिए । पछि यसलाई सच्याइयो ।

**अपुष्ट स्रोतको प्रयोग**

यस्तो अवस्था आउनुको मुख्य कारणचाहिँ समाचारको स्रोत हो । आन्दोलनका बेला धेरैजसो पत्रकारले फिल्डमा जानेभन्दा (असुरक्षाका कारण पनि हुनसक्छ) प्रहरी र प्रशासनमा टेलिफोन गरी समाचार संकलन गर्नाले यस्तो भएको देखिन्छ ।

मधेस आन्दोलनको बेला पर्सा जिल्लामा सीमा पारीका भारतीय सञ्चारमाध्यमको भूमिका तुलनात्मक रूपमा नकारात्मक रहेको पाइयो । भारतको रक्सौलबाट प्रकाशित हुने 'हिन्दुस्तान' र 'जागरण' नामक दुई छापामाध्यम र भारतकै बिहारको स्थानीय टेलिभिजन च्यानल UTV ले पनि नेपालबारे लेखिएका र प्रसारण गरिएको समाचारहरू तथ्ययुक्त थिएनन् । सीमा क्षेत्रका नेपाली सहरहरूमा राम्रो 'सर्कुलेसन' रहेको 'हिन्दुस्तान' ले माघ १९ देखि २१ सम्म व्यापकरूपले आन्दोलन बढेको बेला 'प्रहरीको दमन, १२ को मृत्यु, सेनाद्वारा गोली प्रहार' जस्ता समाचार प्रकाशन गऱ्यो । यथार्थमा त्यतिका मानिस एकैपटक मरेका पनि थिएनन् र आन्दोलनमा नेपाली सेना प्रयोग गरिएको पनि थिएन ।

राजधानीबाट निस्कने पत्रपत्रिका स्थानीय स्तरसम्म पुग्न नसक्दा र स्थानीय सञ्चारमाध्यम पनि आन्दोलनका कारण प्रभावित हुँदा सर्वसाधारणमा त्यही गलत समाचारमात्र पुग्न सक्यो । त्यस्तै नेपालगन्ज घटनासम्बन्धी सिडी प्रकरणले पनि आन्दोलनलाई आक्रोशित बनाउन प्रेरित गऱ्यो । त्यहाँको घटनाको यथार्थबारे आमजनतालाई सचेत गराउन राज्य र सञ्चारकर्मी असफल हुँदा सिडीको नकारात्मक असर बढी परेको भनाई पत्रकार चन्द्र किशोर झाको छ ।



सीमापारीका मात्र होइन देशभित्रकै कतिपय स्थानीय पत्रिकाहरूले आन्दोलनलाई साम्प्रदायिक स्वरूप दिने प्रयास गरेको पाइयो । स्थानीय व्यक्तिहरूको भनाइमा वीरगन्जबाट प्रकाशित हुने 'नारायणी टुडे' दैनिकका केही प्रस्तुतिहरूमा साम्प्रदायिकतालाई बल पुऱ्याउने सामग्री रहेको उनीहरूको आरोप छ ।

आन्दोलनका बेला १०/१२ दिनसम्म केन्द्रबाट प्रकाशित पत्रपत्रिकाहरू वीरगन्ज पुग्न सकेनन् । जसका कारण स्थानीय जनता समाचारको पहुँचबाट पनि वञ्चित भए ।

**(ग) बारा**

मधेस आन्दोलनको क्रममा बारा जिल्ला पनि त्यत्तिकै प्रभावित रह्यो । तराईका अन्य जिल्लामा जस्तै यहाँ पनि आन्दोलनको समाचारले पर्याप्त स्थान नपाएको गुनासो बारावासीहरूको रह्यो । यहाँ पत्रकारहरूले प्रत्यक्षरूपमा धम्की खेप्नु परेन । तर आन्दोलन चुलिएको बेला पहाडी मूलका केही पत्रकारहरूले डर महसुस गर्नुपरेको उनीहरूको भनाइ छ ।

आन्दोलनको बेला बारामा पनि स्थानीय पत्रपत्रिका र एफएमहरूले जुन रूपमा यसको कभरेज दिए त्यो रूपमा राष्ट्रियस्तरका सञ्चार माध्यमहरूले स्थान नदिएको उनीहरूको गुनासो रह्यो । यसबारेमा राष्ट्रिय सञ्चारमाध्यमका स्थानीय प्रतिनिधिहरूसँग कुरा गर्दा कतिपय बेलामा यस्तो भएको स्वीकार गर्छन् । कान्तिपुर दैनिकका शंकर आचार्य भन्छन्- 'एकातर्फ यहाँको अपेक्षा पनि धेरै थियो । अग्रपृष्ठमा फोटोसहित समाचार आउनुपर्छ भन्ने स्थानीय चाहना हुन्थ्यो, सो अनुसारको 'कभरेज' को अपेक्षा गर्नु पनि बढी हो । अर्कोतर्फ स्थानीय तहबाट पठाइएका समाचारमा केन्द्रबाट सम्प्रेषण नहुनाले त्यसको मार स्थानीयस्तरमा रिपोर्टरले खेप्नुपर्थ्यो । त्यस्तै कहिलेकाहीँ यहाँबाट पठाएको समाचार अर्कै 'डेटलाइन' मा जोडिएर आउँथ्यो, त्यसले गर्दा यहाँको समाचारको महत्व कम भएको महसुस हुन्थ्यो र गुनासो बढी हुन्थ्यो । स्थानीय रिपोर्टरको समस्या पनि केन्द्रले बुझिदिनुपर्छ,' उनको सुझाव थियो ।

त्यसैगरी कतिपय बेला सञ्चारमाध्यमले यथार्थ रूपमा समाचार दिन नसकेको पनि देखियो । यसो हुनुमा समाचारको स्रोत मुख्य कारण देखियो । रिपोर्टरले फिल्डमा नगई टेलिफोनबाट, प्रहरी प्रसाशनको स्रोतको मात्र आधारमा समाचार प्रसारण गर्दा गल्ती भएको पाइयो । उदाहरणको लागि २०६३ फागुन १३ गते कलैयामा ३:१५ बजे गोली चल्दा स्थानीय मो. असरफको मृत्यु भयो । त्यसपछि थप हिंसा भड्किन नदिन ४ बजेदेखि प्रशासनले कर्फ्यु लगायो तर स्थानीयदेखि राष्ट्रिय सबै सञ्चारमाध्यमहरूले 'कर्फ्युको उल्लंघन' गर्न खोज्दा सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भएको' खबर दिए । घटना घटेपछि रिपोर्टरले प्रहरीलाई फोन गर्दा यस किसिमको सूचना उनीहरूले पाए र सोही आधारमा समाचार आयो । यसबारे फिल्डको यथार्थ बुझ्ने कोसिस रिपोर्टरहरूले गरेनन् ।

### (घ) रौतहट

मधेस आन्दोलनपछि रौतहटका मधेसी सञ्चारकर्मी, जनसमुदाय, राजनीतिक व्यक्तित्व, बुद्धिजीवी, विद्यार्थीलगायतमा सञ्चारमाध्यम र पत्रकारिताप्रतिको आक्रोश सहजै अनुभव गर्न सकिन्छ । उनीहरूले कुनै पनि घटनालाई सञ्चार जगतले पनि पहाडी वा मधेसीसँग सम्बद्ध भए अनुरूप हेर्ने दुईवटा फरक-फरक दृष्टिकोण रहेको गुनासो गरे । समाचार सम्प्रेषण र प्रकाशनमा निष्पक्षता, तथ्य सन्तुलन नरहेको गुनासो रौतहटवासीको रह्यो । स्थानीय स्तरबाट रिपोर्टरले पठाएका समाचार केन्द्रबाट बंग्याएर, तोडमरोड गरेर सम्प्रेषित भएको गुनासो पत्रकारहरूले व्यक्त गरे ।

अन्य जिल्लाहरूको तुलनामा रौतहट जिल्लाका आम जनता, उद्योगी व्यापारी, सञ्चारकर्मीले बढी असुरक्षाको महसुस गरेको पाइयो । मधेस आन्दोलनको क्रममा २०६३ माघ १२ गते यहाँका सबैजसो सरकारी कार्यालयहरूमा भएको आगजनीका कारण २०६३-१२-२० (अनुसन्धानको समय) सम्म जिल्लाका कुनै पनि कार्यालयले सेवा दिन सकेका थिएनन् । जिल्लाभर शान्तिसुरक्षा कायम राख्नुपर्ने जिम्मेवारी लिएका प्रमुख जिल्ला अधिकारी स्वयं सशस्त्र प्रहरीको क्याम्पमा थिए । स्थानीय बासिन्दा आफ्नो टोलको सुरक्षाको लागि टोलटोलमा 'जागते रहो' अभियान चलाइरहेका थिए ।



आन्दोलनको क्रममा यहाँस्थित पत्रकार महासंघको कार्यालयमा पनि तोडफोड भयो । यसमा स्वयं पत्रकारको संलग्नता रहेको कुरा महासंघका स्थानीय पदाधिकारी बताउँछन् । विगतमा राष्ट्रिय पत्रकार महासंघ सम्बद्ध केही पत्रकारहरूले 'मधेसी पत्रकार संघ' को नाममा जुलुसमा घुसेर कार्यालयमा आक्रमण गरेको उनीहरूको भनाइ छ । त्यस्तै राजाको शासनको बेला सक्रिय रहेका व्यक्तिहरूले पनि सञ्चारकर्मीहरूप्रति बदलाभाव राखिरहेको उनीहरू बताउँछन् ।

आन्दोलन सुरु भएसँगै केन्द्रबाट प्रकाशन हुने कुनै पत्रपत्रिका यहाँ आएका छैनन् । स्थानीय समाचार नआएका, स्थानीय भाषामा समाचार नआएको भन्दै आन्दोलनका आयोजकले ती पत्रिका बिक्री वितरण गर्न रोक लगाएका छन् । यो अध्ययनको क्रममा पनि गौरमा 'गोरखापत्र' र 'कान्तिपुर' प्रतिबन्धित थिए । यसको निकासको बारेमा फोरमका सचिवालय सदस्य एवं रौतहट जिल्ला अध्यक्ष अमर यादव भन्छन्- 'उनीहरूले मधेसमा पत्रिका बेचेर आउने आम्दानीको केही हिस्सा स्थानीय भाषामा समाचार छाप्न खर्च गर्नुपर्छ । अझ गोरखापत्र त मधेसी जनताको समेत करबाट चल्ने हुनाले स्थानीय भाषामा पनि पत्रिका छापिनुपर्छ । अन्यथा हामी यहाँ पत्रिका चल्न दिँदैनौ ।'

मधेस आन्दोलन सुरु भएपछि यहाँको समाचारलाई केन्द्रले प्राथमिकता नदिएको र सेन्सरसिप बढी भएको गुनासो स्वयं पत्रकारहरूको रह्यो । नेपाल टेलिभिजनका स्थानीय संवाददाता शैलेन्द्र गुप्ता आफ्नो अनुभव सुनाउँदै भन्छन्- 'माघ १२ गते रौतहटबाट टेलिभिजनको समाचारमा प्रत्यक्ष प्रसारण भइरहँदा बीचैमा काटियो । त्यस्तै यहाँ विरोध जुलुस निस्किएको हुन्छ, केन्द्रबाट सद्भाव जुलुस निस्किएको खबर आयो ।'

यसरी आन्दोलनको क्रममा सञ्चारमाध्यमहरूले निष्पक्ष र तथ्यपरक रूपमा आफ्नो भूमिका खेल्न नसक्दा, आयोजकहरूको सञ्चारकर्मीप्रतिको अपेक्षा बढी हुँदा र राष्ट्रिय सञ्चारमाध्यमहरूले बढी आत्मसंयम अपनाउँदा स्थानीयस्तरमा सञ्चारकर्मीले विभिन्न समस्या झेलिरहेको स्थानीय सञ्चारकर्मी, अधिकारकर्मी, राजनीतिक कार्यकर्ताहरूको अनुभव रहेको छ ।

नेपालगन्ज घटना समेटिएको भनिएको सीडीले यहाँ पनि आन्दोलन थप आक्रामक हुन मदत गरेको भनाइ पाइयो ।

## नेपाल पत्रकार महासंघको उच्चस्तरीय मिसनको प्रतिवेदन

मधेसमा जारी आन्दोलनका क्रममा पूर्वी तथा मध्य तराईमा सञ्चारकर्मी तथा सञ्चारमाध्यममाथि भएको आक्रमण, धम्की, पत्रकारहरूको विस्थापन, समाचार संकलन तथा वितरणमा पुऱ्याइएको अवरोधका बारेमा स्थलगत अध्ययन गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको वातावरण सहज बनाउने उद्देश्यले नेपाल पत्रकार महासंघले पूर्वी तथा मध्यतराईमा दुइटा 'आमसञ्चार अधिकार अनुगमन टोली' (मिडिया मिसन) पठाएको थियो । पूर्वी तराई मिसनको नेतृत्व नेपाल पत्रकार महासंघका सभापति विष्णु निष्ठुरीले गर्नुभएको थियो भने मध्यतराई मिसनको नेतृत्व महासंघका उपसभापति शिव गाउँलेले गर्नुभएको थियो ।

महासंघको मिसनले आन्दोलनहरू घनीभूत भएको पूर्वी र मध्यतराईमा कार्यरत सञ्चारकर्मीहरूसँग भेटघाट र छलफल गऱ्यो । आन्दोलनकारी समूहका स्थानीय नेता-कार्यकर्तासँग प्रत्यक्ष भेटेर उनीहरूबाट प्रेसमाथि भएको आक्रमणका बारेमा सरोकार जनाउँदै त्यस्ता क्रियाकलाप रोक्न आग्रह गरियो । साथसाथै स्थानीय प्रशासन प्रमुखहरूसँग सञ्चारकर्मीहरूको सुरक्षाको व्यवस्था गर्न, प्रेसमाथि भएको आक्रमणको छानबिन गरी दोषीमाथि कारबाही गर्न तथा बन्द भएका पत्रिकाहरूको पुनः प्रकाशनको वातावरण मिलाउन दबाब दिने कार्य भयो ।

### निष्कर्ष

मधेस आन्दोलनका क्रममा मध्य तथा पूर्वी तराईका पत्रकाहरूको स्थिति अत्यन्त असहज, असुरक्षित र चुनौतीपूर्ण रहेको पाइयो । पत्रकारहरूमाथि आन्दोलनको समाचार सम्प्रेषण गर्न आन्दोलनकारीहरूले दबाब दिने र आफ्नो पक्षमा समाचार सम्प्रेषण नगरेको वा पर्याप्त कभरेज नगरेको भन्दा धम्की र आक्रमणका घटनासमेत भएको पाइयो । मधेसी आन्दोलनको समाचार संकलन गरिरहेको बेला आन्दोलनकारीले आफ्नो फोटो र कार्यक्रम दृश्य खिच्न प्रत्यक्ष दबाब दिने गरेको सञ्चारकर्मीहरूले मिसनलाई



बताए । साथै खिचिएको फोटो र दृश्य प्रकाशन तथा प्रसारण गर्न र आन्दोलनका बारेमा बढाइचढाइ समाचार दिन बाध्य पार्ने गरिएको अनुभव अधिकांश सञ्चारकर्मीहरूको थियो ।

आन्दोलनकारीको चर्को प्रचार मोहले सिर्जना गर्ने दबाब र धम्कीले पनि स्वतन्त्र प्रेसमाथि चुनौती खडा गरेको पाइयो । स्थानीय आमसञ्चार माध्यम आन्दोलनकारीको पक्षमा एकपक्षीय समाचार लेख्नैपर्ने, नलेखेमा आक्रमणको सिकार हुनुपर्ने भन्ने मानसिक त्रासबाट त्रसित र एकपक्षीय समाचार सम्प्रेषण गर्न बाध्य हुनुपरेको पाइयो । आन्दोलनकारी आन्दोलनको समाचार सम्प्रेषणमा राष्ट्रिय मिडियाहरूको भूमिकाबाट अत्यन्त आक्रोशित र असन्तुष्ट पाइयो । राष्ट्रिय आमसञ्चार माध्यमहरूले सही समाचार सम्प्रेषण नगरेको वा बंग्याएर सम्प्रेषण गरेको भन्दै ती माध्यमका लागि काम गर्ने स्थानीय पत्रकारलाई पनि आक्रमणको निशाना बनाएको पाइयो ।

पत्रकारहरूमाथि धम्की, त्रास, आक्रमण र दबाबका घटना कुनै एउटा समुदायका पत्रकारमाथि मात्र लक्षित नरही सबै समुदायका पत्रकारमाथि भएको पाइयो । आन्दोलनका क्रममा बन्द, कर्फ्यू, असुरक्षा, ढुवानीको समस्याजस्ता कारणबाट स्थानीय पत्रपत्रिकाको प्रंकाशनका लागि चाहिने न्यूजप्रिन्ट र प्रेस सामग्रीको अभाव तथा बजारमा पत्रिका पुऱ्याउन नसकिने स्थितिले गर्दा समेत स्थानीय पत्रिका बन्द गर्न बाध्य हुनुपरेको पाइयो ।

आन्दोलनका क्रममा विभिन्न तत्वले पत्रकारमाथि आक्रमण गर्ने, धम्की दिने, तर त्यस्तो आक्रमणको जिम्मेवारी आन्दोलनरत समूहबाट नलिने गरेको पाइयो । पत्रकारको सुरक्षाका लागि स्थानीय प्रशासनको भूमिका पनि कमजोर रहेको र कतिपय अवस्थामा पत्रकार सुरक्षाकर्मीबाटै आक्रमणको सिकार हुनुपरेको पनि पाइयो ।

मधेसको आन्दोलनको समाचार सम्प्रेषण गर्ने क्रममा पत्रकारमा यस्तो अवस्थामा रिपोर्टिङ गर्ने सीप, कला, प्रयोग गर्ने र गर्न नहुने, भाषा, आफू कसरी सुरक्षित रहने भन्ने ज्ञान एवं आन्दोलनरत पक्षसँग गर्नुपर्ने व्यवहारका बारेमा समेत पत्रकारहरूलाई प्रशिक्षित गर्न नसकिएकाले उनीहरूमा अन्योल र अप्ठ्यारो परेको पाइयो ।

## २.३ पूर्वी क्षेत्र

### आरोप-प्रत्यारोपको शृङ्खला

मधेसी आन्दोलनका क्रममा पूर्वी मधेसका जिल्लामा गरिएको छलफलमा त्यस क्षेत्रका बुद्धिजीवीले विशेषतः सञ्चार क्षेत्रमा कान्तिपुर समूहले ओगटेका स्थान अनुरूप त्यस समूहका प्रस्तुतिहरू मधेस आन्दोलनमा आरोपित हुन बताएका छन् । मधेस आन्दोलनमा पूर्वमा कान्तिपुर समूहका सञ्चारकर्मी र सञ्चारमाध्यम बढी प्रभावित भएको पनि पाइन्छ ।

भएको घटनालाई लुकाउने, नभएका घटनालाई उठाउने, समाचारलाई कम स्थान दिने, त्यसमा पनि बढी बंग्याएर दिनेजस्ता आरोप लगाइएको छ । आरोप लगाउनेहरूले तिथि मितिका आधारमा यो वा त्यो समाचार कोट्याउन नसके पनि केही समाचार विशेष उल्लेख गराए ।

मैथिली महिला परिषद्की मीना ठाकुरको नेतृत्वमा निस्केको मधेस आन्दोलनप्रति ऐक्यबद्धता जुलुसलाई सद्भाव जुलुसको रूपमा प्रस्तुत गरेको मधेसी आन्दोलनकारीले उल्लेख गरे । त्यसैले पत्रकारहरूप्रति वितृष्णा बढेको आरोप उनीहरूको छ ।

मोरङ, सुनसरी जिल्लामा पत्रकारहरूबाट सञ्चार क्षेत्रमा गल्ती तथा कमीकमजोरी भएको पहाडी र मधेसी पत्रकारहरूले स्वीकार गरे पनि दुवै पक्षले आ-आफ्नो गल्तीहरूलाई ढाकछोप गर्न खोजेको मानसिकता देखिन्थ्यो । गैरमधेसीहरूको बढी उपस्थिति रहेको ठाउँमा मधेसीहरू खुलेर बोल्न हिचकिचाउने र ठीक उल्टो मधेसीहरूको बढी उपस्थिति रहेको ठाउँमा गैरमधेसीहरू खुलेर बोल्न नसकेको अवस्था भेटियो ।

त्यस क्षेत्रमा भारतीय सञ्चारमाध्यमले मधेस आन्दोलनमा आगोमा घ्यू थपेको भन्ने, पहाडिया सञ्चारकर्मीहरूले लगाएको आरोपलाई भारतबाट प्रकाशित हुने पत्रिकाहरू हेर्दा बलियो आधार भएको देखिएन ।



साथै पहाडिया सञ्चारकर्मीहरूले कागज नभएको भन्दै स्थानीय पत्रिका निकाल्न बन्द गरे । पहाडिया सञ्चारकर्मीहरूले पत्रिका ननिकाल्नुमा आफूलाई सापेक्ष देखाउने नाटक गर्न खोजेको जस्तो मधेसी आन्दोलनकारीहरूको टिप्पणीले देखायो ।

विराटनगर मधेसी जनअधिकार फोरमका सचिवले आफूहरूले स्थानीय रूपमा नेतृत्वकारी पत्रिकाहरूलाई कागज उपलब्ध गराउँछौं र तपाईंहरू पत्रिका प्रकाशन गर्नुस्‌भन्दा भन्दै पनि कागज नभएको भन्दै नाटकीय ढंगमा पत्रिका बन्द गरेका थिए । यी दुई परस्पर अभिव्यक्तिले स्थानीय सञ्चार क्षेत्र र पत्रकारहरूले खेल्नुपर्ने भूमिका माथि प्रश्न खडा गरेको छ ।

त्यसैगरी, पत्रकारहरूमा शैक्षिक योग्यता, दक्षता र पत्रकारिताको ज्ञानको अभाव, पत्रकारहरूले पेसागत आचारसंहितामा ध्यान नदिएको, पत्रकारहरू राजनीतिमा संलग्न रहेको र यथार्थ सत्य-तथ्य वस्तुपरक घटनालाई राजनीतिक रंग दिई प्रकाशित-प्रसारित गर्ने गरेको भन्ने आरोपहरू मोरङ र सुनसरीका मधेसी जनाधिकार फोरम र बार एसोसिएसनको कार्यालयमा भएको छलफलको निचोड थियो । जबकि स्थानीय पत्रकारहरूले उनीहरूले लगाएका आरोपमा कुनै सत्यता नभएको भनी खण्डन गरे ।

### (क) मोरङ

मोरङको टंकिसिनुवारी राजवंशी चोक, रोडशेष चोकमा मोटरसाइकल जलाएको, उद्घोष दैनिकका पत्रकार कमल रिमाललाई पेस्तोल देखाएर कुटपिट गरेको, भीम घिमिरे, विक्रम लुइँटेल र टंक खनाललगायतका पत्रकारमाथि दुर्व्यवहार गरेको पत्रकारहरूको आरोप छ ।

स्थानीय पत्रकारहरू आफूहरूलाई पहाडिया भएको कारणले मात्र पत्रिका प्रकाशनमा रोक लगाइएको, दुहवीमा पत्रिका जलाइएको, पत्रकारहरूलाई कुटपिट गरेको र जन विद्रोही दैनिक (माओवादी निकट) पत्रिकाको मोटरसाइकलमा आगजनी गरी मोबाइल खोसेकाले पीडित भएको बताए । कान्तिपुरका वेदराज पौडेल पहाडिया

भएकै कारण आक्रमणपछि विस्थापित हुन पुगेको घटनाहरूबाट पत्रिका प्रकाशन तथा समाचार संकलनमा अवरोध पुगेको देखिन्छ ।

नेपाल वानका शम्भु भण्डारी, कान्तिपुरका विनोद भण्डारी, विराट दर्पण साप्ताहिकका विजय पाठक र नेपाल टिभीका मोहन मानन्धरमाथि पहाडे पत्रकार भएको आरोपमा कुटपिट एवं दुर्व्यव्यवहार भएको भन्ने स्थानीय पत्रकारहरू मोहन भण्डारी, शिवबहादुर कार्कीको भनाइ थियो ।

### (ख) सुनसरी

मधेसी जनअधिकार फोरमको कार्यालय इनरुवा र बार एशोसिएसन इनरुवाको छलफलमा पत्रकारहरूले मधेस आन्दोलनसित सम्बन्धित समाचार निष्पक्ष संप्रेषण नगरेको, भेदपूर्ण समाचार दिने गरेको निष्कर्ष निकाले । मधेस आन्दोलनलाई साम्प्रदायिक दंगा भनी झुठा समाचार दिएको, मधेस आन्दोलनलाई मिडियामार्फत् दबाउने प्रयास गरेको आरोप आन्दोलनकारीहरूको थियो ।

पत्रकारिता क्षेत्रमा मधेसी पत्रकारहरूको समानुपातिक प्रतिनिधित्व नभएको हुनाले मधेस आन्दोलनलाई मधेसविरोधी समाचार प्रकाशित गरेको दाबी उनीहरूको थियो । पहाडिया पत्रकारहरू र तिनीहरूद्वारा सञ्चालित सञ्चार माध्यमहरू मधेस आन्दोलनविरोधी देखिएकाले पत्रकार एवं सञ्चार माध्यममाथि आक्रमण भएका हुन् भन्ने छलफलको निचोड थियो । तर पत्रकारहरु भने यो निचोडसँग सहमत छैनन् । उनीहरूका अनुसार आन्दोलनकारीहरू एकतर्फी कभरेज चाहन्थे र प्रत्येक घटना छापामा तस्बिरसहित आओस् भनेर दबाव दिन्थे ।

मधेसी जनअधिकार फोरमका कार्यकर्ताले सुनसरीको दुहबी बजारमा फागुन २४ गते कान्तिपुर पब्लिकेशन्सको सवारी साधनमा आक्रमण गरी क्षति पुऱ्याए । आक्रमणको समयमा कान्तिपुर पब्लिकेशन्सका कर्मचारीहरू गंगाराम भण्डारी, घनश्याम अधिकारी र चालक अमरबहादुर मगरलाई आक्रमण गरी घाइते भए । रौतहट जिल्लामा कान्तिपुर दैनिक र काठमाण्डु पोष्ट पुऱ्याएर विराटनगर फर्कंदै



गर्दा कान्तिपुर पब्लिकेशन्सका कर्मचारी र सवारी साधनमाथि दुहबी बजारमा बियरका बोतल र ढुंगाले आक्रमण गरिएको थियो । केही समयअगाडि कान्तिपुर दैनिकका समाचारदातालाई सद्भावना (आ.) का कार्यकर्ताले धम्की दिएका थिए । समाचारदाता वेदराज पौडेललाई कार्यक्षेत्र छोड्न बाध्य गरिएका थिए । सुनसरीमा फोरम तथा मधेसी समुदायका अन्य हिंसात्मक समूहहरू र पत्रकारहरूबीच केही समय 'तनावपूर्ण' सम्बन्ध रहेको भए पनि संवादमार्फत् सम्बन्ध सुध्रिएको पाइयो ।

### (ग) सप्तरी

मधेसी जनाधिकार फोरमले राजविराजको आफ्नो आन्दोलन शान्तिपूर्ण र आफ्नो नियन्त्रणमा रहेको दाबी गरेको पाइयो । राजविराजमा भएको शान्तिपूर्ण प्रदर्शनको समाचारलाई सञ्चार माध्यमले सम्प्रेषण गरेनन्, विभिन्न ठाउँमा भएको तोडफोडको घटनालाई मात्र बढी प्राथमिकता दिइयो भन्ने उनीहरूको भनाइ छ ।

स्थलगत अध्ययन अवधिमा २० चैत २०६३ मधेस बन्दको घोषणा गरिएको थियो । त्यसैदिन रुपनीमा कान्तिपुर पत्रिका जलाइएको थियो । त्यस स्थलमा जानका लागि फोरमका पदाधिकारीसँग छलफल गर्दा चिठी लेख्न सक्ने बताए । अनुसन्धान टोलीले जोखिम लिन उचित नठानी त्यस दिन गाडी नचलाएरै राजविराजमा काम गऱ्यो ।

२० चैतको घटनाकै क्रममा साँझ ६ बजे इमेज च्यानलले प्रसारण गरेको समाचारमा मोटरसाइकल सवारको नाक, कान काटेको समाचार सुनिए पनि त्यस किसिमको घटना नभएको स्थानीय व्यक्तिहरूबाट थाहा भयो ।

छलफलका क्रममा पत्रकार महासंघका सभापति निष्ठुरीले विद्युतीय सञ्चारमाध्यममा दिएको अन्तर्वार्तामा आन्दोलनकारीहरूले पहाडिया मानिसहरूलाई घेराबन्दी गरी कुटपिट गरेको भनी दिनुभएको अन्तर्वार्ताले निष्ठुरी पहाडिया मानसिकताबाट अलग हुन नसकेको फोरमको आरोप थियो । उक्त कुरा झूठो भएको र सो कुरा साँचो भए पुष्टि गर्न मधेसी युवा फोरमका सदस्य सुरेन्द्रकुमार चौधरीले चुनौतीसमेत दिए ।

सप्तरीको राजविराजस्थित होटल स्टार र बार एसोसिएसनको सभाकक्षमा भएको छलफलबाट विशेषत: पहाडिया पत्रकारहरूले मधेस आन्दोलनसित सम्बन्धित समाचार निष्पक्ष रूपमा सम्प्रेषण नगरेको, भेदपूर्ण समाचार दिने गरेको निष्कर्ष निकाले । स्वत:स्फुर्त उठेको मधेस आन्दोलनलाई साम्प्रादायिक दंगा भनी झूठा समाचार दिएको, पत्रकारहरूले मधेस आन्दोलनलाई मिडियामार्फत दबाउने प्रयास गरेको आरोप छलफलमा उठेको थियो ।

पत्रकारिता क्षेत्रमा मधेसी पत्रकारहरूको समानुपातिक प्रतिनिधित्व नभएको हुनाले मधेस आन्दोलनलाई विशेषत: 'कान्तिपुर' ले मधेस विरोधी समाचार प्रकाशित गरेको प्रसंग उठेको थियो । पहाडिया पत्रकारहरू र तिनीहरूद्वारा सञ्चालित सञ्चारमध्यमहरू मधेस आन्दोलन विरोधी देखिएकाले पत्रकार एवं सञ्चारमध्यममाथि आक्रमण भएका हुन भन्ने भनाइ पनि सुनियो ।

'मधेस आन्दोलन मधेसीहरूको साझा माग हो भन्ने थाहा हुँदाहुँदै पनि मधेसीहरूको जायज मागलाई राज्यको चौथो अंगको रूपमा रहेको पत्रकारित जगतले नजरअन्दाज गऱ्यो । 'केशव झा' को आन्दोलन विरोधी समाचार कान्तिपुरले दिनको चार/पाँच पटक प्रसारण गऱ्यो' (केशव झाले आफूलाई मधेसी युवा फोरमको अध्यक्ष दाबी गरी आन्दोलनले गलत दिशा लिएको हुँदा आफू आन्दोलनबाट अलग रहेको भन्ने अन्तर्वार्ता दिएका थिए) भन्ने भनाइ पनि सुनियो ।

स्थानीय पत्रिकाहरू प्रकाशन नै नगरी चुपचाप बसेको भन्ने आरोपबारे स्थानीय सञ्चारकर्मीसँग बुझ्दा अफसेट प्रेस लहानमा भएकाले बन्दले लहानसम्म जान नसकेको र गए पनि प्रेस बन्द भएको कारणले गर्दा समाचार प्रकाशित गर्न नसकेको भनाइ पाइयो ।

## (घ) सिरहा

सिरहाको लहानमा जम्मा भएका सञ्चारकर्मीहरूले सर्वेक्षणको प्रश्नावलीमाथि नै प्रश्न उठाउँदै नेपालगन्ज घटनालाई मधेस आन्दोलनसँग दाज्न नहुने दाबी प्रस्तुत गरेका थिए । उनीहरूको अनुसार नेपालगन्ज घटनापछि नभई लहान घटनापछि मधेस आन्दोलन सुरु भएको हो ।



सिरहा बजारको छलफलमा पनि मधेस आन्दोलनमा सञ्चारमाथि घटेका घटनाहरूको कारण सञ्चारमाध्यमबाट भएका गल्तीहरूलाई औंल्याउने प्रयास गरिएको थियो । सिरहामा मोटरसाइकलवालालाई गरिएको कुटपिटको घटनामा एकजना डाक्टरको संलग्नता रहेको बताए । साथै घटनामा संलग्न नरहेका व्यक्तिहरूलाई प्रहरी प्रशासनले धरपकड गरेको विरोधमा आपति प्रकट गरे ।

## (ङ) धनुषा

मधेसी जनअधिकार फोरमको कार्यालय जनकपुर, राजनैतिक पार्टीहरुको कार्यालय जनकपुर र बार एशोसिएसन जनकपुरमा गरिएको छलफलको क्रममा स्थानीय पत्रपत्रिका र स्थानीय एफएमले पनि मधेस आन्दोलनप्रति जिम्मेवारीपूर्ण भूमिका निर्वाह गरेको भन्ने आन्दोलनकारीहरूको मूल्याङ्कन पाइयो ।

रेडियो मिथिला निरपेक्ष रहेको भए तापनि जनकपुर एफएम मधेस आन्दोलनप्रति सापेक्ष देखिएकोले जनकपुर क्षेत्रका केही व्यक्तिहरूबाट 'फोरमको एफएम' भन्ने टिप्पणीसमेत गरिएको पाइयो । जनकपुर एफएमले मधेसी भावनालाई बल पुग्ने गरी समाचार सम्प्रेषण गरेकाले त्यसो भनेको भन्ने धारणा पाइयो ।

जनकपुरमा आन्दोलनका क्रममा मिडियामाथि खास अप्रिय घटना नभए पनि आन्दोलनको केही समयअगाडि नेपाली मधेसी स्टुडेन्ट्स फ्रन्टसँग सम्बद्ध र मधेसी जनअधिकार फोरमसँग सम्बद्ध १५ जना युवाको समूहले द काठमाण्डु पोष्ट, कान्तिपुर दैनिक, कान्तिपुर साप्ताहिक र अन्य पत्रपत्रिका तथा म्यागजिन जनकपुरमा जलाएका थिए । प्रत्यक्षदर्शीका अनुसार पत्रिका बोकेर गाडी जनकपुर पुग्नासाथ हातमा रातो कपडा बेरेका युवाले पत्रिका तथा म्यागजिन खोसेर जलाइदिएका थिए । ती युवकले पत्रिका पसलमा तोडफोड गर्नुका साथै सो गाडीका झ्यालका सिसा फुटाइदिएका थिए ।

धनुषामा मिडियाको स्वामित्व र सम्पादकीय नेतृत्व प्राय: मधेसी मूलहरूकै भएकाले पनि हुनसक्छ, आन्दोलनकारीहरूको आक्रोश मिडियामाथि नपरेको भन्ने विश्लेषण वरिष्ठ सञ्चारकर्मीहरूको छ । अन्यत्रभन्दा अनुशासित र राजनीतिक संस्कारयुक्त विरोध कार्यक्रम भएकोले पनि आन्दोलनमा अराजकतावादीले 'मनपरी' गर्न नपाएको धारणा राजनीतिक विश्लेषकहरूको पाइयो ।

आन्दोलनको क्रममा प्रहरीको आक्रमणबाट पत्रकार कुटिएको, पहिचान खुल्ने अवस्था हुँदाहुँदै पनि पत्रकार रामभरत साहलाई प्रहरीले निर्घात कुटपिट गरेको पाइयो। जसरी अन्यत्र पहाडी मूलका पत्रकार आन्दोलनकारीको निशाना बने। यहाँ मधेसी मूलका पत्रकार प्रहरीको आक्रमणको 'तारो' बनेको बताइयो। तथापि धनुषामा स्थिति अन्य जिल्लाको तुलनामा राम्रो पाइयो।

## (च) महोत्तरी

महोत्तरीको जलेश्वरमा राजनीतिक दलका नेता एंव कार्यकर्ताहरूसँग छलफल गर्दा विशेषतः मधेस आन्दोलनमा उठाइएका जायज मागहरूलाई सञ्चारले महत्व नदिएका र आन्दोलनलाई विकृतितर्फ डोऱ्याउने व्यक्तिहरूको चाहनाहरूलाई पर्दाफास गर्ने काम सञ्चार क्षेत्रले गर्नुपर्नेमा त्यसो गर्न नसकेको आरोप तिनीहरूले लगाए।

केन्द्रीयस्तरको पत्रपत्रिकाको नियमित पहुँच जिल्लासम्म थिएन, स्थानीय विद्युतीय सञ्चारमाध्यमहरूको भर पर्नुपर्ने अवस्था थियो। स्थानीय विद्युतीय सञ्चारमाध्यमहरूले स्याल जुलुस निकालिएको समाचार प्रसारण गरे। त्यस्तो गलत समाचार निकाल्न मिल्छ? भन्ने उनीहरूको प्रतिप्रश्न थियो। कुन चाहिँ एफएमबाट सो समाचार प्रसारण भएको थियो भन्नेबारे एफएमको नाम बताउन सकेनन्।

नेपाली कांग्रेस महोत्तरीका जिल्ला सचिवले आफ्नो कार्यालयमा एक खोका अश्रुग्यास प्रहार गरेकोमा सञ्चारमाध्यमहरूबाट आधा दर्जनभन्दा बढी अश्रुग्यास प्रहार गरेको भनी घटनालाई बढाइचढाइ प्रकाशन प्रसारण गरेको बताए।

बार एसोसिएसन र मधेसी जनाधिकार फोरमको कार्यालयमा भएको छलफलमा विशेषतः पत्रकारहरूमा आत्मविश्वासको कमी, क्षेत्रीयवाद, समाचार सम्प्रेषणमा कठिनाई, पहाडी सञ्चारकर्मीप्रतिको अविश्वास, आन्दोलनमा भएका अराजक व्यक्तिहरूको घुसपैठजस्ता कारणले पत्रकारहरूले निर्भीकताकासाथ कलम चलाउन नसकेको देखियो। त्यसैगरी बिनाप्रमाण स्वार्थवश झूठो समाचार प्रकाशित गर्ने,



घटनास्थलबाट अपुष्ट र अपूर्ण समाचार दिइएकोजस्ता आरोपहरू छलफलका क्रममा लगाइयो।

### (छ) सर्लाही

मलंगवाको नेपाल बार एसोसिएसन र मधेसी जनाधिकार फोरमसँग गरिएको छलफलमा विशेषत सञ्चारमाध्यमहरूले सत्य समाचार सम्प्रेसण नगरी वास्तविक घटना ढाकछोप गरी प्रकाशन/प्रसारण गरेको देखियो।

सञ्चारमाध्यममा गैरमधेसी पत्रकारहरूको बाहुल्य भएकाले मधेसको आन्दोलनलाई प्रमुख समाचार नबनाइनु, भ्रामक समाचार सम्प्रेषण हुनु, पूर्वाग्रही भई प्रकाशन बन्द गरी मौन बस्नुजस्ता कारणले पत्रकारहरू कुटपिटमा परेका र सञ्चारमाथि आक्रमण हुन गएको हो भन्ने अवधारणा पाइयो।

### प्रशासनको भूमिकामाथि प्रश्न

मधेस आन्दोलनको उद्‍गम स्थल नेपालगन्ज होइन तर नेपालगन्जमा मधेसीमाथि ज्यादतीको भएको हो भन्ने तर्क लहानका मधेसी पत्रकार र फोरमका कार्यकर्ताहरूको थियो। उक्त सीडी चक्काले मधेस आन्दोलन भड्काउनमा अहम् भूमिका खेलेको यथार्थता स्वीकार गरिएको थियो।

प्रशासनमा अझै अवशेषका रूपमा रहेका प्रतिगमनकारीहरूबाट उक्त सीडी चक्का वितरण हुनु, आन्दोलनकारीप्रति गलत सूचना प्रकाशित गराउनु, प्रशासनिक नियतलाई स्थानीय एवं राष्ट्रिय स्तरका सञ्चारमध्यमहरूले सहयोग गरेका कारण नै सञ्चार क्षेत्रमाथि आक्रमण भएको खुलासा जनकपुरमा गरिएको स्थानीय फोरमका कार्यकर्ता एवं राजनीतिक पार्टीका सदस्य र नागरिक समाजका व्यक्तिहरूको भनाइ पाइयो।

प्रहरी प्रशासनमा गैरमधेसी कार्यालय प्रमुख रहेकाले पहाडियाहरूको पक्षपोषण हुन गई पहाडियाहरूले आन्दोलन दबाउन गुण्डागर्दी गर्ने एवं हातहतियार लिई आक्रमणमा उत्रने र प्रहरी प्रशासनले उल्टै उनीहरूलाई नै सहयोग गरेको भन्ने कुरा स्थानीय फोरमका कार्यकर्ताहरूसँग लहानमा भएको छलफलबाट देखिन्थ्यो।

**निष्कर्षमूलक प्रतिक्रिया**

११ चैत २०६३ मा विराटनगरमा फ्रिडम फोरम र नेपाल प्रेस इन्स्टिच्युट, क्षेत्रीय सञ्चार स्रोत केन्द्र बिराटनगरले आयोजना गरेको मधेस आन्दोलन र सञ्चार विषयक अन्तर्क्रियामा उठेका प्रतिक्रियाहरूलाई यहाँ उल्लेख गरिएको छ ।

शान्तिपूर्ण आन्दोलनलाई भन्दा तोडफोड र विध्वंसलाई बढी महत्व दिई समाचार प्रकाशित गरेर मधेसको छवि बिगार्न मिडियाले प्रमुख भूमिका निर्वाह गरेको आरोप उनीहरूको थियो । नेपाल मानव अधिकार आयोग विराटनगरका निर्देशक सुवर्ण कर्माचार्यले पनि विध्वंससँग सम्बन्धित समाचारलाई मात्र पस्किँदा राजविराजमा भएको ऐतिहासिक शान्तिपूर्ण आन्दोलन ओझेलमा परेको बताउनुभयो ।

क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगरका अध्यक्ष शिवहरि भट्टराईले स्थानीय सञ्चारमाध्यमले राजविराजका समाचारलाई प्रमुखताकासाथ स्थान दिएको तर राजधानीका अखवारहरूले जानीजानी प्रकाशन नगरेको बताउनुभयो । उहाँले आन्दोलनकारीले पत्रपत्रिका ढुवानीमा लगाएको रोकका कारण पनि समाचार मरेको बताउनुभयो ।

महेन्द्र बहुमुखी क्याम्पस विराटनगरका सहप्राध्यापक जीवनारायण झा, सहप्राध्यापक परशुराम भगतले मिडियाले मधेस आन्दोलनमा राजनीति गरेको हुनाले त्यसप्रति आममधेसीको वितृष्णा बढेको बताउनुभयो । उद्घोष दैनिकका सम्पादक मोहन भण्डारीको भनाइ थियो (मिडियामा पहाडियाहरूको वर्चश्वका कारण यस्तो भएको हो ।



## ३. सर्वेक्षण अध्ययन*

**सर्वेक्षणको विवरण**

चैत २६ गते २०६३ सालदेखि जेठ २६ गते २०६४ बीचमा सामाजिक सर्भेक्षण अनुसन्धानकर्ताहरूद्वारा १३ प्रश्नहरूको प्रश्नावली आन्दोलनरत १५ जिल्लामा गरिएको थियो । सो प्रश्नावली अनुसन्धान परामर्शदाताहरूद्वारा तयार पारिएको थियो । यसको उद्देश्य आमसञ्चार संगठनहरू/सञ्चारकर्मीहरू र मधेस आन्दोलनका संगठनहरू/ कार्यकर्ताहरूबीचको सम्बन्धमा औपचारिक रूपमा अभिमत संकलन गर्नुथियो । प्रश्नावलीमा मुख्य गरी ५ प्रकारका प्रश्नहरू रहेका छन् । (१) उत्तरदाताको व्यक्तिगत पृष्ठभूमि (२) उत्तरदाताको सञ्चार आदत/व्यवहार ३) उत्तरदाताको मधेस आन्दोलन बारेको ज्ञान (४) पत्रकारिताको सिद्धान्त बारेको ज्ञान र (५) आन्दोलनमा आम सञ्चारको भूमिकाबारे उत्तरदाताको अभिमत । प्रश्नावलीको अभिमत/विचार (opinion) खण्डमा सर्वेक्षणअन्तर्गत प्रत्येक जिल्लाका उत्तरदाताहरूद्वारा व्यक्त ठूलो संख्यामा भनाइहरू रहेका छन् । प्रत्येक भनाइहरू एक वा अर्को रूपमा कमसेकम अप्रत्यक्ष रूपमा यस समस्यासँग सम्बन्धित छन् । प्रश्नावलीहरूबाट संकलन गरिएका क्षेत्रगत आँकडा (field data) लाई सांख्यिक विश्लेषण गरिएको छ ।

**मधेस आन्दोलनमा आमसञ्चार अभिमत सर्वेक्षण**

क्षेत्रगत आँकडा (field data) हरूको सांख्यिक (statistical) विश्लेषणको मुख्य उद्देश्य अभिमत परिवर्त्य (variable) को आमसञ्चार र मधेस आन्दोलनका परिवर्त्यहरूसँगको सम्बन्धको परीक्षण हो । तराईमा विद्यमान अस्थिर अवस्था तथा परिणाम स्वरूप उत्पन्न कठिनाइहरूले क्षेत्रगत आँकडा संकलन कार्य अनुसन्धान ढाँचाअनुरूप सफलतापूर्वक हुन सकेन । सांख्यिक प्रयोजन र व्याख्या/विश्लेषणका लागि तालिका १०, १३ र १५ अन्तर्गत संकलन गरिएको आँकडा मात्र लिइएको छ । यिनीहरूले अभिमतका मुख्य अनुसन्धान विषयहरूसँग

यस सर्वेक्षण अध्ययनको आँकडा विश्लेषण प्राध्यापक लाल देउसा राईबाट तयार पारिएको हो ।

सम्बन्ध राख्छन् । पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चल विकास क्षेत्रका नमुना तराई जिल्लाका जम्मा ९ सय १६ उत्तरदाताहरूसँग सम्पर्क गरिएको थियो । यस सर्वेक्षण प्रक्रियामा तालिका १० को प्रश्नको जवाफमा १ हजार ७१ उत्तर, तालिका १३ का प्रश्नहरूमा १ हजार ३ सय ४५ उत्तर प्रदान गरेको छ । तालिका १५ को प्रश्न बन्द सूची किसिमको हुनाले ९ सय १६ नमुना जनसंख्याबाट ठीक त्यही अनुपातमा उत्तरहरू ९ सय १६ उत्तर नै प्राप्त भएको छ ।

यस सर्वेक्षणमा सम्पूर्ण आमसञ्चारको संख्या ५२ छ । त्यसमध्ये २७ (५० प्रतिशत) छापामाध्यम, १९ (३६.५३ प्रतिशत) रेडियो र ६ वटा (११.५ प्रतिशत) टेलिभिजन परेका छन् । कुल १ हजार ७१ उत्तरहरूमध्ये छापामाध्यमतर्फ ४ सय ९५ (४६.२ प्रतिशत), रेडियोतर्फ ३ सय ५८ (३३.४ प्रतिशत) र टेलिभिजनतर्फ २ सय १८ (२०.३ प्रतिशत) छन् ।

मुलुकमा विद्यमान चुनौतीपूर्ण परिस्थितिलाई दृष्टिगत गर्दै उद्देश्यपूर्ण नमुना छनौट विधि (purposive sampling) प्रयोग गरेर आँकडा संकलन गरियो । क्षेत्रगत अनुसन्धानकर्ताहरूले उत्तरदाताहरूको छनौट गर्नुभयो जसबाट पहिलो

---

१५ जिल्लाबाट अध्ययनका लागि लिइएका जम्मा ९ सय १६ संख्याका उत्तरदातामध्ये प्रमुख उत्तरदाताहरू पहाडी ब्राह्मण, मधेसी ब्राह्मण र यादवहरूको बाहुल्यता छ ।

मधेसी आन्दोलनमा मुख्यरूपले उपयोग गरिएका छापा माध्यमहरूमा, राष्ट्रिय दैनिकहरूमध्ये *कान्तिपुर दैनिक* र *गोरखापत्र* प्रमुख रहेको पाइयो भने स्थानीय पत्रपत्रिकाहरूमा *ब्लाष्ट, राजविराज टुडे, प्रतीक, जनसंघर्ष* र *नेपालगन्ज टाइम्स* पाइयो ।

विद्युतीय सञ्चारमाध्यमहरूमा राष्ट्रियस्तरका रेडियोहरूको खासै उपयोग गरेको पाइएन तर राष्ट्रियस्तरका टेलिभिजनहरूमध्ये, *नेपाल टेलिभिजन* र *कान्तिपुर टेलिभिजन* प्रमुख रूपमा उपयोग गरिएको पाइयो ।

स्थानीयस्तरमा *नेपाल वान* र *आजतक* टेलिभिजनको बढी उपयोग गरिएको पाइयो ।

उत्तरदाताहरूको मधेस आन्दोलनको जानकारीको आधारमा सर्वेक्षण गर्दा औसत ९२ प्रतिशत सर्वेक्षित जनसंख्यालाई मधेस आन्दोलनको जानकारी रहेको पाइयो ।



सम्पर्कमा नै उपयोगी र सान्दर्भिक सूचना उपलब्ध हुने अपेक्षा गरिएको थियो । त्यहाँ कुनै पूर्णनिर्धारित नमुना आकार (sample size) थिएन । न त त्यहाँ प्राथमिकतापूर्ण अभिव्यक्ति दिने तहगत खाली ठाउँ नै थियो । त्यसैले अभिमतको क्रमिक मापन (ordinal measurement) सन्दर्भ बाहिरको कुरा थियो । क्षेत्रगत अनुसन्धाताहरू (field researchers) ले राजनीतिक रूपमा तनावग्रस्त जिल्लाहरूबाट खास समय अन्तरालभित्र सम्भव भएसम्म धेरै स्थानीय जनताबाट धेरै आँकडाहरू संकलन गरेका छन् । यसबाट आचारसँग सम्बन्धित केही प्रश्नहरू उठ्न सक्छन् जे भए पनि राजनीतिक रूपमा उत्प्रेरित अस्थिर समाजमा आमनेसामने प्रत्यक्ष अन्तर्वार्तामार्फत संवेदनायुक्त सूचना संकलनमा विद्यमान जोखिमले आचारको प्राथमिकतालाई गौण बनाइएको थियो ।

उत्तरहरूलाई खास ढाँचामा सम्पादन र समायोजन गरिएको छ जसले समाजविज्ञानको मुख्य क्षेत्रलाई प्रतिविम्वित गर्छ । यसमा नाममात्रको मापन (nominal measurement) को तह प्रयोग गरिएको छ । किनभने प्रश्नहरू तथा तिनका उत्तरहरू खुल्ला (open ended) छन् । साथै तिनलाई सम्भव भएसम्म उद्देश्यपूर्वक विशेष रूपमा वर्गीकृत गरिएको छ । हरेक वर्गका गुणहरूलाई संख्यामा (numerals) (प्रतिशतमा पनि) व्यक्ति गरिएको छ । तर वास्तवमा यी आँकडाहरू गुणात्मक नै हुन् । यी आँकडाहरू विभिन्न वर्गहरूका औषत मूल्यमापन गर्ने केन्द्रीय प्रवृत्ति (central tendency) मापन गर्न प्रयोग गरिएका छन् । यसबाट सञ्चार र मधेस आन्दोलनको सन्दर्भमा नमुनामा समग्र जनसंख्याको मुख्य विशेषताहरू अभिव्यक्त हुन्छन् भन्ने अपेक्षा गरिएको थियो । तालिका १५ को आँकडालाई दुई वर्गीय (dichotomous) हो/होइन स्वरूपमा मापन गरिएको छ । यो मापनलाई अनुपात तह (ratio level) को मापनको रूपमा लिन सकिन्छ । किनकी 'होइन' ले शून्यको प्रतिनिधित्व गर्छ । तर यो जानकारी छैन र उत्तर छैन जस्ता वर्गका जवाफहरूमा पनि आकर्षित हुन्छ । खास परिधिजन्य (parametric) तहमा आँकडा विश्लेषणका लागि यी दुई वर्गलाई बेवास्ता गर्न सकिन्छ ।

**सर्वेक्षणको उद्देश्य**

यस सामाजिक अनुसन्धानको मुख्य लक्ष्य भनेको आमसञ्चार र मधेस आन्दोलनको सम्बन्धका प्रवृत्तिहरू थाहा पाउनु हो । यसमा असम्भाव्यता नमुना छनौट (non-probability sampling) विधिको प्रयोग गरिएको छ । यसैले यस अनुसन्धानको निष्कर्षलाई सम्भाव्यता नमुना छनौट विधि (probability sampling) मा (जसलाई अध्ययनमा लक्षित जनसंख्याको प्रतिनिधित्व गर्छ भन्ने मानिन्छ) झैं सामान्यीकरण गर्न सकिँदैन । यस अनुसन्धान प्रयोजनका लागि प्रयोग गरिएको विधिले सशक्त (parametric) परिधिजन्य साख्यिक परीक्षण प्रयोगको अनुमति दिँदैन । जे भए पनि यस अध्ययनको निष्कर्षले सञ्चार नीति योजनाकार तथा सञ्चारकर्मीहरूका लागी पनि सहयोग पुर्‍याउँछ । साथै यसले देशका राजनीतिज्ञहरूलाई पनि सकारात्मक रूपमा फाइदा पुर्‍याउने छ ।

---

**प्रतिवेदनमा प्रयोग भएका शब्दहरूको स्पष्टीकरण**

**हिंसा (Violence) :** यो एक महत्वपूर्ण शब्द हो जसलाई स्पष्ट रूपमा बुझ्नै पर्दछ । समष्टिमा तालिका १३ ले सर्वेक्षण जिल्लाको अभिमतको प्रतिच्छाया व्यक्त गर्छ । यसले दुस्मनीका कारणहरू, भौतिक आक्रमण, बखेडाबाजी, आगलागी अथवा नकारात्मक प्रवृत्ति र यस्तैगरी आमसञ्चारविरुद्ध भएका कुराको व्याख्या गरेको छ । यी कुराहरू- तपाईंको विचारमा किन सञ्चारकर्मीमाथि आक्रमण गरिएको थियो ? समाचार स्रोतमा पहुँच बनाउन नसकेर अथवा समाचार स्रोतको पहुँच इन्कार गरेकाले- भन्ने प्रश्नको जवाफस्वरूप आएका थिए ।

खासगरी यस प्रश्नले नामै लिएर भन्नुपर्दा (क) भौतिक आक्रमण (ख) समाचार स्रोतसम्मको पहुँचको असक्षमता (ग) समाचारस्रोत पहुँच इन्कारी आदि पारस्परिक समावेशीकरणयुक्त जवाफ खोज्छ ।

यस अध्ययन प्रयोजनका लागि मधेस आन्दोलनको सन्दर्भमा आम सञ्चारप्रतिको जिल्लागत प्रवृत्तिका यी तीन सूचकहरूलाई गाल्टुङको परिभाषाबमोजिम 'हिंसा' शब्दले सार निर्माण गरिएको छ । यो शब्दावलीलाई गाल्टुङको परिभाषाअनुसार व्यक्तिगत हिंसा र संरचनात्मक हिंसाका अर्थमा बुझिन्छ (१९७१*) व्यक्तिगत हिंसा, प्रत्यक्ष हुन्छ साथै यसमा जानेका र नजानेका व्यक्तिहरू संलग्न हुन्छन् ।

**व्यक्तिगत हिंसा (personal violence)** : भन्नाले व्यक्तिको लक्षित शारीरिक र वा मानसिक विक्षिप्तता बुझिन्छ । गाल्टुङले अर्को संरचनात्मक हिंसा (structural violence) को समेत चर्चा गरेका छन् । यो सामाजिक प्रणाली (अन्याय) मा हुने अप्रत्यक्ष हिंसा हो । यो स्पष्ट रूपमा नदेखिने कर्ता र हिंसाको सिकारबारे जानकारी नभएकाहरूमाथि हुन्छ । यो असमान शक्ति सम्बन्धहरू (जीवनका अवसरहरू) मा अभिव्यक्त हुन्छ । वास्तविकतामा हुने धेरै हिंसाका घटनाहरूलाई मुस्किलैले व्यक्तिगत हिंसा मान्न सकिन्छ । किनकि यिनको मूलकारण सामान्य तथा संरचनात्मक स्वरूपको हुन्छ ।

---

* जे गाल्टुङ, भ्वायोलेन्स, पीस एण्ड पप्स रिसर्च, जोनर्ल अफ पीस रिसर्च (६), १९६९



प्रश्न र उत्तरबीचको गुणात्मक महत्वको सम्बन्ध थाहा पाउन आँकडा विश्लेषणले हर प्रश्नका उत्तरहरूको परीक्षण गर्नेछ । यस विश्लेषणको परिणामलाई २१ दिने मधेस आन्दोलनमा विद्यमान विचारहरूको प्रवृत्तिसूचक विवरणात्मक एकल परिवर्त्य आँकडा (descriptive univariate data) भन्न सकिन्छ । यी संख्याहरू आवृत्ति वितरण (frequency distribution) मा आधारित छन् । जसले प्रश्नावलीका हरेक प्रश्नहरू (परिवर्त्यहरू) को खास उत्तरहरू दिन्छ । कति उत्तरदाताहरू तथा उत्तरदाताहरूको कति प्रतिशतले खास के उत्तर दिए भन्ने पक्षलाई देखाउँछ । यो केन्द्रीय प्रवृत्तिको मापन औसतसँगै हुन्छ । जसले एकल परिवर्त्य क्षेत्र (single variable cluster) को कस्तो मूल्य रहेछ भन्ने कुरा देखाउँछ । केन्द्रीय प्रवृत्तिले २१ दिने मधेस आन्दोलनताका विद्यमान आमसञ्चार र मधेस आन्दोलनका सम्बन्धका विशेषताहरूलाई अभिव्यक्त गर्छ । सूचकको उच्च आवृत्ति अथवा क्रम (mode) को औसत मूल्यमापन गरिन्छ । यसले अभिमत परिवर्त्यहरूको केन्द्रीय आवृत्ति बारेमा एउटा विचार दिनेछ । साख्यिकरूपमा भन्नुपर्दा नाममात्रको तह (nominal level) का आँकडाहरू क्रम (mode) मापन भन्दा केन्द्रीय आवृत्ति मापनमा जिम्वेवार हुँदैनन् ।

---

मानिसहरूको शारीरिक र मानसिक अनुभूति तिनीहरूको सम्भाव्य अनुभूतिभन्दा कम भए वा मानिसहरू त्यसरी प्रभावित भए **संरचनात्मक हिंसा** हुन्छ । यसरी संरचनात्मक हिंसाका कारण सम्भाव्य र वास्तविक अनुभूतिको भिन्नता नै हो । कहिले कुन रूपमा संरचनात्मक हिंसा हुन्छ भन्ने प्रश्नको जवाफ सधैं एक आदर्शमात्र हुन्छ । यो निर्णय गर्ने व्यक्तिका मान्यताहरूमा निर्भर हुन्छ । यस अध्ययनको सन्दर्भमा हिंसाको यो अवधारणा साख्यिक रूपमा हिंसा बारेका प्रतिक्रियाहरूको शारीरिक वा संरचनात्मक किसिमलाई सारमा बदल्न उपयोगी हुन्छ । यस अध्ययनले हिंसाको यो अवधारणात्मक ढाँचाभित्र सञ्चार संगठनहरू तराईका सञ्चारकर्मीहरू तथा मधेस आन्दोलन/कार्यकर्ताहरूबीचको सम्बन्धको विश्लेषण गर्छ ।

हिंसाको यो बृहत्तर अर्थ मनन गर्दै सम्पूर्ण उत्तरहरूलाई सांख्यिक विश्लेषणका लागि नौ प्रकारमा विभाजन गरी तालिका १३ मा राखिएको छ । ती नौ प्रकारका हिंसाहरू हुन्- राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, पेसागत, फौजदारी, हिंसाहीन अवस्था, ज्ञान नभएको र उत्तर नदिएको र यी सबै नौ प्रकारका हिंसाहरू नमुना छनौटका उत्तरदाताहरूको उत्तरहरूको शारीरिक र संरचनात्मक हिंसाप्रतिको मान्यताका आधारमा वर्गीकरण गरी लिइएको हो ।

**राजनीतिक हिंसा (political violence)** : भन्नाले नेपालमा वा बाहिरी मुलुकमा हुने सरकार, राजनीतिक दल, राजनीतिज्ञ र अरू राजनीतिक संस्थाहरूसँग सम्बन्धित कुनै पनि हिंसालाई जनाउँछ ।

**सामाजिक हिंसा (social violence):** पत्रकारहरू र मधेस आन्दोलनका गतिविधिबीच हुने शत्रुतापूर्ण, आक्रमक, बदलाभावयुक्त, घृणा गर्ने खालको सम्बन्ध वा मधेसी जनताका व्यक्तिगत र सामाजिक तहका सम्बन्धमा हुने कुनै पनि हिंसाले सामाजिक हिंसालाई बुझाउँछ ।

## मधेस आन्दोलनमा सञ्चार प्रभावको स्वरूप

मधेस आन्दोलनमा सञ्चार प्रभावको स्वरूपलाई नमुना छनौट गरिएका जिल्लाहरूमा हरेक जिल्लाको कुनै खास सञ्चार साधनको आवृत्ति वितरण मापन गरी गणना गरिएको छ । त्यसैगरी सर्वेक्षणको कुनै खास जिल्लामा सम्पूर्ण सञ्चारको प्रभाव स्वरूपलाई सञ्चारको आवृत्ति औसत गणना गरी मापन गरिएको छ । यस विश्लेषणको मुख्य परिणाम २१ दिने मधेस आन्दोलनको क्रममा आम सञ्चारले खेलेको अहम् भूमिका बारेमा ज्ञान प्रदान गर्नु हुनेछ ।

हरेक जिल्लाको जनसंख्या स्थितिको सांख्यिक सारलाई सान्दर्भिक सञ्चार आवृत्ति वितरण ढाँचासँगै अध्ययन गर्न सकिन्छ । जसबाट सञ्चार-मधेस आन्दोलन सम्बन्धको समाजशास्त्रीय प्रभाव थाहा पाउन सकिन्छ ।

---

**आर्थिक हिंसा (economic violence)**: मधेस आन्दोलन, जनता वा आमसञ्चारसँग सम्बन्धित आर्थिक कारोबार, आर्थिक विषयहरू वा समस्याहरू अथवा वित्तीय संलग्नतासँग सम्बन्धित वा तिनलाई असर पार्ने खालका कुनै पनि हिंसाले आर्थिक हिंसालाई बुझाउँछ ।

**सांस्कृतिक हिंसा (cultural violence)**: सञ्चार सम्प्रेषणका विषयवस्तु तथा यसको ग्रहण गर्ने सन्दर्भमा मधेस आन्दोलनबाट प्रभावित जिल्लाहरूमा भएका कुनै प्रकारका हिंसाले सांस्कृतिक हिंसालाई बुझाउँछ ।

**पेसागत हिंसा/व्यावसायिक हिंसा (professional violence)**: सञ्चारकर्मीहरूको प्रवृत्ति तथा व्यवहार साथै मधेससँग सम्बन्धित तिनीहरूको पेसागत/व्यावसायिक अभ्याससँग जोडिएका जुनसुकै प्रकारका हिंसाले व्यावसायिक/पेसागत हिंसालाई बुझाउँछ ।

**फौजदारी हिंसा (criminal violence)**: सञ्चारकर्मीहरू वा मधेसी जनता/कार्यकर्ताहरूको हत्या, आगलागी, सञ्चारकर्मीहरूको नियतवश गरिने दुरुपयोग तथा सञ्चार वा राजनीतिक शक्तिको आपराधिक दुरुपयोगसँग सम्बन्धित जुनसुकै हिंसाले फौजदारी हिंसालाई जनाउँछ ।

**हिंसाहिन अवस्था (no violence)**: २१ दिने मधेस आन्दोलनको सन्दर्भमा कुनै प्रकारका हिंसा गतिविधि वा घटना घटित भएको अस्विकार गर्ने उत्तरहरूले हिंसा नभएको अवस्थालाई जनाउँछ ।

**ज्ञान नभएको (no knowledge)**: २१ दिने मधेस आन्दोलनका सन्दर्भमा सञ्चारकर्मीहरू तथा मधेस आन्दोलन/कार्यकर्ताहरूबीचको सम्बन्धका बारेमा उत्तरदाताहरूको अज्ञानता वा सूचनाको अभावले ज्ञान नभएको अवस्थालाई बताउँछ ।



२१ दिने मधेस आन्दोलनको क्रममा सञ्चारविरुद्धको शत्रुतापूर्ण वा हिंसक व्यवहारको कारणहरूमध्ये छनोट गरिएका नमुना जिल्लाहरूमा जिल्लागत रूपमा कुनै खास कारणलाई आवृत्ति मापनद्वारा गणना गरिएको छ । त्यसैगरी यस सर्वेक्षण प्रयोजनका लागि जिल्लागत रूपमा कारणहरूको व्यवहार (mode of reasons) लाई कुनै खास जिल्लामा तिनीहरूको आवृत्ति मापनद्वारा गणना गरी समूहकृत गरिएको छ ।

यस विश्लेषणको मुख्य परिणाम २१ दिने मधेस आन्दोलनलाई निरन्तरता दिन वा रोक्न कुन त्यस्तो खास कारण जिम्मेवार थियो भन्नेबारे जानकारी दिनुहुनेछ । यो परिणामलाई जिल्लागत जनसंख्याको विवरणको सामाजिक प्रभाव अध्ययन गर्न प्रयोग गर्न सकिन्छ । प्रश्नावलीमा खुल्ला प्रकृतिका प्रश्नहरू रहेकाले हरेक उत्तरदाताले आफ्नै शब्दमा उत्तर दिएका छन् । त्यस्तो उत्तरहरूलाई एकै स्वरूपमा व्यवस्थित गरी अध्ययनको औचित्य पूरा गर्नका लागि स्वैच्छिक रूपमा उत्तरहरूलाई सांकेतीकरण तथा वर्गीकरण गरिएको छ । सांकेतीकृत उत्तरहरू उत्तरका अर्थहरूको व्याख्या गरी निर्माण गरिएका छन् । कुनै पनि प्रश्नावली जसको कुनै प्रश्नले उत्तरदातालाई कुनै खास हिसावले उत्तर दिन वा कुनै विशेष दृष्टिकोणको समर्थन गर्न प्रोत्साहन गर्छ भने पक्षपात स्वतः जन्मन्छ । त्यसैगरी अनुसन्धानकर्ताले गर्ने उत्तरहरूको आफ्नै व्याख्याले थप पक्षपातलाई बढाउँछ । सर्वेक्षण अनुसन्धान निष्कर्षको गुणात्मक विश्लेषणमा पक्षपातलाई स्वाभाविक रूपमा लिइन्छ ।

**अध्ययनको एकाइका रूपमा जिल्ला:** अनुसन्धानलाई खास तर्कमा पुऱ्याउनका लागि यस्ता हरेक एकाइहरूबाट नमुनाहरूको एक समूहलाई लिइयो । जसले २१ दिने मधेस आन्दोलनको क्रममा आमसञ्चार र जिल्ला एकाइहरूको अन्तरसम्बन्ध देखाउँछ ।

---

**आवृत्ति वितरण (Frequency Distribution)**

सामान्यतया एकल परिवर्त्य विश्लेषण भन्नाले आवृति वितरणका गुणहरू (घटनाहरू) सँग सम्बन्धित प्रश्नमा एक मात्र परिवर्त्य भएको अध्ययनलाई जनाउँछ । आंकडाहरूको प्रस्तुति व्यवस्थित गर्नका लागि तिनीहरूलाई समूहकृत गरी कच्चा/अस्थायी संख्या (raw number) साथै प्रतिशत स्वरूपमा समेत प्रस्तुत गरिएको छ । यस आवृत्ति गणना प्रयोजनका लागि आँकडाहरूलाई उपयुक्त आधारमा समूहकृत गरी व्यवस्थित गरिएको छ । साथै आंकडाहरूको क्रम (mode) मूल्य व्यक्त गर्नका लागि तिनीहरूलाई सार औसत केन्द्रीय प्रवृत्ति मापनको स्वरूपमा व्यक्त गरिएको

**छानिएका उत्प्रेरक सञ्चारमाध्यमहरू:** यसमा अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीयस्तरका पत्रपत्रिकाहरू, रेडियो स्टेसनहरू, टेलिभिजन स्टेसनहरू (केबल स्टेसनहरू) को भूमिका हेरिएको छ। यस्ता गुणहरू पारस्परिक रूपमा विशेष रहन्छन्। यसरी विभिन्न जिल्लागत एकाइमा विविध गुणहरूको सापेक्षित आवृत्ति वितरणहरूको अध्ययन गरिएको छ। जसले मधेस आन्दोलनको क्रममा सञ्चारको प्रतिनिधिमूलक भूमिकाबारे निष्पक्ष रूपमा स्पष्ट धारणा दिन्छ।

**आमसञ्चारविरुद्ध हिंसा**लाई निम्न स्वरूपमा बुझिन्छ : राजनीतिक, सामाजिक, आर्थिक, व्यावसायिक, सांस्कृतिक, फौजदारी, हिंसा नभएको अवस्था, ज्ञान नभएको र जवाफ नभएको अवस्था। यस किसिमका गुणहरू स्वैच्छिक रूपले निर्धारण गरिन्छन्। त्यसकारण तिनको पारस्परिक विभेद र फरक जति वैज्ञानिक र स्पष्ट हुनुपर्ने हो त्यति नहुन सक्छ। तर उपरोक्त हिंसाका स्वरूपहरू आमसञ्चार-मधेस आन्दोलनको सम्बन्धको गतिशील प्रकृति बुझ्न उपयोगी हुन सक्छन्।

### नमुना छनोट निर्धारण (Sampling Design)

जिल्लाहरू उद्देश्यपूर्ण/विवेकपूर्ण नमुना छनौट विधिबाट छानिएका थिए। मधेस आन्दोलनका कार्यकर्ताहरू वा सक्रिय रूपमा संलग्न जनताको सूची अहिले प्राप्त हुन सकेको छैन। अथवा यसलाई तुरुन्तै तयार गर्न सकिदैन। त्यसकारण नमुना छनौटको ढाँचा तयार गर्न यो छनौटको विधि लिन पर्थ्यो। एउटा विशेष परिस्थितिमा प्रयोग गर्नका लागि यो विधि कम विश्वसनीय भए पनि सजिलो र कम खर्चिलो छ। यस्तो असम्भाव्य नमुना छनौट विधिमा सांख्यिक नमुना छनौट विधिमा हुने त्रुटि हुँदैन।

---

छ। यी एकल परिवर्त्य प्रस्तुतिहरूले एकमात्र परिवर्त्य भएका आँकडाहरूको विवरणात्मक सार दिन्छन्। जसबाट प्रत्येक सामाजिक सर्वेक्षणका प्रश्नको उत्तर अपेक्षा गरिन्छ।

केन्द्रीय प्रवृत्तिको मापन मध्यमान (mean), मध्याङ्क (median) र क्रम (mode) को स्वरूपमा गरिन्छ। यी सबै मापनमध्ये क्रम गणना सबैभन्दा सरल छ। साथै यसले मात्र परिवर्त्यको नाममात्रको तहको मापनलाई अर्थ प्रदान गर्छ। त्यसकारण यस अध्ययनमा तालिका १५ मा प्रयोग गरिएका दुई वर्गीय (dichotomous) आँकडामा बाहेक अभिमत (opinion) को औसत वितरण मापनका लागि क्रमको मापन प्रयोग गरिएको छ।



## आंकडा विश्लेषण

### क) सञ्चारमाध्यम परिवर्त्य

***प्रश्न** : छापा वा विद्युतीय माध्यम कुनचाहिँ माध्यमले राज्य वा सरकारविरुद्ध मधेसी जनमानसलाई उत्प्रेरित गर्न महत्वपूर्ण भूमिका खेलेको थियो ?*

यस प्रश्नमा खुला र सोझो उत्तर पाउने आशा राखिएकाले उत्तरहरू दोहोरिने धेरै संभावना छ। यस अर्थमा एक निश्चित प्रतिशतले यथार्थ प्रतिशतलाई नसमेट्न पनि सक्तछ। तथापी यसले निर्धारित जिल्लाहरूमा वा कुनै एक जिल्लामा पाइएको सञ्चारमाध्यमको भूमिकाको स्तरबारे धारणा बनाउन अवश्य सहयोग पुऱ्याउँछ।

सञ्चारको मुख्य भूमिका परिभाषित गर्नका लागि जम्मा १ हजार ७१ उत्तरमध्ये ४ सय ९५ उत्तरहरू छापा माध्यमसम्बन्धी छन् भने ३ सय ५८ उत्तरहरू रेडियो र २ सय १८ उत्तर टेलिभिजनसम्बन्धी छन्। जसमा जिल्लाभरका जम्मा अभिमतहरू जो सञ्चारमा कुल उत्तरहरूको पाँच प्रतिशत वा सोभन्दा माथि छरिएर रहेका छन्। संख्यात्मक रूपमा ५८ र सोभन्दा माथिको मतको मूल्यलाई मात्र यस विश्लेषण प्रयोजनका लागि लिइएको छ। कुल उत्तरहरूमध्ये २३ प्रतिशत उत्तरहरू समावेश गरिएका छैनन्।

#### व्याख्या र विश्लेषण

नमुना जिल्लाको जनसंख्याको ५ प्रतिशतभन्दा कमको अनुपातमा प्राप्त उत्तरहरूलाई यस विश्लेषणमा समावेश गरिएको छैन। कम्युनिकेसन कर्नर स्वयंमा आम सञ्चारमाध्यम नभई कार्यक्रम उत्पादन र वितरणसित सरोकार राख्ने संस्था भएकाले यस विश्लेषणमा त्यसलाई समावेश गरिएको छैन। समग्रमा कुल

उत्तरहरूमध्ये ४३ प्रतिशतलाई यस विश्लेषणमा समावेश गरिएको छ। जसले १४ प्रकारका मूल्यहरूको निर्माण गर्छन्।

यस विश्लेषणले (५ प्रतिशत र यस माथिको ) जम्मा अर्थपूर्ण अभिमतहरूमध्ये (५०३), ३६ प्रतिशत हिस्सा छापा मिडिया, २५ प्रतिशत हिस्सा रेडियो, ३९ प्रतिशत हिस्सा टेलिभिजनले ओगट्छ। जिल्ला तहमा ७४ क्षेत्रहरूमध्येको (५ प्रतिशत भन्दामाथि) को मतको मूल्य एक मात्र सञ्चारमाध्यममा रह्यो। त्यो हो रेडियो। अन्य सञ्चारमाध्यमहरू ५ प्रतिशतको स्तरभन्दा तल रहे।

मधेस आन्दोलनमा सञ्चारमाध्यमको प्रभाव मापन गर्नका लागि उच्चस्तरका ५ छापा तथा विद्युतीय सञ्चारमाध्यमलाई लिने हो भने कान्तिपुर दैनिकले (१ सय १७ उत्तर), जनकपुर एक्सप्रेसले (४९ उत्तर), जनकपुर टुडेले (४५ उत्तर) गोरखापत्रले (३१ उत्तर) तथा राजविराज टुडे, अन्नपूर्णपोष्ट र जनसंघर्ष दैनिकले १३ अंक प्राप्त गरी कुल २८१ उत्तर भए, जुन कुल उत्तर संख्या (८ सय २०) को ६८.५ प्रतिशत हुन आउँछ। यसको तात्पर्य हुन्छ, प्राप्त उत्तरका आधारमा उल्लेखित छापा सञ्चारमाध्यमहरूले राज्यविरुद्ध आन्दोलनमा उत्रन मधेसी आन्दोलनका कार्यकर्ताहरू (Activists) लाई अभिप्रेरित गरे। यसैगरी, ५ मुख्य रेडियो प्रसारण माध्यमहरूको श्रोताबाट प्राप्त उत्तरहरूलाई विश्लेषण गर्ने हो भने कान्तिपुर एफएम (८५), रेडियो मिथिला (५६), इमेज एफएम (३३), मिथिला एफएम (२७) र जनकपुर एफएम (१२) को संख्यालाई मिलाएर कुल उत्तरहरू (८२०) को २६ प्रतिशत हुनगई सोही अनुपातमा जनमानसमा प्रभाव रहेको पाइन्छ।

टेलिभिजनको भूमिकाबारे प्राप्त १२० उत्तरहरूको विश्लेषण गर्दा नेपाल टेलिभिजनको ६७ (५६ प्रतिशत) र कान्तिपुर टेलिभिजनको ५३ उत्तरहरूको (४४ प्रतिशत) भूमिका रहेको पाइन्छ।

(यस विश्लेषणको आँकडाको लागि सँगैको तालिका हेर्नुहोस्)

तालिका २

| SN | Code | D1 | D2 | D3 | D4 |
|---|---|---|---|---|---|
| 1 | Kan | 12 | | 24 | 18 |
| 2 | Kfm | | | 28 | 27 |
| 3 | NTv | | | | |
| 4 | Rmi | | | | 12 |
| 5 | Ktv | | | 14 | 20 |
| 6 | Jae | | | | |
| 7 | Jat | | | | |
| 8 | Ifm | | | 15 | 18 |

## ख) व्यवधानको कारण

*प्रश्न : पत्रकारहरू आक्रमणमा पर्नु एवं समाचार स्रोतसम्म पुग्न नसक्नु वा पुग्न नदिइनुको कारण के हो ?*

**तालिका ३**

| Reason | Disctrict/Opinion | | | |
|---|---|---|---|---|
| Political | D1,5/39 | D12/35 | D2/34 | D9/26 |
| Social | D5/29 | D2,7/20 | D1/18 | D12/13 |
| Economic | XX | XX | XX | XX |
| Cultural | D12/25 | D10/11 | D5/10 | D15/6 |
| Professional | D15/84 | D2,3/62 | D4/54 | D7/45 |
| Criminal | D6/13 | D13/10 | D1,5,7/8 | D9/5 |

यो अध्ययन यस मान्यतामा आधारित छ कि- पाँच सबैभन्दा बढी अंकका मतहरू रहेको जिल्ला समूहलाई नमुना छनौटका जिल्लामध्ये प्रतिनिधिमूलक मतकारूपमा लिन सकिन्छ । यी पाँच उच्च विचारहरूको मध्यमान ८१ प्रतिशत छ ।

सञ्चारविरुद्धको हिंसामा सबैभन्दा गणनीय कारण (३५१) सञ्चारकर्मीहरूमा पेसागत आचरणको अभाव देखिन्छ । त्यसैगरी क्रमश: राजनीतिक कारण, सामाजिक कारण, सांस्कृतिक कारण, फौजदारी कारण पनि महत्वपूर्ण छन् । हिंसाका पछि सामन्यतया आर्थिक कारण देखिदैन । सिराहा (D4) को आंकडाले राजनीतिक कारण र ज्ञान नभएको भन्ने उत्तरमा सबैभन्दा बढी उत्तर संख्या देखाउँछ । यी दुई वर्गका कारणहरूबीच कस्तो सम्बन्ध रहेको छ भन्ने विषय भावी अनुसन्धानको विषय हो । मधेस हिंसाका राजनीतिक कारणहरूमा सिराहा जिल्लाको परिवेशलाई यस अनुसन्धानको प्राक्कल्पना (Hypothesis) सँग जोडिएको छैन । यसैगरी महोत्तरी (D6) को आँकडाले सञ्चारविरुद्ध हुने हिंसामा फौजदारी



कारणको सबैभन्दा उच्च स्थान देखाउँछ सँगसँगै यसले थाहा छैन भन्ने उत्तरको सबैभन्दा बढी स्थान देखाउँछ । यी दुई उत्तरको बीचमा केही महत्वपूर्ण सम्बन्ध छ ? यो थप अध्ययनको विषय हो । निश्चय पनि यस्ता उत्तरको पछि 'डर' एउटा कारण हुन सक्छ । निश्चय नै यस्ता उत्तरदाताहरूले सत्य कुराको उजागर गर्न निशिद्ध गर्ने कारणको रूपमा डर रहेको हुन सक्छ ।

*(पूर्ण विवरण अनुसूची 'क' मा हेर्नुहास्)*

## ग) सञ्चार/पत्रकारहरूको व्यावसायिक प्रस्तुतिसम्बन्धी विचारहरूको मापन

*प्रश्न : पत्रकारहरूले सत्यता, वस्तुपरकता र स्वच्छन्दताजस्तो सिद्धान्तको पालना गरेजस्तो लाग्छ कि लाग्दैन ?*

पत्रकारिताको सिद्धान्तमाथि उत्तरदाताहरूको विचारलाई खण्डित श्रेणीमा प्रस्तुत गरिएको छ । टेबुलमा प्रस्तुत भएका (बन्द सूची) का प्रश्नहरूका उत्तरलाई बन्द सूचीका मूल्यका- परिवर्त्य) Vanable हरूमा वर्गीकरण गरिएको छ । ती हुन्: 'हो', 'होइन', 'ज्ञान छैन' र 'उत्तर छैन' । यी विचारपरक आँकडाहरूको आवृत्तिलाई तिनीहरूको मध्यक मान निकाल्न प्रयोग गरिन्छ । जसले २१ दिने मधेस आन्दोलनका क्रममा पत्रकारिताको भूमिकाबारे नमुना उत्तरदाताहरूको विचारको केन्द्रीय प्रवृत्ति प्रस्तुत गर्छ । (*अनुसूची 'घ' हेर्नुहोस्*)

**तालिका ४**

**व्यावसायिक कार्य सम्पादनको मध्यमान मूल्य सांख्यिकी**

व्यावसायिक प्रस्तुतिबारेमा हरेक बन्द प्रश्नको जिल्लागत रूपमा मध्यमान औसत मत वितरण 'हो' को मध्यमान औसत मूल्य - १५


'होइन' को मध्यमान औसत मूल्य - ३३.२

'ज्ञान छैन' को मध्यमान औसत मूल्य - ८.८

'उत्तर छैन'को मध्यमान औसत मूल्य - ४

### व्याख्या तथा विश्लेषण

यस दुई वर्गीय विश्लेषणका लागि पेसागत प्रस्तुतिका आँकडाहरूलाई केवल 'हो' र 'होइन' भन्ने वर्गीय उत्तरहरूमा प्रस्तुत गरिएको छ। 'ज्ञान छैन' र 'उत्तर छैन' भन्ने उत्तरहरूका परिवर्त्यलाई व्यावसायिक प्रस्तुति बारेका उत्तरहरूको सही निचोडमा पुगी थप विश्लेषण गर्नका लागि छोडिएको छ। १५ जिल्लाका ९ सय १६ उत्तरमध्ये, ५४ प्रतिशतभन्दा बढी उत्तरहरूले सञ्चारमा संलग्न व्यक्ति/वा संस्थाको व्यावसायिक नकारात्मक उत्तरहरू प्रस्तुत गर्दछन्। यो तथ्य व्यवधानका कारणहरू भन्ने विषयसँग सकारात्मक रूपमा सम्बन्धित छ।




२१ दिने मधेस आन्दोलनमा प्रेसविरुद्ध भएको हिंसाको कारणबारे प्राप्त जम्मा ९ सय ८३ उत्तरहरूमध्ये ३ सय ५१ उत्तरले नेपाली सञ्चारजगतका सञ्चारकर्मीहरूको पेसागत व्यवहारका कमजोरीबारे प्रस्तुत गरेका छन्।

सञ्चार पेसाबारेमा नकारात्मक विचार प्रस्तुत गर्ने मध्यमान औसत मूल्य ५३.२ प्रतिशत छ। जसले सञ्चारविरुद्ध हुने हिंसाको कारण सञ्चारकै भूमिकाको कमजोरीबाट बढी भएको जानकारी दिन्छ। (पूर्ण विवरण अनुसूची ख मा हेर्नुहोस्)



### ५. अध्ययनबाट प्राप्त निचोड

- नेपालगन्ज र त्यस वरपर भए गरेका हिंसाजन्य राजनीतिक घटनाक्रमहरूको विश्लेषण गर्दा आउँदा दिनमा आफ्नो राजनीतिक प्रभाव विस्तार गर्नका निम्ति नेकपा माओवादी र मधेसी समुदाय (खासगरी सद्भावना र फोरम) का बीच तनावपूर्ण सम्बन्ध विकसित हुने देखिन्छ। त्यो तनावले दुई उग्रधारमध्ये कुनै एक समात्यो भने त्यसले समग्र नेपालको शान्ति प्रक्रिया, चुनावी माहौल र राजनीतिलाई नै प्रभावित गरिदिने छ। नेपालगन्ज र आसपासको क्षेत्र पहाडे र मधेसीबीच साम्प्रदायिक दंगा, हिन्दु-मुस्लिम धार्मिक दंगा हुने जोखिम पालेर बसेको छ। आन्दोलनकारीहरूमा प्रहरी र स्थानीय प्रशासनले माओवादीलाई संरक्षण दिएर सघाएको अनुभूति पाइन्छ। सरकारी संयन्त्रले जनताको धनजन संरक्षण गर्न सकेको छैन।

- पत्रकार र सञ्चारमाध्यमहरूले हालसम्मका काम र परिणामको सिंहावलोकन गर्दै आफूलाई सच्याउन सकेनन् भने आउँदा दिन तिनका लागि निकै चुनौतीपूर्ण र कष्टकर बनेर उपस्थित हुनेछन्। यसका लागि तिनीहरूले पत्रकारिताका आधारभूत मूल्य, मान्यता र परम्परालाई अवलम्बन गर्नेपर्दछ र आफूलाई स्रोत-साधनले सम्पन्न पनि बनाउनुपर्दछ। राजनीतिक पार्टीको मुखपत्र सरह कसैको पछि लागेर हिटलिष्ट नै निकाल्दा त्यसको उल्टो असर भोग्नपर्ने अवस्था पनि आउँछ। जो छैनन्, तिनलाई सरोकारवाला संस्थाले प्रशिक्षित र तयारी बनाउनुपर्दछ।

- मधेसी आन्दोलनका सन्दर्भमा समग्र राजनीतिलाई नियाल्दा आउँदो संविधानसभाको निर्वाचनसम्म राजनीतिकदलहरूबीच प्रतिस्पर्धा र प्रतिद्वन्दिता बढेर जाने देखिन्छ। मूलतः माओवादी र मधेसी जनाधिकार फोरमबीचको झगडा हिंसात्मक रूपमा अरू चर्कने देखिन्छ। ती समाचारहरूमा सन्तुलन मिलाउन नसक्ने पत्रकार र सञ्चारमाध्यम राजनीतिक दलहरूका तारो बन्ने निश्चित जस्तै छ।

- यो जोखिमलाई न्यून पार्न पत्रकारहरू र राजनीतिक दलका कार्यकर्ताहरूलाई पनि सञ्चारमाध्यमका दायित्व र सीमासम्बन्धी आधारभूत ज्ञान दिने कार्यशाला गोष्ठीमा सरिक गराउनु वाञ्छनीय हुन्छ भने घाइते र पीडित पत्रकारहरूको उपचार खर्च र क्षतिपूर्ति रकम भराउन सरोकारवाला निकायमा कारबाही बढाइदिनुपर्छ। अन्यथा केन्द्रबाट जिल्लामा जाने कुनै पत्रकारहरूलाई सघाउन कोही तयार छैन।

- २०६२/०६३ सालको उन्नाइस दिने जनआन्दोलनमा सञ्चारले निर्वाह गरेको भूमिका अविष्मरणीय छ। तर त्यही सञ्चारले मधेस आन्दोलनलाई मधेस हिंसा वा हिंसात्मक विद्रोहको नाम दिई विध्वंस, अराजकता, तोडफोडजस्ता युद्ध उन्मुख समाचार सम्प्रेषण गरी मधेस आन्दोलनप्रति नकारात्मकता सिर्जना गर्न खोजेको विश्लेषण मधेसी बुद्धिजीवीहरूको छ।

- गैरमधेसीको बाहुल्यता रहेको सञ्चारमाध्यमले खस पत्रकारिता गरिरहेका कारण मधेसी आवाज प्रतिविम्वित नभएको तर्क छ- नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का केन्द्रीय सदस्य महेश यावदको। उनले खस अहंकारवादी मानसिकतामा परिवर्तन र सामेली सञ्चार नभएसम्म समस्या समाधान नहुने बताए।

- पहाडी समुदायको नेतृत्वमा हुने आन्दोलनलाई जनआन्दोलन र मधेसीले गरेको आन्दोलनलाई हिंसात्मक भनी सञ्चारमाध्यमले गरेको प्रस्तुतीकरणले सञ्चारप्रति नै आममधेसीको वितृष्णा बढेको विश्लेषण राससं सप्तरीका प्रतिनिधि राजु विश्वकर्माको छ।

- मधेसी युवा फोरमका केन्द्रीय महासचिव राधेश्याम पण्डितले स्थानीय सञ्चारमाध्यमहरूले केही हदसम्म सत्य तथ्य समाचार सम्प्रेषण गरे पनि काठमाडौंबाट सञ्चालन भएका केन्द्रीय सञ्चारमाध्यमहरूले मधेस आन्दोलनलाई हिंसात्मक भनी मधेसी विरोधी काम गरेको विचार व्यक्त गरेका छन्।



- शान्तिपूर्ण आन्दोलनको नमुना मधेसी आन्दोलनताका राजविराजमा देखिएको तर सोको समुचित सम्प्रेषण सञ्चारमा नभएको पाइयो। हिंसा एंव अराजकताको समाचारलाई सञ्चारमाध्यमले प्राथमिकता साथ प्रकाशन एंव प्रसारण गर्ने तर शान्तिपूर्ण आन्दोलनको समाचार ओझेलमा पार्ने गरेको तथ्य अनुसन्धानको क्रममा देखियो।

- मधेस आन्दोलनताका सञ्चार क्षेत्र शान्ति उन्मुख समाचार सम्प्रेषणप्रति उदासिन देखिएको हुँदा शान्ति उन्मुख पत्रकारितामाथि सञ्चार क्षेत्रले विशेष ध्यान दिनुपर्दछ। सञ्चार क्षेत्रमा गैरमधेसीको बाहुल्यता रहेका एफएम, रेडियो एवं पत्रिकाहरू मधेस आन्दोलनताका पूर्णतया विरोधीहरू हुन भन्ने भाव मधेसी आन्दोलनकारीहरूमा रहेको पाइयो।

- मधेसी आन्दोलनलाई राष्ट्रिय एंव स्थानीय सञ्चारमाध्यमहरूले महत्वका साथ प्रकाशन एवं प्रसारण नगरेको र सोअनुरूप समाचार प्रकाशन र प्रसारण नहुँदाको अवस्थामा सञ्चारगृह एवं सञ्चारकर्मीमा आक्रमण भएको देखिने।

- पत्रकारहरू पूर्णतया तटस्थ नभएकाले सञ्चार क्षेत्रमाथि पटक-पटक मधेस आन्दोलनताका आक्रमण हुन पुग्यो। तसर्थ पत्रकारहरूले व्यावसायिक तालिम लिई दक्ष निर्भीक, निडर, वस्तुपरक यथार्थ प्रस्तुतीकरण गर्न सक्ने हुनुपर्दछ।

# भाग

# चार

# मिडिया विषयवस्तुको नमुना अध्ययन

## १. छापा माध्यम (राष्ट्रिय/स्थानीय)

### (क) तराईमा भएको मधेस आन्दोलनसम्बन्धी राष्ट्रिय दैनिकहरूमा प्रकाशित समाचारहरूको विश्लेषण

१. काठमाडौं र तराईका विभिन्न जिल्लाहरूबाट प्रकाशित हुने दैनिक तथा साप्ताहिक पत्रिकाहरूमा तराईमा भएको मधेस आन्दोलनसम्बन्धी समाचार, लेख/रचना र सम्पादकीयहरूको अध्ययनपछि केही रोचक तथ्यहरू पत्ता लागेका छन् । पत्रपत्रिकाहरूमा तराई आन्दोलनसम्बन्धी समाचारले प्राथमिकता पाएका छन् । तराई आन्दोलनसम्बन्धी समाचार, लेख, रचना, सम्पादकीय र पाठकपत्रले राम्रै स्थान पाएका छन् ।

२. कुनै-कुनै समाचारमा उत्तेजना फैलाउने, आन्दोलन भड्काउने, हिंसालाई बढवा दिने भाषाको प्रयोग भएको देखिन्छ । जुन समाचारमा भाषा कडा र उत्तेजनात्मक छ त्यो समाचारको शीर्षक पनि 'प्रोभोकेटिभ' अर्थात चिड्याउने (उत्तेजनात्मक) देखिन्छ । राजधानी र जिल्ला दुवै स्थानबाट प्रकाशित भएका राष्ट्रिय दैनिकहरूमा त्यो समस्या पाइयो । गोरखापत्र दैनिक, कान्तिपुर दैनिक, अन्नपूर्ण पोष्ट र काठमाडौं पोष्टको अध्ययन गर्दा सबै राष्ट्रियस्तरका पत्रिकाहरूमा प्रकाशित केही समाचारमा भाषा कडा र उत्तेजनात्मक समाचार शीर्षक भेटिए । जस्तै मार्च २३ को अंकमा कान्तिपुर दैनिकको



तेस्रो पृष्ठमा 'फोरममाथि प्रतिबन्ध लगाउनुपर्छ: प्रचण्ड' शीर्षकमा प्रकाशित समाचारमा प्रचण्डका आक्रोशपूर्ण अभिव्यक्तिलाई जस्ताको तस्तै छापिएको छ । प्रचण्डको त्यो अभिव्यक्तिले मधेसी जनअधिकार फोरमसँग बदला लिने र उसलाई दमन गर्ने अर्थ दिन्छ । यसले स्वत: पुष्टि गर्छ कि पत्रिकाले समाचार प्रकाशित गर्दा भाषा र शीर्षकप्रति संयमता अपनाएन । डिसेम्बर २४ को कान्तिपुरको अंकमा 'अन्तरिम संविधान मधेसी विरोधी' शीर्षकमा प्रकाशित समाचारको भाषा कडा एवं शीर्षक उत्तेजनात्मक छ । कान्तिपुरमा छापिएको प्रचण्डको उही अभिव्यक्ति र त्यसमा प्रयोग भएका शब्दलाई गोरखापत्र, अन्नपूर्ण पोष्ट र काठमाडौं पोष्टले पनि जस्ताको तस्तै छापेका छन् ।

३. २१ मार्चको गोरखापत्रको अंकमा प्रकाशित अर्को समाचारलाई हेरौं । 'मोर्चाविरुद्ध जनता सडकमा' शीर्षकमा तेस्रो पृष्ठमा प्रकाशित यो समाचारमा तराई मुक्तिमोर्चाको गोइत र ज्वाला सिंहका विरुद्धमा सर्वसाधारण विरोधमा उत्रेको समाचारमा उल्लेख छ । तर समाचारमा स्रोत उल्लेख छैन । समाचारको शीर्षक उत्तेजनात्मक देखिन्छन् । गोरखापत्रकै २३ मार्चको अंकमा प्रकाशित 'शान्ति प्रक्रिया बिथोल्ने षड्यन्त्र: प्रचण्ड' शीर्षकमा प्रकाशित अर्को समाचारलाई हेरौं । यो समाचार गौर घटनाका सम्बन्धमा माओवादी अध्यक्षले दिएको अभिव्यक्तिलाई आधार बनाएर छापिएको छ । नेताहरूले एक अर्काप्रति कटाक्ष शब्द प्रयोग गर्नु एउटा पक्ष हो । तर त्यसलाई पत्रपत्रिकाले कुन हदसम्म कसरी प्रस्तुत गर्ने भन्ने महत्वपूर्ण सवाल हो । प्रचण्डको त्यो भनाइलाई जस्ताको तस्तै प्रकाशित गर्दा समाचारको भाषा र शीर्षक उत्तेजनात्मक बन्न गएको छ । गोरखापत्र दैनिकको जनवरी २६ को अंकमा 'शान्तिपूर्ण भनिएको मधेस बन्द हिंसात्मक र उत्तेजक' शीर्षक कडा एवं उत्तेजनात्मक छ । त्यस्तै काठमाडौं पोष्टको मार्च २२ को अंकमा 'माओवादी र फोरमबीचको झडपमा २७ को मृत्यु' शीर्षकको समाचारमा प्रयोग भएको भाषा कडा छ र भाषा उत्तेजना फैलाउने खालको छ । त्यस्तै ३० डिसेम्बरको अन्नपूर्ण पोष्टको अंकलाई हेरौं । त्यस दिन प्रथम पृष्ठमा 'नेपालगन्जमा अर्बको क्षति भएको अनुमान' शीर्षकमा प्रकाशित समाचारमा घटनाको भर्त्सना गरिएको, दोषीमाथि

कारबाही हुनुपर्ने, सद्भाव खलबलाउने विरुद्ध प्रतिरोध गर्नुपर्नेजस्ता शब्दहरू प्रयोग भएका छन् । सबै प्रमुख पार्टीका नेताका भनाइमा समाचार आधारित छ । समाचारको भाषा कडा छ । उत्तेजना फैलाउने खालको छ । त्यसैगरी अन्नपूर्ण पोष्ट दैनिककै जनवरी २२ को अंकमा प्रकाशित दुईवटा समाचारलाई हेरौं । 'सिरहा तनाबग्रस्त' र 'लहान घटनाको विरोधमा बन्ध' शीर्षकमा प्रकाशित समाचारका भाषा कडा र उत्तेजनात्मक देखिन्छन् । यी त समाचारमा प्रयोग भएका शब्द कडा भएका केही उदाहरण मात्र हुन् । अरू समाचारमा पनि आठ पार्टी र मधेसी जनअधिकार फोरमबीच आरोप प्रत्यारोप गर्ने र एकले अर्कोलाई गालीगलौज गर्ने शब्दले प्रसस्त स्थान पाएका छन् । आन्दोलनको आगो दन्किरहेका बेला आगोमा घिउ थप्ने हिसाबले एक पक्षले अर्को पक्षलाई गाली गर्दा, उत्तेजक शब्द प्रयोग गर्दा त्यसको असर कस्तो पर्छ ? नेताहरूले त यतातर्फ ध्यानै नदिई आरोप-प्रत्यारोप गरिहाल्छन् । तर आन्दोलन भड्काउने हिसाबले नेताले बोलेको कुरालाई जस्ताको तस्तै छाप्दा त्यसले पार्न सक्ने प्रभावतर्फ सञ्चारमाध्यमले विचार गर्नै पर्छ ।

४. तराईमा भएको मधेस आन्दोलनसम्बन्धी समाचार सम्प्रेषण गर्दा पत्रपत्रिकाहरूले समाचार स्रोततर्फ पर्याप्त ध्यान दिएको पाइएन । काठमाडौंबाट प्रकाशित हुने पत्रिकाहरूले समेत समाचार स्रोतलाई उल्लेख नगरी तराई जिल्लामा भएका समाचारहरू छापेको पाइयो । जस्तै २२ जनवरीको अन्नपूर्ण पोष्ट दैनिकको अंकमा 'लहान घटनाको विरोधमा बन्द' शीर्षकको समाचारमा जुलुसपछि गरिएको सभामा बोल्नेहरूको भनाइ भन्दै समाचार तयार पारिएको छ । तर सभामा बोल्ने वक्ताको नाम नै खुलाइएको छैन । त्यसैगरी मार्च २२ को अन्नपूर्ण पोष्टको अंकमा 'मोर्चाविरुद्ध प्रदर्शन र 'ट्यांकरमा आगजनी' शीर्षकमा प्रकाशित समाचारहरूमा स्रोतको उल्लेख गरिएको छैन । दुवै समाचारका भाषा र शीर्षक उत्तेजनात्मक छन् । तर ती समाचार काठमाडौंसम्म कसरी आइपुगे भनेर स्रोत खुलाइएको छैन । त्यस्तै मार्च २२ को कान्तिपुर दैनिकको अंकमा प्रकाशित 'माओवादी-फोरम झडप, २७ को मृत्यु' भन्ने ब्यानर हेडलाइनमा प्रकाशित समाचारमा मधेसी जनअधिकार फोरमको विज्ञप्तिलाई मात्र स्रोतका रूपमा प्रयोग



गरिएको छ । त्यहाँ माओवादीतर्फको कुनै विचार समेटिएको छैन । घटनामा माओवादीतर्फ बढी क्षति पुगेको भए पनि माओवादी पक्षको कुनै भनाइ समावेश गरिएको छैन । त्यसैले समाचार सन्तुलित मान्न सकिन्न । एकपक्षीय देखिन्छ । गोरखापत्र दैनिकको २० जनवरीको अंकमा 'युवकको मृत्युपछि लहानमा कर्फ्यु' शीर्षकमा प्रकाशित समाचारमा स्रोतको स्पष्ट उल्लेख छैन । त्यस्तै गोरखापत्रकै २१ जनवरीको अंकमा 'लहानमा तनाव कायमै, दोषीमाथि कारबाहीको माग' शीर्षकमा प्रकाशित समाचारमा पनि स्पष्ट खुल्ने गरी स्रोतको प्रयोग गरिएको छैन ।

राजधानीबाट प्रकाशित हुने राष्ट्रिय दैनिकहरूले समाचारका भाषा, स्रोत र शीर्षकमा ध्यान नदिएजस्तै तराईका विभिन्न जिल्लाबाट प्रकाशित हुने पत्रिकाहरूले प्रकाशित गरेका समाचारहरूमा पनि भाषा र समाचार स्रोतमा ध्यान दिएको पाइँदैन । तराईबाट प्रकाशित हुने पत्रपत्रिकाहरूले समाचारको भाषा उत्तेजना फैलाउने खालका समेत प्रयोग गरेका छन् भने समाचार स्रोतमा पनि पर्याप्त ध्यान दिएको पाइएन । जस्तै चितवनबाट प्रकाशित हुने पारदर्शी दैनिकको चैत ४ गतेको अंकमा बाराको कलैयाको Dateline राखेर समाचार प्रकाशित भएको छ । तर त्यो समाचारमा स्रोत उल्लेख छैन । पत्रिका चितवनबाट छापिन्छ । बाराको समाचार आउँछ । र, त्यसमा समाचारको स्रोत उल्लेख हुँदैन । बाराको समाचार चितवनसम्म कसरी आइपुग्यो ? यस्को जवाफ समाचार पढेपछि पनि थाहा लाग्दैन । त्यसैले समाचारको विश्वसनीयतामाथि प्रश्न उठेको छ ।

त्यस्तै बुटवलबाट प्रकाशित हुने जनसंघर्ष दैनिकको कुरा गरौं । उक्त पत्रिकाको चैत ११ गतेको अंकमा 'पूर्वी तराईमा सुरक्षा कडा' शीर्षकमा काठमाडौंको Dateline मा समाचार प्रकाशित भएको छ । तर समाचारमा स्रोत उल्लेख छैन । प्रश्न उठ्छ- काठमाडौंको समाचार बुटवलबाट प्रकाशित हुने पत्रिकाले कसरी छाप्यो ? त्यसको स्रोत के हो ? यी प्रश्नका जवाफ समाचार पढेपछि थाहा लाग्दैन । त्यस्तै बुटवलबाटै प्रकाशित हुने अर्को पत्रिका लुम्बिनी दैनिकको चैत ११ गतेको अंकमा काठमाडौंको Dateline मा 'दरबार संविधानसभा चुनाव भाँड्न सक्रियः प्रचण्ड' शीर्षकमा एउटा समाचार प्रकाशित भएको छ । चार कोलममा फैलिएको यो समाचारको

भाषा कडा र शीर्षक उत्तेजनात्मक छ । तर समाचारमा स्रोत खुलाइएको छैन । प्रचण्डले गरेको भाषण हो । तर त्यो भाषण कसरी बुटवलसम्म पुग्यो ? अर्थात बुटवलको पत्रिकाले काठमाडौंमा बोलेका प्रचण्डको त्यो भनाइलाई कसरी प्राप्त गऱ्यो ? यस्ता प्रश्न यो समाचारले उब्जाएको छ ।

जनकपुरबाट प्रकाशित जनकपुर एक्सप्रेस पत्रिकाको कुरा गरौं । यो पत्रिकाको ११ चैतको अंकमा 'गौरमा थप पक्राउ, गोल बजारमा कर्फ्यु' शीर्षकमा प्रकाशित समाचारमा स्रोत उल्लेख गरिएको छैन । गौरको समाचार जनकपुरबाट कसरी तयार भयो ? कसले तयार पाऱ्यो ? सूचना संकलन कोबाट गरियो ? यो समाचारले यी प्रश्नहरू उब्जाएको छ । अनि वीरगन्जबाट प्रकाशित हुने पत्रिका प्रतीक दैनिकको ११ माघको अंकमा 'लहानमा थप २ को मृत्यु' शीर्षकमा प्रकाशित समाचारमा पनि स्रोत उल्लेख गरिएको छैन । समाचारको मुटु भनेकै स्रोत हो । विश्वसनीय स्रोतले पत्रिकाको विश्वसनीयता बढाउँछ । तर स्रोत नै उल्लेख नगरी प्रकाशित समाचारहरूले अन्यौल सिर्जना गर्छन् । पाठकमा भ्रम पैदा हुन सक्छ । समाचार सन्तुलित नहुन सक्छ । अझ आन्दोलन, हिंसा, हत्या, कर्फ्यु, दमनजस्ता घटनाका बारेमा प्रकाशित हुने समाचारमा त समाचार स्रोतको बढी महत्व र आवश्यकता हुन्छ । समाचार छाप्नु अघि त्यसको यथार्थबारे पुष्ट्याई जरुरी हुन्छ । यसका लागि स्रोत भरपर्दो हुनुपर्छ । काठमाडौंको समाचार प्रकाशित गर्ने तराईका पत्रिकाहरूले राजधानीको समाचार जिल्लासम्म कसरी प्राप्त गरे ? तराईबाट प्रकाशित हुने पत्रिकाहरूले काठमाडौंको समाचार छाप्दा स्रोत उल्लेख गरेको पाइएन । त्यसले झनै आशंका बढाएको छ । त्यस्तै एउटा जिल्लाको समाचार अर्को जिल्लाबाट प्रकाशित हुने पत्रिकाले कसरी छाप्न सक्यो ? त्यो पनि गम्भीर प्रश्न बनेको छ ।

५. समाचारमा प्रयोग गरिने भाषा र शीर्षकमा पनि पर्याप्त ध्यान नदिएको पाइयो । नेताले बोलेका आक्रोशपूर्ण शब्दलाई जस्ताको तस्तै प्रकाशित गर्ने, उत्तेजनात्मक शीर्षक प्रयोग गर्नेजस्ता कमजोरीले पनि पत्रिकाको भूमिकालाई शंकाको घेरामा पारेको छ । पत्रकारको काम पहरेदारको भूमिका समेत निर्वाह गर्नु हो । सनसनी फैलाएर भ्रम सिर्जना गर्ने होइन । तराई आन्दोलनको सन्दर्भमा कुरा गरौं । तराई बलिरहेको छ । हिंसा भड्किरहेको छ । त्यस्तो अवस्थामा पत्रिकाले हिंसालाई बढाउने होइन मत्थर पार्ने हिसाबले समाचार, विचार र सम्पादकीय प्रकाशित गर्नुपर्थ्यो । तर कतिपय सन्दर्भमा यसतर्फ ध्यान दिएको पाइएन ।



काठमाडौं तथा तराईका विभिन्न जिल्लाहरूबाट प्रकाशित हुने पत्रिकाहरूले मधेस आन्दोलनसम्बन्धी समाचारहरू गलत उद्देश्य राखेर आन्दोलनलाई भड्काउनुपर्छ भन्ने हिसाबले सम्प्रेषण नगरे पनि कतिपय सन्दर्भमा पत्रकारिताका सिद्धान्त, मान्यता र मापदण्डतर्फ पर्याप्त ध्यान नदिएको पाइयो । कतिपय परिस्थितिमा सीमित आर्थिक स्रोत, साधनका कारण भने जस्तो गरी समाचार दिन नसक्ने बाध्यात्मक परिस्थिति हुन सक्छन् । भय र त्रासले पनि पत्रकारलाई निर्धक्क भएर काम गर्न बाधा परेको अनुमान गर्न सकिन्छ । तर यसका बाबजुद समाचारलाई सन्तुलित, निष्पक्ष, तथ्य, सत्यमा आधारित बनाइ सम्प्रेषण गर्नेतर्फ ध्यान दिनैपर्छ ।

## विवरण

**मधेस आन्दोलन र मिडियामा त्यसको प्रभावसम्बन्धी अध्ययनका लागि चारवटा दैनिक पत्रिका र मधेसबाट निस्कने १३ वटा पत्रिकाको समाचार विवरणको अध्ययन र विश्लेषण गरिएको छ ।**

**मधेस आन्दोलनसम्बन्धी चारवटा दैनिक पत्रिकाको अध्ययनमा यस प्रकारको प्रवृत्ति** (Trend) **देखा परेको छ :**

**अन्नपूर्ण पोष्ट दैनिकः** डिसेम्बर २४ देखि मार्च २५ सम्म अन्नपूर्ण पोष्टमा मधेस आन्दोलनसम्बन्धी समाचार, सम्पादीकय र लेखरचना गरी ४८ वटा सामग्री प्रकाशित भएका छन् । अधिकांश समाचार छन् भने केही मात्र सम्पादकीय र लेख छापिएका छन् । समाचारका आकारहरू ठूला छन् । अर्थात समाचारलाई

महत्व दिएर छापिएको छ । अधिकांश समाचारहरू दोस्रो, तेस्रो र ११ औं पृष्ठमा छापिएका छन् भने प्रथम पृष्ठमा छापिएका समाचारले तुलनात्मक रूपमा बढी महत्व पाएका छन् । समाचारहरू एकदेखि बढीमा ६ कोलमसम्ममा फैलिएका र ३५ शब्ददेखि नौ सय शब्दसम्मका छन् । धेरै समाचारहरू घटनाप्रधान छन् । केहि समाचारमा प्रयोग भएको भाषा विचारणीय छ । घटनाका प्रत्यक्षदर्शी, विभिन्न संघसंस्थाले जारी गरेका विज्ञप्ति, प्रहरी अधिकृतहरूका भनाइ, मन्त्री र नेताका भनाइ, समाचारदाताको स्थलगत निरीक्षण लगायतलाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ । केही समाचारमा स्रोत उल्लेख छैन । अधिकांश सम्पादकीयहरू सद्भाव कायम गरौं भन्ने खालका छन् ।

**कान्तिपुर दैनिक**: डिसेम्बर ६ देखि जनवरी २५ सम्म कान्तिपुर दैनिकले तराईमा भएको मधेस आन्दोलनसम्बन्धी समाचार, सम्पादकीय र लेख रचना गरी ३६ वटा सामग्री प्रकाशित गरेको छ । समाचारहरू ४० देखि १५ सय शब्द र बढीमा ६ कोलमसम्म फैलिएका छन् । अधिकांश समाचारहरू प्रथम पृष्ठमा प्रमुखताका साथ प्रकाशित भएका छन् । समाचारमा प्रयोग भएको भाषा शान्ति र सद्भाव बढाउने खालका देखिन्छन् तर कतिपय समाचारका भाषा उत्तेजनात्मक पनि छन् । एकाधबाहेक अधिकांश समाचारका शीर्षक प्यासिफाइङ अर्थात उत्तेजना कम गर्ने खालका छन् । मधेसी जनाधिकार फोरम, मानव अधिकारकर्मी, नेताहरूका भनाइ, विभिन्न संघसंस्थाका विज्ञप्तिलाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ र धेरै समाचारमा स्रोत खुलाइको छ । प्रधानमन्त्री, माओवादी अध्यक्ष, एमाले महासचिवका तराई आन्दोलनसम्बन्धी भनाइहरूलाई विशेष प्राथमिकता दिइएको छ । मेलमिलापमा सहयोग पुऱ्याउने सन्देश बोकेका सम्पादकीयहरू छापिएका छन् ।

**गोरखापत्र दैनिक**: मार्च १९ देखि डिसेम्बर २९ सम्म गोरखापत्र दैनिकले तराईमा भएको मधेस आन्दोलनबारे समाचार, लेख/रचना र सम्पादकीय गरी ३१ वटा सामग्रीहरू प्रकाशित गरेको छ । चारवटा बाहेक अरू समाचारको भाषा सरल अर्थात नरम खालको छ । कुनै समाचारमा नेताका भनाइलाई जस्ताको तस्तै प्रस्तुत गर्दा भाषा अलि कडा छ । जस्तै मार्च २३ को अंकमा पहिलो पृष्ठमा 'शान्ति प्रक्रिया बिथोल्ने षड्यन्त्र' शीर्षकमा प्रचण्डको अभिव्यक्तिलाई



आधार मानेर समाचार छापिएको छ । भाषा तथा शीर्षक कडा एवं उत्तेजकसमेत बन्न पुगेको छ । मार्च २१ को अंकमा प्रकाशित 'मोर्चाविरुद्ध जनता सडकमा' शीर्षकको समाचारको भाषा र शीर्षक पनि कडा देखिन्छ । विभिन्न नेताका भनाइ, विज्ञप्तिहरू र संवाददाताको स्थलगत निरीक्षणलाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ ।

**काठमाण्डू पोष्ट दैनिक**: डिसेम्बर २४ देखि जनवरी २६ को अवधिको काठमाडौं पोष्ट दैनिकको अध्ययन गर्दा यो बीचमा तराईमा भएको मधेस आन्दोलनबारे पोष्टमा समाचार, लेख र सम्पादकीय गरी जम्मा १८ वटा सामग्रीहरू प्रकाशित भएका छन् । समाचारहरू पहिलोभन्दा दोस्रो र तेस्रो पृष्ठमा ज्यादा छापिएका छन् । प्रथम पृष्ठमा प्रकाशित समाचारले महत्व पाएका छन् । समाचारहरू बढीमा आठ सय शब्द र ५ कोलममा फैलिएका छन् । अधिकांश समाचारमा प्रयोग भएको भाषा सामान्य र नरम खालको भए पनि ४ वटा समाचारमा प्रयोग भएको भाषा कडा र उत्तेजनात्मक छ । जस्तै मार्च २३ को अंकमा 'फोरमलाई प्रतिबन्ध लगाउ प्रचण्ड' शीर्षकमा प्रकाशित समाचारको भाषा र शीर्षक कडा र उत्तेजनात्मक छ । त्यसैगरी मार्च २२ को अंकमा 'माओवादी र फोरमबीचको झडपमा २७ को मृत्यु' शीर्षकमा प्रकाशित समाचारको भाषा पनि कडा र उत्तेजनात्मक देखिन्छ । सम्पादकीयहरू भने सद्भाव कायम राख्न सहयोग पुऱ्याउने खालका छन् । जस्तै जनवरी २२ को अंकमा 'लहानलाई शान्त बनाउ' शीर्षकमा प्रकाशित सम्पादकीयले राष्ट्रिय अखण्डतामा जोड दिएको छ । हिंसाग्रस्त लहानलाई शान्त बनाउन आठ दलले पहल गर्नुपर्ने सुझाव दिएको छ र प्रधानमन्त्रीले घटनाबारे माफी माग्नुपर्ने समेत सम्पादकीयमा उल्लेख छ ।

राष्ट्रिय दैनिकहरूको विश्लेशणपश्चात् आन्दोलनबाट प्रभावित जिल्लाहरूबाट निस्केका दैनिक पत्रिकाहरूमा देखिएको विवरण निम्न प्रकार रहेको छ । मिडिया विषयवस्तुको अध्ययनका लागि घटनाहरूको आधारमा समयसीमालाई तीन चरणमा छुट्याइएको छ ।

## प्रथम चरण

### नेपालगन्ज घटनासम्बन्धी तराईका छापा माध्यममा प्रकाशित समाचार विश्लेषण

**कालपृष्ठ दैनिक, नेपालगन्ज**ः ९ देखि १५ पुस, २०६३ भित्र कालपृष्ठ दैनिकले नेपालगन्ज घटनासम्बन्धी ९ वटा समाचार/सम्पादकीय प्रकाशित गरेको छ। समाचारमा प्रयोग भाषामा उत्तेजक शब्दको प्रयोग गरिएको छैन। प्रत्यक्षदर्शी, विभिन्न संघसंस्थाका विज्ञप्ति, संवाददाताको स्थलगत निरीक्षण आदिलाई आधार बनाएर समाचार तयार पारिएको छ र प्रायः सबै समाचारमा शीर्षकहरू उत्तेजना फैलाउने खालका नभई शान्तितर्फ उन्मुख गराउने खालका छन्। पुस ८, ९, १० गते नेपालगन्ज घटनाबारे समाचार छापिएका छैनन्।

**नेपालगन्ज टाइम्स**ः पुस ९ देखि १५ पुसको बीचमा नेपालगन्ज टाइम्सले नेपालगन्ज घटनासम्बन्धी चार वटा समाचार/सम्पादकीय छापेको छ। चारमध्ये एउटा सम्पादकीय, एउटा फोटो फिचर र बाँकी समाचार छन् । समाचारमा उत्तेजक शब्द प्रयोग गरिएको छैन। संवाददाताको स्थलगत निरीक्षण, रिर्पोटिङ, विभिन्न संघसंस्थाका विज्ञप्ति र भनाइलाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ। समाचारका शीर्षकहरू शान्ति प्रक्रियालाई सघाउ पुऱ्याउने अर्थात् नरम छन्। फोटो फिचरमा प्रयोग भएका तस्बिरहरूमा आठ दलको सद्भाव ऱ्याली, आमसभा, नेताले सम्बोधन गरेका रहेका छन्। 'सद्भाव कायम राखौं' शीर्षकको सम्पादकीयले आन्दोलनको समाधान पहिल्याउने प्रयत्न गरेको देखिन्छ।

**प्रतीक दैनिक, वीरगन्ज**ः ९ देखि १५ पुसका बीचमा प्रतीक दैनिकमा नेपालगन्ज घटनाबारे २ वटा समाचारमात्र प्रकाशित भएका छन्। ६५ देखि एक १० शब्दका यी समाचार बढीमा २ कोलममा फैलिएका छन्। समाचारमा उत्तेजक शब्दको प्रयोग छैन। रासस र संवाददाताको सक्रियतामा समाचार तयार पारिएको छ। समाचारका शीर्षक सामान्य र नरम खालका छन्।



**पारदर्शी दैनिक, चितवन**ः ९ देखि १५ पुसको बीचमा पारदर्शी दैनिकले नेपालगन्ज घटनाबारे समाचार र सम्पादकीय गरी चार वटा सामग्री प्रकाशित गरेको छ। जसमध्ये दुईवटा समाचार र दुईवटा सम्पादकीय छन्। 'आत्मियता र सद्भाव बढाऔं' शीर्षकमा छापिएको सम्पादकीयले नेपालीहरूको एकतालाई बलियो बनाउन जोड दिएको छ। समाचार र सम्पादकीयमा उत्तेजक शब्दको प्रयोग भएको छैन। समाचारका शीर्षकहरू पनि शान्तितर्फ उन्मुख भएका नरम खालका छन्।

**जनसंघर्ष दैनिक, बुटवल**ः ९ देखि १५ पुस, २०६३ का बीचमा जनसंघर्ष दैनिकले नेपालगन्ज घटनाबारे सम्पादकीय र समाचार गरी ६ वटा सामग्री प्रकाशित गरेको छ। यसमा एउटा सम्पादकीय र बाँकी समाचार रहेका छन्। समाचारमा उत्तेजक शब्दहरूको प्रयोग गरिएको छैन। प्रत्यक्षदर्शी, विज्ञप्ति, आमसभा लगायतलाई समाचारमा स्रोतको रूपमा प्रयोग गरिएको छ। दुई वटा समाचारका शीर्षक परिस्थिति उत्तेजक भएको सन्देश दिने खालका छन् भने अन्य समाचारका शीर्षक सामान्य छन्।

**लुम्बिनी दैनिक, बुटवल**ः ९ देखि १५ पुसका बीचमा लुम्बिनी दैनिकले नेपालगन्ज घटनासम्बन्धी चार वटा समाचार छापेको छ। चार वटै समाचारमा उत्तेजक शब्दको प्रयोग छैन। प्रत्यक्षदर्शी, आमसभालाई समाचारको स्रोतका रूपमा प्रयोग गरिएको छ। समाचारका शीर्षक अतिरञ्जित छैनन्।

**जनकपुर एक्सप्रेस, जनकपुर**ः ९ देखि १५ पुस, २०६३ को बीचमा जनकपुर एक्सप्रेसले नेपालगन्ज घटनासम्बन्धी ५ वटा समाचार छापेको छ। समाचारको भाषा सरल एवं सामान्य छ। चार वटा समाचारमा स्रोत उल्लेख छैन। 'नेपालगन्जको स्थिति तनावपूर्ण, एकको मृत्यु,' 'नेपालगन्ज अझै तनावग्रस्त', 'देश टुक्रयाउने प्रतिगामीविरुद्ध एक हुनुपर्नेः प्रमजस्ता शीर्षकमा प्रकाशित समाचारहरूमा स्रोत उल्लेख गरिएको छैन। समाचारका शीर्षकहरू सामान्य नै छन्। समाचारमा दोस्रो स्रोत अर्थात् (secondary source) को प्रयोग भएको देखिन्छ।

**अंकुश दैनिक, वीरगन्जः** ९ देखि १५ पुसका बीचमा अंकुश दैनिकले नेपालगन्ज घटनासम्बन्धी समाचार र सम्पादकीय गरी पाँचवटा सामग्री प्रकाशित गरेको छ । एउटा सम्पादकीय र बाँकी समाचार छन् । समाचार र सम्पादकीयमा प्रयोग भएको भाषा सरल छ । साक्षात्कार कार्यक्रम, विज्ञप्ति र आमसभालाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ भने १५ पुसको प्रथम पृष्ठमा छापिएको नेपालगन्जबाट प्रेसित समाचारमा स्रोत उल्लेख छैन ।

**उद्घोष दैनिक, विराटनगरः** ९ देखि १५ पुससम्म उद्घोष दैनिकमा नेपालगन्ज घटनासम्बन्धी ८ वटा समाचार प्रकाशित भएका छन् । तीमध्ये ६ वटा समाचार महत्वकासाथ प्रथम पृष्ठमा छापिएका छन् । खास समूह विशेषले आफूहरूको विरुद्धमा समाचार दिएको आरोप लगाउँदै पत्रकारलाई धम्की दिइएको समाचारलाई पनि उद्घोष दैनिकले महत्वका साथ छापेको छ । सबै समाचारको शीर्षक नरम, सरल र उत्तेजना कम गर्ने खालका छन् ।

**दर्शन दैनिक, विराटनगरः** ९ देखि १५ पुसको बीचमा दर्शन दैनिकमा पनि नेपालगन्ज घटनासम्बन्धी जम्मा आठवटा समाचार प्रकाशित भएका छन् । दर्शन दैनिकले नेपालगन्ज घटनालाई खासै महत्व नदिएको देखिन्छ । आठवटा मध्ये सातवटा समाचारमा भाषा सरल र शान्ति प्रक्रियालाई सहयोग गर्ने खालको नै देखिन्छ । १३ पुसमा 'राजनेताको कपटले उब्जिएको विद्रोह' शीर्षकमा चार कोलममा एउटा समाचार छापिएको छ र त्यो समाचारमा भाषाशैली कडा छ । अलिक उत्तेजना फैलाउने खालको छ । ६ वटा समाचारका शीर्षक उत्तेजना मत्थर गर्ने, नरम र सामान्य खालका छन् भने बाँकी दुईवटा समाचारका शीर्षक उत्तेजक खालका छन् ।

**पूर्वसन्देश दैनिक, दमकः** ९ देखि १५ पुस २०६३ मा दमकबाट प्रकाशित हुने पूर्वसन्देशले नेपालगन्ज घटनासम्बन्धी जम्मा चारवटा समाचारमात्र प्रकाशित गरेको छ । सबै समाचार प्रथम पृष्ठमा छापिएका छन् । १४ पुसको समाचार प्रधानमन्त्रीको तस्बिरसहित छापिएको छ । चारवटा समाचारका आकार ज्यादै ठूला छैनन् । सबै समाचारमा शान्तिलाई प्रश्रय दिने खालको भाषाको प्रयोग गरिएको छ । चार वटै समाचारका शीर्षक पेसिफाइङ अर्थात् उत्तेजना कम गर्ने खालका छन् । एउटामा बाहेक अन्यमा समाचारको स्रोत खुलाइएको छ । पुस ९, १०, १३ र १५ गते नेपालगन्ज घटनासम्बन्धी कुनै पनि समाचार पूर्वसन्देश दैनिकले छापेको छैन ।



**ब्लास्ट टाइम्स, धरानः** ९ देखि १५ पुससम्म ब्लास्ट दैनिकले नेपालगन्ज घटनासम्बन्धी सातवटा समाचार छापेको छ । ८० शब्ददेखि ३ सय १५ शब्दसम्मका समाचार प्रकाशित भएका छन् । पुस १३ मा 'नेपालगन्जको दंगाबाट सजग बनौं' शीर्षकमा सम्पादकीय समेत प्रकाशित भएको छ । सातवटा समाचारमा सरल भाषा प्रयोग भएको छ भने एउटा समाचार बन्दलाई सहयोग गर्ने अनि उत्तेजक खालको छ । सातवटा समाचारका शीर्षक सामान्य र उत्तेजना कम गर्ने खालका छन् । पाँचवटा समाचारमा स्रोत खुलाइएको छैन ।

**राजविराज टुडे (सत्यापन साप्ताहिक) (प्रत्येक आइतबार सत्यापन साप्ताहिक र अरू बार राजविराज टुडे)ः** ९ देखि १५ पुस २०६३ सम्म राजविराज टुडे/सत्यापन साप्ताहिकमा नेपालगन्ज घटनासम्बन्धी १४ वटा समाचार छापिएका छन् । १४ मध्ये १२ वटा समाचार प्रथम पृष्ठमा छापिएका छन् । १४ मध्ये एउटा सम्पादकीय छ । १३ पुसमा आपसी सद्भाव कायम राखौं शीर्षकमा सम्पादकीय प्रकाशित भएको छ । ६ वटा समाचारमा तस्बिर पनि छापिएका छन् । अधिकांश समाचारमा सामान्य भाषा प्रयोग गरिए पनि केहीमा उत्तेजक र दंगा भड्काउने खालका समाचार शीर्षक र भाषासमेत प्रयोग भएका छन् । बाँकी समाचारका शीर्षक प्यासिफाइङ अर्थात् उत्तेजना मत्थर गर्ने सामान्य खालका छन् ।

## दोस्रो चरण

### लहान घटनासम्बन्धी तराईका छापा माध्यममा प्रकाशित समाचार विश्लेषण

**उद्घोष दैनिक, विराटनगरः** ६ देखि १२ माघ २०६३ भित्र उद्घोष दैनिकमा लहान घटनासम्बन्धी जम्मा ४१ वटा समाचार/सम्पादकीय/लेख/टिप्पणी प्रकाशित भएका छन् । यीमध्ये धेरैजसो समाचार हुन् । त्यसपछि लेख र सम्पादकीय प्रकाशित भएका छन् । ४१ मध्ये २५ वटा घटनाप्रधान समाचार छन् भने बाँकी लेख/ टिप्पणी र सम्पादकीय छन् । ४० देखि ८ सय ६२ शब्दसम्मका समाचार छन् । सम्पादकीयहरू सद्भाव ल्याउन सहयोग पुऱ्याउने खालका छन् । जस्तै :

माघ १२ गतेको सम्पादकीयमा 'खाँचो सद्भावको' शीर्षक राखेर सम्पादकीय प्रकाशित गरिएको छ। अधिकांश समाचारका भाषा सरल, नरम, समाधान पहिल्याउने, सतर्क गराउने, समाधानमुखी एवं संयमित छन्। केही समाचारमा भने प्रस्तुति शैली कडा छ। जस्तै पुस ९ गतेको अंकमा 'चिन्तन बिनाका गतिविधिहरू' शीर्षकमा समाचार छापिएको छ र भाषाशैली आक्रमक एवं शीर्षक पनि उत्तेजक देखिन्छ। ४१ मध्ये ६ वटा समाचारमा स्रोत खुलाइएको छैन भने बाँकीमा समाचारको स्रोत खुलाइएको छ। समाचारमा प्रमुख स्रोतलाई नै प्रयोग गरेका पाइयो।

**दर्शन दैनिक, विराटनगर**ः ६ देखि १२ माघ २०६३ भित्र लाहान घटनासम्बन्धी ३५ वटा समाचार दर्शन दैनिकले प्रकाशित गरेको छ। ३५ मध्ये ३२ वटा समाचार र बाँकी सम्पादकीय एवं टिप्पणी रहेका छन्। ३५ मध्ये २० वटा समाचारमा सरल भाषा प्रयोग गरिएको छ। सरल भाषाका साथै समाधान पहिल्याउने र संयमित गराउने प्रयत्न पनि भएका छन्। अन्य समाचारमा भाषा अलि कठोर र आक्रमक देखिन्छ। जस्तै माघ ९ गतेको अंकमा अन्तिम पेजमा 'संक्रमणकालमा सल्बलाएका दरबारियाहरू' शीर्षकमा समाचार प्रकाशित भएको छ। सो समाचारको शीर्षक उत्तेजक देखिन्छ। भाषा सरल नै छ तर शब्दहरूको प्रयोग र छनौट उपयुक्त देखिँदैन। राजदरबार र मधेसी जनअधिकार फोरमलाई लाञ्छना लगाइएको छ। समस्या दर्शाउने एवं घटनाको विवरण प्रस्तुत गर्ने खालका छन्। तर समाचारका शीर्षक समाधानमुखी पनि छन्। जस्तै : पुस ९ गतेकै दोस्रो पेजमा 'बन्द खुलाउ' शीर्षकमा समाचार छ। प्रायः सबै समाचारमा स्रोत खुलाइएको छ। कतिपय समाचारहरू पत्रकारका पीडासँग सम्बन्धित पनि छन्। 'निर्वाध रूपमा समाचार प्रवाह गर्न अझै चुनौती' शीर्षकमा समाचार प्रसंग रहेको छ। समाचारमा प्रमुख स्रोतलाई नै प्रयोग गरेको पाइयो।

**पूर्वसन्देश, दमक**ः ६ देखि १२ माघ २०६३ भित्र दमकबाट प्रकाशित हुने पूर्व सन्देशमा लहान घटनासम्बन्धी १८ वटा समाचार प्रकाशित भएका छन्। तराईमा तनाव, लहानमा कर्फ्यु कायमै, चक्काजामले जनजीवन प्रभावित लगायतका शीर्षकमा समाचारहरू छापिएका छन्। १८ मध्ये ११ वटा समाचार छन्। चारवटा सम्पादकीय, एउटा लेख र दुईवटा लहान घटनासम्बन्धी पाठक पत्रसमेत प्रकाशित भएका छन्। जस्तै : माघ ११ गतेको दोस्रो पृष्ठमा चार कोलममा प्रकाशित एउटा लेखमा 'तराई समस्या मुक्ति आन्दोलन- श्रेय प्रचण्डकै' शीर्षक दिइएको छ। यद्यपि अधिकांश समाचारका शीर्षक समाधानमुखी र उत्तेजना कम गर्ने खालका छन्। चारवटा समाचारमा स्रोत उल्लेख गरिएको छैन। कतिपय समाचारका शीर्षकचाहिँ समस्या बढाउने खालका पनि छन्। जस्तै १२ माघको प्रथम पृष्ठको समाचारमा 'तराईमा तनाव फैलँदै' शीर्षकमा समाचार छापिएको छ। एकाधबाहेक अरू समाचारका शीर्षक प्यासिफाइङ अर्थात् उत्तेजना कम गर्ने खालका छन्।



**ब्लास्ट टाइम्स, धरान**ः ६ देखि १२ माघ २०६३ भित्र ब्लास्ट टाइम्समा लहान घटनासम्बन्धी ३७ वटा समाचार/लेख र सम्पादकीय प्रकाशित भएका छन्। ३७ मध्ये २१ वटा समाचार छन्। ती घटनाप्रधान छन्। २९ वटा समाचारको भाषा सरल र संयमित छ। केही समाचारमा क्षमासमेत मागिएको छ। कुनै समाचारमा अत्यन्तै उत्तेजक भाषा प्रयोग भएको छ। जस्तै : माघ ९ को पहिलो पेजको समाचारमा 'पहाडे बस्तीमा आक्रमण' शीर्षकमा समाचार प्रकाशित गरिएको छ। शीर्षक सोझै आक्रामक देखिन्छ। पहाडे भनेर उत्तेजना फैलाउन खोजेको देखिन्छ। ३७ मध्ये ११ वटा समाचारका शीर्षक प्यासिफाइङ अर्थात उत्तेजना मत्थर गर्ने खालका छन्। केही समाचार सामान्य र नरम छन् भने केही समाचारका शीर्षकमाथि प्रयोग भएजस्तै आपत्तिजनक र उत्तेजक पनि पाइए। जस्तै माघ ९ गतेको समाचारमा 'कर्फ्यु तोड्दै मैदानमा उत्रिए मधेसीहरू, सोमबार थप तीनको मृत्यु, दर्जनौं घाइते' शीर्षकमा समाचार प्रकाशित भएको छ। यो समाचारको शीर्षक आन्दोलनमा ऊर्जा थप्ने वा त्रास उत्पन्न गराउने खालको छ। माघ ७ को अंकमा 'आजदेखि मुलुकभर यातायात बन्द' शीर्षकमा समाचार प्रकाशित भएको छ। माघ १० गतेको अंकमा 'अहिले त मधेस मात्र जल्दैछ' शीर्षकमा अर्को उत्तेजनात्मक समाचार छापिएको छ।

**राजविराज टुडे, आइतबार सत्यापन साप्ताहिक, राजविराज**ः ६ देखि १२ माघ २०६३ भित्र राजविराज टुडे र सत्यापन साप्ताहिकमा लहान घटनासम्बन्धी ५६ वटा समाचार प्रकाशित भएका छन्। ५६ मध्ये ३७ वटा घटनाप्रधान समाचार छापिएका छन्। आधाजसो समाचारमा तस्बिर पनि प्रयोग भएको छ।

४१ वटा समाचारमा प्रयोग भएको भाषा सरल र नरम छ । अधिकांश समाचारका शीर्षक प्यासिफाइङ अर्थात् उत्तेजना कम गर्ने खालका छन् । समाधानमुखी र संयमित बनाउने खालका पनि छन् । १२ माघको पहिलो पेजको समाचार शीर्षक छ- 'माग पूरा नभए संविधानसभा बिथोलिन्छः ज्वाला सिंह' । अधिकार नपाएसम्म आन्दोलन जारी रहने, सिरहामा बम विस्फोट, थप कर्फ्यु आदेश जारीलगायतका उत्तेजनात्मक समाचार शीर्षक पनि राखिएका छन् । सिरहामा बम विस्फोट भनेर शीर्षक दिइएको छ तर समाचारभित्र बम विस्फोट भएको कुरा छैन । अधिकांश समाचारमा व्यक्तिका भनाइ/अभिव्यक्ति र प्रेस विज्ञप्तिलाई स्रोतको रूपमा प्रस्तुत गरिएको छ । सम्पादकीयहरू समाधानमुखी पनि देखिन्छन् । १२ माघमा 'समयमै माग पूरा गर्नु बुद्धिमानी' शीर्षकको सम्पादकीय सामान्य नै छ । तर ७ माघको 'मधेसका लागि संयुक्त आवाजको आवश्यकता' शीर्षकको सम्पादकीयमा सरकारी कार्यशैलीको आलोचना गरिएको र आन्दोलन चर्काउने हिसाबको पनि छ । प्रायः सबै समाचारमा आफ्नै र प्रमुख स्रोतको प्रयोग भएको छ ।

**जनकपुर टुडे, जनकपुर**ः ६ देखि १२ माघ, २०६३ भित्र जनकपुर टुडेमा लहान घटनासम्बन्धी सबैभन्दा बढी अर्थात् ५९ वटा समाचार/सम्पादकीय र पाठकपत्र प्रकाशित भएका छन् । ५९ मध्ये ५ वटा सम्पादकीय छापिएका छन् । २ वटा पाठक पत्र प्रकाशित छन् । केही समाचारमा तस्विरको प्रयोग भएको छ । ४६ वटा समाचारमा सरल र सामान्य भाषाको प्रयोग भएको छ । बाँकी केही समाचारमा अलि बढी कडा शब्द प्रयोग गरिएको छ । २५ वटा समाचारमा प्यासिफाइङ अर्थात् उत्तेजना गर्ने गरी शीर्षक प्रयोग भएको छ । अधिकांश समाचारमा स्रोत खुलाइएको छ ।

**पारदर्शी, चितवन (माघ ६ देखि १२ गतेसम्म)**ः ६ देखि १२ माघ, २०६३ सम्म पारदर्शी दैनिकले लहान घटनासम्बन्धी जम्मा आठवटा समाचार/सम्पादकीय र लेख प्रकाशित गरको छ । आठमध्ये चारवटा सम्पादकीय, एउटा लेख र बाँकी तीनवटा समाचार छन् । ८ वटै सामग्रीमा उत्तेजक शब्दको प्रयोग भएको छैन । सबै समाचार/सम्पादकीय र विचारका शीर्षक उत्तेजनात्मक छैनन् । सामान्य छन् । तर गम्भीर पक्ष के भने समाचारहरूमा स्रोतको प्रयोग भएको छैन । काठमाडौं र उदयपुरको Dateline राखेर छापिएका समाचारमा स्रोत उल्लेख गरिएको छैन ।



**जनसंघर्ष, बुटवल**ः ६ देखि १२ माघ, २०६३ सम्म जनसंघर्षले लहान घटनासम्बन्धी १८ वटा समाचार प्रकाशित गरेको छ । १८ मध्ये १७ वटा समाचारमा उत्तेजक शब्दको प्रयोग भएको छैन । तर ११ माघको अंकमा पहिलो पृष्ठको पुछारमा 'आपराधिक जत्थासँग वार्ता' शीर्षकमा प्रकाशित समाचारमा माओवादी अध्यक्ष प्रचण्डका उत्तेजक शब्द प्रयोग गरिएको छ । प्रायः सबै समाचारमा प्रमुख स्रोतको प्रयोग भएको छ ।

**दैनिक लुम्बिनी, बुटवल**ः ६ देखि १२ माघ, २०६३ भित्र दैनिक लुम्बिनीमा लहान घटनासम्बन्धी ७ वटा समाचार/लेख छापिएका छन् । तीमध्ये ६ वटा समाचार छन् । विचार पृष्ठमा श्रीमनारायणको लेख छापिएको छ । उनको लेखको शीर्षक छ - 'हामी संकीर्ण नबनौं' । यो लेख सामाजिक सहिष्णुता कायम गर्ने खालको देखिन्छ । मधेसी र पहाडेबीच झगडा गर्न नहुने सुझाव छ । समाचारमा उत्तेजक शब्दको प्रयोग भएको छैन । एउटा बाहेक अरू सबै समाचारमा स्रोतको प्रयोग भएको छ तर ८ माघको प्रथम पृष्ठमा प्रकाशित 'लहानमा कर्फ्यु, स्थिति असामान्य' शीर्षकमा प्रकाशित समाचारमा तराईका विभिन्न जिल्लामा सरकारी कार्यालयमा तोडफोड भएका, कर्फ्यु लगाए पनि स्थिति सामान्य हुन नसकेको विषय उल्लेख छ । तर बुटवलमा बसेर अन्य जिल्लाका समाचार कसरी तयार पारियो अर्थात समाचार स्रोत के हो ? त्यो उल्लेख छैन ।

**प्रतीक दैनिक, वीरगन्ज**ः ६ देखि १२ माघ, २०६३ भित्र वीरगन्जको प्रतीक दैनिकले लहान घटनासम्बन्धी २४ वटा समाचार/सम्पादकीय र विचारहरूजस्ता सामग्री प्रकाशित गरेको छ। जसमध्ये ३ वटा सम्पादकीय, दुईवटा टिप्पणी अर्थात विचार (लेख) र २ वटा अन्तर्वार्ता छन् भने बाँकी समाचारहरू प्रकाशित भएका छन् । समाचारमा संवाददाताको स्थलगत रिपोर्टिङ, विज्ञप्ति, पत्रकार सम्मेलन, नेताका भनाइ आदिलाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ । तर ११ माघको अंकमा प्रथम पृष्ठमा प्रकाशित 'लहानमा थप दुईको मृत्यु' शीर्षकअन्तर्गत छापिएको समाचारमा स्रोतको स्पष्ट उल्लेख छैन ।

**जनकपुर एक्सप्रेस, जनकपुर**ः ६ देखि १२ माघसम्म जनकपुर एक्सप्रेसले लहान घटनासम्बन्धी ३२ वटा समाचार/सम्पादकीय/अन्तर्वार्ता/लेख प्रकाशित भएका छन् । जसमध्ये २५ वटा समाचारहरू प्रकाशित भएका छन् । पाँचवटा सम्पादकीय

प्रकाशित भएका छन् । दुईवटा अन्तर्वार्ता र एउटा लेख पनि छापिएको छ । समाचारमा प्रयोग भएको भाषा उत्तेजक छैन । सामान्य भाषाको प्रयोग भएको छ । अधिकांश समाचारमा विज्ञप्तिलाई समाचार स्रोतको रूपमा प्रयोग गरिएको छ । प्रायः सबै समाचारमा प्रमुख स्रोत अर्थात् original news source को प्रयोग भएको छ ।

**कालपृष्ठ दैनिक, नेपालगन्जः** ६ देखि १२ माघ, २०६३ को अंक अध्ययन गर्दा कालपृष्ठ दैनिकमा लहान घटनासम्बन्धी एउटा मात्र समाचार प्रकाशित भएको छ । माघ ६, ७, ८, ९, ११ र १२ गते यो पत्रिकामा लहान घटनासम्बन्धी एउटै समाचार छापिएको छैन । माघ १० गते मात्र एउटा समाचार छापिएको छ । 'सरकारद्वारा वार्ता आह्वान' शीर्षकमा छापिएको त्यो समाचार प्रथम पृष्ठमा एक कोलममा मात्र फैलिएको छ । काठमाडौंमा बसेको मन्त्रिपरिषद् बैठकले आन्दोलनरत पक्षलाई वार्तामा बोलाएको कुरा समाचारमा छ । त्यो समाचार संवाददाता र विज्ञप्तिका भरमा लेखिएको उल्लेख छ । समाचारमा उत्तेजक शब्दको प्रयोग छैन भने समाचार शीर्षक पनि सामान्य छ ।

**नेपालगन्ज टाइम्स, नेपालगन्जः** ६ देखि १२ माघ, २०६३ भित्र नेपालगन्ज टाइम्समा लहान घटनासम्बन्धी जम्मा ५ वटा समाचार प्रकाशित भएका छन् । जसमध्ये एउटा समाचारमा स्रोत उल्लेख छैन । बाँकीमा नेताका भनाइ, विभिन्न विज्ञप्ति र कुराकानीलाई समाचार स्रोतका रूपमा प्रयोग गरिएको छ । समाचारका शीर्षकहरू प्यासिफाइङ अर्थात् सामान्य छन् । माघ ६, ८, ९, ११ र १२ गते लहान घटनासम्बन्धी समाचार प्रकाशित भएका छैनन् ।

## तेस्रो चरण

### गौर घटनासम्बन्धी तराईका छापा माध्यममा प्रकाशित समाचारहरूको विश्लेषण

**उद्घोष दैनिक विराटनगरः** २०६३ चैत ५ देखि चैत ११ सम्म उद्घोष दैनिकले गौर घटनासँग सम्बन्धित १२ वटा समाचार प्रकाशित गरेको छ । १२ मध्ये १० वटा समाचार प्रथम पृष्ठमा छापिएका छन् । विभिन्न पार्टी सम्बन्ध,



नेता, मानव अधिकारकर्मी र तीनका प्रेस विज्ञप्तिलाई समाचारको स्रोतको रूपमा प्रयोग गरिएको छ । अधिकांश समाचारको शीर्षक सामान्य छन् । समाचार तयार पार्दा सावधानी अपनाइएको पाइन्छ । प्रायः सबै समाचारमा प्रमुख स्रोतको प्रयोग भएको छ ।

**दर्शन दैनिक, विराटनगरः** चैत ५ देखि ११ सम्म दर्शन दैनिकले गौर घटनासम्बन्धी ११ वटा समाचार प्रकाशित गरेको छ । चैत ५, ६ र ७ गते यसबारे समाचार छापिएका छैनन् । ११ मध्ये ९ वटा समाचारको भाषा नरम छ । सबै समाचारमा विभिन्न व्यक्तिका भनाइ, प्रेस विज्ञप्तिलाई समाचार स्रोतको रूपमा प्रयोग गरिएको छ । प्रायः सबै समाचार शीर्षक घटनाप्रति सरकारको ध्यानाकर्षण गराउने र घटनालाई गम्भीर देखाउने प्रकृतिका छन् । साम्प्रदायिक सद्भाव नबिथोलियोस् भन्ने अभिप्राय राखी समाचारमा सजगता अपनाइएको छ ।

**पूर्वसन्देश दैनिक, दमकः** ५ देखि ११ चैत, २०६३ सम्म पूर्व सन्देश दैनिकले गौर घटनासम्बन्धी जम्मा नौवटा समाचार प्रकाशित गरेको छ । ९ वटै समाचारमा सरल भाषा प्रयोग गरिएको छ । ९ मध्ये ८ वटा समाचार प्रथम पृष्ठमा छापिएका छन् । समाचार उत्तेजना फैलाउने खालका छैनन् । प्रथम पृष्ठमा प्रकाशित समाचारलाई ठूलै स्थान दिइएको छ । नौमध्ये ८ वटा समाचारमा स्रोतको प्रयोग गरिएको छ भने एउटामा स्रोत खुलाइएको छैन ।

**ब्लास्ट टाइम्स दैनिक, धरानः** ५ देखि ११ चैतको बीचमा ब्लाष्ट टाइम्स दैनिकमा गौर घटनासम्बन्धी १६ वटा समाचार छापिएका छन् । ५, ६ र ७ गतेमा कुनै समाचार छैन भने ८ चैतदेखि समाचारले स्थान पाएका छन् । अधिकांश समाचार प्रथम पृष्ठमा प्रकाशित भएका छन् । समाचार उत्तेजना फैलाउने खालको देखिँदैनन् । प्रायः सबै समाचारमा स्रोत खुलाइएको छ ।

**राजविराज टुडे,** (आइतबार सत्यापन साप्ताहिक), **राजविराजः** ५ देखि ११ चैतको बीचमा राजविराज टुडेमा गौर घटनासम्बन्धी जम्मा आठवटा समाचार प्रकाशित भएका छन् । आठमध्ये पाँचवटा समाचार प्रथम पृष्ठमा प्रकाशित भएका छन् । कतिपय समाचारमा तस्बिरहरू पनि प्रकाशित गरिएको छ । ६ वटा समाचारको भाषा सरल र नरम खालको छ भने बाँकी दुईवटा समाचारमा

आरोपयुक्त शब्दहरूको प्रयोग भएको छ । सबै समाचारमा समाचारको स्रोत खुलाइएको छ ।

**पारदर्शी राष्ट्रिय दैनिक, चितवनः** चैत ३ देखि ११ अर्थात् १७ देखि २५ मार्चसम्म पारदर्शी दैनिकमा गौर घटनाबारे १३ वटा समाचार छापिएका छन् । चितवनबाट प्रकाशित हुने यो दैनिकमा चैत ४ गते बाराको कलैयाबाट सम्प्रेषणा गरिएको समाचार प्रथम पृष्ठमा छापिएको छ, जसमा स्रोत उल्लेख छैन । समाचारमा स्रोत उल्लेख नगरिएकाले बाराबाट चितवनसम्म समाचार कसरी आइपुग्यो भन्ने कुरा अस्पष्ट छ । १३ मध्ये अधिकांश समाचारमा सामान्य भाषा प्रयोग भएको छ भने केही समाचारमा उत्तेजक शब्दको प्रयोगसमेत गरिएको छ । अरू समाचारमा यात्रु, प्रमुख जिल्ला अधिकारी, प्रहरी अधिकारीलाई समाचारको स्रोतका रूपमा खुलाइएको छ । समाचारका शीर्षकहरू प्यासिफाइड अर्थात् उत्तेजना कम गराउने खालका छन् । सम्पादकीयमार्फत पत्रिकाले समाधानतर्फ पहल गर्न खोजेको देखिन्छ ।

**जनसंघर्ष राष्ट्रिय दैनिक, बुटवलः** १७ देखि २५ मार्चसम्म अर्थात चैत ३ देखि ११ गतेसम्म जनसंघर्ष दैनिक बुटवलमा गौर घटनासम्बन्धी १२ वटा समाचार प्रकाशित भएका छन् । १० मध्ये ८ वटा समाचारको भाषा सरल छ । फरक जिल्लाबाट आएका तर बुटवलबाट प्रकाशित ३ वटा समाचारमा स्रोत उल्लेख गरिएको छैन । त्यसले समाचारको विश्वसनीयतामा प्रश्न उठाएको छ । जस्तैः चैत ३ गतेको अंकमा 'गौरको जनजीवन तनावग्रस्त' भएको समाचार प्रकाशित भएको छ तर समाचारमा स्रोत उल्लेख छैन । स्रोत के हो ? कसरी समाचार प्राप्त भयो उल्लेख छैन । त्यसैगरी चैत ११ गतेको अंकमा 'पूर्वी तराईमा सुरक्षा कडा' शीर्षकमा समाचार छापिएको छ । काठमाडौंबाट लेखिएको यस समाचारमा देशका पूर्वी र मध्य तराईका विभिन्न भागमा फोरमद्वारा गर्न लागिएका कार्यक्रममा रोक लगाएको उल्लेख छ तर समाचारको स्रोत खुलाइएको छैन । सबै समाचारका शीर्षक अतिरञ्जित छैनन् । शीर्षक प्यासिफाइड नै छन् ।

**दैनिक लुम्बिनी, बुटवलः** ३ देखि ११ चैत २०६३ भित्र दैनिक लुम्बिनीले गौर घटनासम्बन्धी १३ वटा समाचार/लेख र सम्पादकीय प्रकाशित भएका छन् । १३ मध्ये ११ वटा समाचारका भाषा सरल र संयमित छ । केही



समाचारमा प्रयोग भएको भाषा भने अलि आक्रमक छ । जस्तै चैत ११ गते काठमाडौंबाट लेखिएको समाचारको शीर्षक छ 'दरबार संविधानसभा बिथोल्न सक्रियः प्रचण्ड' । चार कोलममा फैलिएको यो समाचारको भाषा आक्रामक छ । आधाजसो समाचारमा स्रोत खुलाइएको छैन । जस्तो चैत १० गतेको समाचारमा रौतहटको समाचारलाई पहिलो पृष्ठमा छापिएको छ र शीर्षक छ 'फोरमका नेताहरूलाई पक्राउ पुर्जी' । रौतहटको dateline मा लेखिएको यो समाचार बुटवलमा प्रकाशित भएको छ । तर समाचारमा स्रोत उल्लेख छैन ।

**कालपृष्ठ राष्ट्रिय दैनिक, नेपालगन्जः** चैत ३ देखि ११ गतेसम्मको बीचमा कालपृष्ठ दैनिकमा गौर घटनासम्बन्धी जम्मा ६ वटा समाचार/सम्पादकीय प्रकाशित भएका छन् । सबै समाचारमा स्पष्ट र सरल भाषा प्रयोग भएको छ । २ वटा समाचारमा स्रोत उल्लेख गरिएको छैन । चैत ८ गतेको अंकमा 'झडपमा २५ को मृत्यु' शीर्षकमा समाचार नेपालगन्जबाटै लेखिएको छ तर आधिकारिक स्रोत उल्लेख गरिएको छैन । समाचारका शीर्षक सामान्य नै छन् । स्रोत उल्लेख भएका समाचारमा प्रचण्डको भनाइ, अनमिनको विज्ञप्ति आदिलाई समाचार स्रोतका रूपमा उल्लेख गरिएको छ ।

**प्रतीक दैनिक, वीरगन्जः** ३ देखि ११ चैतको बीचमा प्रतीक दैनिकमा गौर घटनासम्बन्धी जम्मा १६ वटा समाचार/सम्पादकीय प्रकाशित भएका छन् । सबै समाचारमा प्रयोग भएका भाषा सामान्य, सरल र अतिरञ्जनामुक्त छन् । कतिपय समाचारमा शान्तितर्फ अघि बढ्न प्रेरितसमेत गरिएको छ । समाचारका शीर्षकहरू प्यासिफाइड अर्थात उत्तेजना कम गर्ने खालका छन् । प्रायः सबै समाचारमा स्रोत खुलाइएको छ । राससको समाचारसमेत प्रकाशित भएका छन् । सबै समाचारमा original अर्थात् प्रमुख स्रोतको प्रयोग गरिएको छ । काठमाडौंको समाचारलाई राससमार्फत प्रयोग गरिएको छ ।

**नेपालगन्ज टाइम्स, नेपालगन्जः** ३ देखि चैत ११ गतेसम्म नेपालगन्ज टाइम्सले गौर घटनाबारे जम्मा ५ वटा समाचार / दृष्टिकोण प्रकाशित गरेको छ । समाचारमा प्रयोग भएको भाषा उत्तेजना फैलाउने खालको छैन । समान्य छ । शीर्षकहरू पनि अतिरञ्जित छैनन् । चैतको अंकमा प्रकाशित 'फोरम र माओवादीबीच झडप' भन्ने समाचारमा भने स्रोत उल्लेख गरिएको छैन ।

**जनकपुर एक्सप्रेस, जनकपुरः** ३ देखि ११ चैतको बीचमा जनकपुर एक्सप्रेसमा गौर घटनासम्बन्धी १५ वटा समाचार/सम्पादकीय प्रकाशित भएका छन्। तीमध्ये १२ वटा समाचार छन्। समाचारका तुलनामा सम्पादकीय कम अर्थात जम्मा तीनवटा छन्। १२ वटा समाचारमा प्रयोग भाषा सरल, नरम, सामान्य र अतिरञ्जितमुक्त छ। केही समाचारमा प्रयोग भएको भाषा भने कडा छ। जस्तै ११ चैतमा 'गौरमा ६ पक्राउ, गोल बजारमा कर्फ्यु' शीर्षकमा प्रकाशित भएको समाचारमा फोरमका ६ जना पक्राउ परेका र तराई कोब्राले फोरमका कार्यकर्ता पक्राउ गरिएमा भीषण कारबाही गर्ने चेतावनी दिएको समाचारमा उल्लेख छ। समाचारमा भाषा उत्तेजनात्मक छैन। एकाधबाहेक प्रायः सबै समाचारका शीर्षक सामान्य छन्। तर रोचक पक्ष के भने काठमाडौंको समाचार जनकपुरबाट प्रकाशित हुने पत्रिकामा प्रकाशित भएको तर काठमाडौंबाट जनकपुरसम्म त्यो समाचार कसरी र कुन माध्यमबाट पुऱ्याइयो भन्ने खुलाइएको छैन। अर्थात काठमाडौंबाट प्राप्त समाचारमा स्रोत उल्लेख गरिएको छैन। रौतहट घटनाको सरकारले छानबिन गर्ने। ८ चैतको अंकमा काठमाडौंको dateline मा प्रकाशित यो समाचारमा स्रोत उल्लेख छैन।

**अंकुश दैनिक, वीरगन्जः** तराई आन्दोलनका कारण माघ ५, ६ र ७ गते अंकुश दैनिक प्रकाशित हुन सकेन। माघ ८ देखि १२ सम्म यो दैनिकले गौर घटनासम्बन्धी नौवटा समाचार/सम्पादकीय प्रकाशित गरेको छ। ६ मध्ये चारवटा समाचारमा भाषा सामान्य प्रयोग गरिएको छ। अतिरञ्जित छैन भने बाँकी दुईमा कडा टिप्पणीले भरिएका शब्दहरू प्रयोग भएका छन्। जस्तैः ९ चैतमा अन्तिम पृष्ठमा प्रकाशित समाचाराको शीर्षक यस्तो छ- 'फोरमलाई प्रतिबन्ध लगाउन माओवादीको माग'। प्रचण्डले फोरमलाई आपराधिक गिरोह भएको उल्लेख गर्दै त्यसमाथि प्रतिबन्ध लगाउन माग गरेका छन्। माओवादी सेना शिविर बाहिर निस्कने चेतावनी दिएका छन्। समाचारमा प्रयोग भएको भाषा कडा छ। पत्रकार सम्मेलन, स्थलगत रिर्पोटिङ र कुराकानीलाई समाचारको स्रोत बनाइएको छ।



## निष्कर्ष तथा सुझाव

तराईमा भएको मधेस आन्दोलनसम्बन्धी समाचारहरूलाई छापा माध्यमहरूले कसरी प्रस्तुत गरे भनेर गरिएको यो अध्ययनको सारांश, निष्कर्ष तथा सुझावहरू देहायबमोजिम छन्।

क. तराईमा भएको मधेस आन्दोलनसम्बन्धी समाचारहरू सम्प्रेषण गर्दा छापा सञ्चारमाध्यमहरूले समाचारको विश्वसनीयता कायम राख्ने (बढाउने) तर्फ ध्यान दिएको पाइएन। समाचारको स्रोतमा पर्याप्त ख्याल पुऱ्याइएन। फलस्वरूप कतिपय समाचारहरू विश्वास गर्न लायक भएनन्।

ख. सञ्चारकर्मीहरूमा पेसागत अनुशासन, निष्ठा र मर्यादाको टड्कारो कमी देखियो।

ग. पत्रपत्रिकाका गतिविधिलाई उचित स्थान दिएर समाचारहरू सन्तुलित बनाउनेतर्फ पर्याप्त ध्यान दिइएको छैन।

घ. समाचारहरू, सम्पादकीय र लेखहरू भय र त्रासकाबीच लेखेको पाइयो। स्वतन्त्र र निर्धक्कसँग लेखेको पाइएन। परिणाम स्वरूप समाचार, सम्पादकीय र लेखसमेत कतिपय अवस्थामा एक पक्षीय हुन पुगेका छन्।

ङ. मधेसका मूलभूत माग भनिएका बुँदाको उपेक्षा गरेको र तत्कालिक घटनाका विवरणमा मात्र बढी केन्द्रित भएको पाइयो। समाचार, लेख र सम्पादकीयहरूसमेत बढी जसो घटनाप्रधान मात्र पाइए। पर्याप्त पृष्ठभूमि र व्याख्याको अभाव देखियो।

च. समाचारहरू बढी तर फिचर, सम्पादकीय र लेख/दृष्टिकोणहरूको कमी पाइयो।

छ. सञ्चारकर्मीहरूमा मूलतः प्रशिक्षण, अभिमुखीकरण तालिम आदिको अभाव रहेको पाइयो।

ज. पत्रकारहरूले कतिपय अवस्थामा आफ्नो विवेक प्रयोग गर्नुपर्छ । मैले लेख्ने समाचारले समाजमा कस्तो प्रभाव पार्छ भनेर समाचार लेख्नु अघि सोचविचार पुऱ्याउनुपर्छ । तराई आन्दोलनका समाचार सम्प्रेषण गर्ने क्रममा सञ्चारकर्मीले विवेकसमेत कम प्रयोग गरेको पाइयो । यसतर्फ पनि ध्यान दिनुपर्ने आवश्यकता छ । त्यस्तै समाचारमा प्रयोग हुने भाषा र समाचारका शीर्षकमा पनि ध्यान दिनुपर्ने देखिन्छ । भाषा नरम प्रयोग गर्नुपर्छ ताकि बलिरहेको आगोमा घिउ होइन पानी थपे सरह होस् । अनि समाचारका शीर्षकहरू उत्तेजक बनाउनु हुँदैन ।

झ. स्रोतको कुरा गर्दा विभिन्न एफएम रेडियो, टेलिभिजन, समाचार समितिहरू र अनलाइन मिडियाका स्रोतलाई वैकल्पिक स्रोतका रूपमा सावधानीपूर्वक उपयोग गर्ने सम्भावनाहरू छन् । स्रोतका अनुसार भनेर लेख्ने तर त्यो स्रोत को हो ? उसको नाम उल्लेख नगर्ने परिपाटि देखियो । त्यसो गर्नुहुँदैन । सकभर स्रोतको नाम किटानीसाथ लेख्नुपर्छ । यदि स्रोतलाई अप्ठेरो पर्ने अवस्था छ भने नाम उल्लेख नगर्ने सर्तमा भनेर लेख्नुपर्छ । स्रोतको नाम उल्लेख नगर्ने छुट छ भन्दैमा समाचारलाई बंग्याउने, समाचारदाताले अनुमानको भरमा लेख्ने गर्नुहुँदैन । यी सामान्य विषयहरूमा ध्यान दिनसकेमा समाचारहरू तथ्यपरक, सन्तुलित अनि बढी विश्वसनीय हुन सक्छन् ।

## २. विद्युतीय माध्यम (रेडियो/टेलिभिजन) को अनुगमन प्रतिवेदन

### पृष्ठभूमि

अन्तरिम संविधान २०६३ जारी भएपछि त्यस संविधानले मधेस समुदायको हकहित र अधिकारको सुनिश्चितता नगरेको भनी नेपाल सद्भावना पार्टी (आ) ले मधेस बन्दको आह्वान गऱ्यो । बन्दको दोस्रो दिन नेपालगन्जमा हिंसा भड्कियो र क्रमशः तराईका अन्य भागमा पनि फैलिँदै गयो । सञ्चारमाध्यमले यसलाई मधेसी आन्दोलनको संज्ञा दिए ।

नेपालगन्ज, लहान र रौतहट घटना सम्बन्धमा प्रसारित सबै समाचारहरूको अभिलेख तयार गराइयो । यस क्रममा कम्युनिकेसन कर्नर, नेपाल एफएम, इमेज एफएम,



बुटवल एफएम, वीरगन्ज एफएम र भेरी एफएमका उपलब्ध समाचारहरूको विवरण सम्बन्धित अनुसन्धानकर्ताले तयार गरे । यसैगरी नेपाल टेलिभिजन र कान्तिपुर टेलिभिजनको साँझ ८:०० बजेका सबै समाचारको अभिलेख पनि तयार गराइयो ।

एफएम रेडियो र टेलिभिजन समाचारसम्बन्धी प्राप्त अभिलेखको आधारमा विस्तृत विश्लेषण गर्दै यो रिपोर्ट तयार गरिएको छ ।

### प्रथम चरण

मिडिया विषयवस्तु अध्ययनका लागि छनौट गरिएका मिडियाहरूलाई तीन चरणमा बाँडिएको छ । तीन चरणमध्ये पहिलो चरणमा नेपालगन्ज घटनाका समयमा प्रसारण, प्रकाशन भएका विषयवस्तुको अध्ययन गरिएको छ ।

मिति २०६२ पुस १० गते तद्अनुसार २५ डिसेम्बरका दिन अन्तरिम संविधान २०६३ मा मधेसीहरूको हकहित र अधिकारलाई सुनिश्चित नगरेको भन्दै नेपाल सद्भावनापार्टी (आनन्दीदेवी) ले मधेस बन्दको आह्वान गरेको । बन्दको आह्वानलाई प्रसारण गरेको रेकर्ड कुनै पनि एफएम रेडियो र टेलिभिजन च्यानलमा भेटिएन तर बन्दको दिन प्रायः सबै विद्युतीय सञ्चारमाध्यमहरूले बन्दको समाचार प्रसारण गरेको पाइयो ।

सोही दिनको कम्युनिकेसन कर्नरद्वारा सञ्चालित समाचार बुलेटिनको समाचार यस्तो थियो "अन्तरिम संविधानका केही बुँदामा असहमति जनाउँदै सत्ता साझेदार दल नेसपा (आ) ले आह्वान गरेको मधेस बन्दका कारण आज तराईको जनजीवन प्रभावित भएको छ । अन्तरिम संविधानमा प्रान्तीय सरकारको व्यवस्था गर्नुपर्नेलगायतका माग राख्दै सद्भावना पार्टी आनन्दीदेवीले मधेस बन्दको आह्वान गरेकाले बन्दबाट सर्लाही, सिरहा, सप्तरी, महोत्तरी, रूपन्देही, नवलपरासी र कपिलवस्तुलगायतका तराईका २४ जिल्लाका बजार, उद्योगधन्दा, यातायात र शिक्षण संस्था पूर्णरूपमा ठप्प छन् ।"

नेपाल एफएमको सोही दिनको समाचारमा भैरहवा र नवलपरासीमा बन्दको अवज्ञा गरेको भन्दै दुई वटा सवारी साधनमा तोडफोड भएको र नेपालगन्जमा

नेसपा(आ) का कार्यकर्ताले चारवटा होटलमा तोडफोड गरेपछि त्यहाँ पहाडी र मधेसमूलका बासिन्दाबीच झडपसमेत भएको थप समाचार प्रसारण भएको थियो ।

इमेज एफएमको समाचारमा पनि तराई बन्दको समाचार प्रसारण भएको तर तोडफोड र टायरबाली सडक अवरोध गरेको समाचारले प्रधानता पाएको थियो ।

नेपालगन्जको भेरी एफएमको समाचारमा 'अन्तरिम संविधानमा मधेसीहरूको मुद्दा नउठाएको भन्दै सत्तारुढ नेसपा (आ) ले आज तराईका सम्पूर्ण जिल्लाहरू बन्द गराएको छ । उक्त क्रममा बन्द उल्लंघन गर्न खोजेको भन्दै मधेसी सम्बद्ध युवाहरूले नेपालगन्जको विभिन्न ठाउँमा एकाबिहानै टायर बालेर प्रदर्शन गर्नुका साथै सडक अवरुद्ध गराएका छन् । आयोजकहरूले आकस्मिक सेवालाई कुनै पनि अवरोध न पुऱ्याएको र सोही अनुसारको निर्देशन आफ्ना कार्यकर्तालाई दिएका छन्,' भनी प्रसारण गरेको पाइयो ।

१० पुस चारवटै एफएम रेडियोको समाचार प्रसारण तथ्यगत र भाषा सन्तुलित भएको पाइयो । बन्दको उद्देश्य पनि राम्ररी प्रसारण गरिएको र सबैभन्दा वस्तुनिष्ठ प्रस्तुति नेपालगन्जको भेरी एफएमको देखियो ।

टेलिभिजनको प्रस्तुति हेर्दा १० पुसको तराई बन्दको समाचार नेपाल टेलिभिजनले प्रसारण नै गरेन ।

कान्तिपुर टेलिभिजनको समाचारमा "सरकारमा साझेदार दल भए पनि सद्भावना पार्टीले संविधानमा समानुपातिक निर्वाचन प्रणाली, संघीय शासन प्रणाली साथै सम्पत्तिमा समेत हदबन्दी लागू गर्नुपर्ने माग राखी आज तराई क्षेत्र बन्द गरेको छ । पार्टीका कार्यकर्ताहरूले ठाउँ-ठाउँमा टायर बाली ढुंगामुढा थुपारी सडक अवरुद्ध गरेका छन्" भनी प्रसारण भएको थियो ।

२०६२ पुस ११ गते डिसेम्बर २६ को कम्युनिकेसन कर्नरको समाचार यस्तो थियो 'नेसपा(आ) को हिजोको तराई बन्दको विषयलाई लिएर नेपालगन्जमा आज बिहानैदेखि भएको तोडफोड र आगजनी नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय बाँकेले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ । साम्प्रदायिक दंगा भड्काउन प्रतिगामी तत्वको घुसपैठ रहेको आशंका स्थानीय बासिन्दादेखि आठ राजनीतिक दलका नेताहरूले गरेका छन् ।.........'



नेपाल एफएमको समाचारमा 'बाँके जिल्लाको नेपालगन्जमा आज भएको प्रदर्शनको समाचार संकलनको क्रममा रहेका सञ्चारकर्मीमाथि हातपात भएको भन्दै नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ । प्रदर्शनकारीको धम्कीका कारण सञ्चारमाध्यमको सुरक्षामाथि समेत गम्भीर चिन्ता उत्पन्न भएको छ । नेपालगन्जमा किन यस्तो स्थिति आयो ? कसको अगुवाईमा दंगा भएको हो ? के कति र कुन समुदायको बढी क्षति भयो ? इत्यादि विषयलाई नसमेटी पत्रकारहरूमाथि भएको आक्रमणलाई मुख्य समाचार बनाइएको पाइयो ।

उक्त दिनको इमेज एफएमको समाचारमा 'कर्फ्यु तोड्ने क्रममा एक जनाको मृत्यु भएको र प्रहरीले दंगा नियन्त्रण गर्न गोली चलाउँदा ५० औं व्यक्ति घाइते भएको र नेसपा(आ) को हिजोको बन्दको क्रममा तोडफोड भएको गाडीको क्षतिपूर्तिसम्बन्धी विवाद बढ्दै जाँदा क्षेत्रीय दंगा सुरु भएको,' बताइएको छ तर दंगामा कस्को हात थियो र भौतिक क्षति कति भयो भन्ने सम्बन्धमा कुनै विवरण दिइएन ।

भेरी एफएमको समाचारमा "हातमा लट्ठी, ढुङ्गा, खुंडा लिएका नेतृत्वविहीन किशोरहरूले ठाउँ-ठाउँमा तोडफोड गर्दै हिँडिरहेको दृष्यले नेपालगन्ज नगरमा आतंक सिर्जना गरेको थियो । उक्त समूहले पत्रकार महासंघका उपसभापति झलक गैरेको मोटरसाइकलमा तोडफोड तथा पत्रकार मेहराज सल्यानी लगायतलाई अपशब्द प्रयोग गरेका दिए । यसैबीच राजनीतिक नेतृत्वविहीन ढंगले आयोजकबाट नियन्त्रण बाहिर गएका प्रदर्शनकारीका कारण भएको घटनाप्रति सद्भावना पार्टीसहित आठ दलले आलोचना गरेका छन् । आठ दलद्वारा जारी प्रेस विज्ञप्तिमा जातीय सद्भाव र क्षेत्रीय सहिष्णुता कायम राख्न सबैसँग आह्वान गरेको छ ।" भन्ने प्रसारण गरियो । यस बुलेटिनमा नेपालगन्जको वास्तविक घटनालाई चित्रण गर्ने प्रयास गरिएको छ ।

वीरगन्ज एफएमको समाचारमा संक्षिप्त रूपमा नेपालगन्ज घटना समेटिएको छ तर घटना विवरण छैन ।

यस दिनको समाचारको विश्लेषण गर्दा वास्तविक घटनालाई लुकाउने प्रयास गरिएको छ र आम नागरिकलाई भएको भौतिक क्षतिको विवरण कुनै पनि एफएमले दिएनन् ।

कान्तिपुर टेलिभिजनको समाचारमा 'तराई बन्दको क्रममा नेसपा (आ) का कार्यकर्ताले हिजो २५ वटा सवारी साधनमा तोडफोड गरेको भन्दै सवारी चालकले आज महेन्द्र राजमार्गमा सवारी साधन बन्द गराएका छन्' भन्ने प्रसारण भएको थियो ।

सद्भावना पार्टी (आ) ले बन्द कार्यक्रम फिर्ता लिइसकेपछि गाडीमाथि तोडफोड भएको भन्दै जिम्मेवारी नलिने उल्लेख गरेको छ भन्ने प्रसारण गर्दै नेपालगन्जमा जारी, सामाजिक सद्भाव बिग्रन नदिन नागरिक समाजका प्रतिनिधि र बुद्धिजीवीको आग्रहसम्बन्धी समाचार प्रसारण गऱ्यो । दृष्यमा प्रदर्शनकारी र प्रहरीबीच झडप र प्रहरी गस्तीको फोटो फ्रिज गरी देखाइएको थियो । नेपालगन्जको घटनालाई प्रस्तुत गर्दा नेसपा (आ) लाई बढी जिम्मेवार रूपमा प्रस्तुत हुनुपर्ने आशयको समाचार सम्प्रेषण गर्न खोजिएको देखिन्छ ।

नेपाल टेलिभिजनले ११ गते मात्र १० गतेको घटना दृष्य प्रसारण गऱ्यो । समाचार प्राथमिकता क्रममा पहिलो कर्फ्युको आदेश, दोस्रोमा बाँकेका प्रजिअसँग टेलिफोन अन्तर्वार्ता, तेस्रोमा नेपाली कांग्रेसका नेताहरूद्वारा आपसी मेलमिलाप कायम गर्न अपिल, चौथोमा पत्रकार महासंघद्वारा सञ्चारकर्मीको सवारीसाधन जलाएकोमा भर्त्सना, र पाँचौंमा गृहमन्त्रीद्वारा चित्त नबुझेका कुरालाई वार्ता र समझदारीका माध्यमबाट समाधान गर्न आह्वानसँगै नेसपा (आ) का नेताहरूको सामाजिक सद्भाव बनाई राख्न अपिल थियो । दृष्यमा टायर बालिएको र आगजनीको स्टिल फोटो र गृहमन्त्री र सद्भावना (आ) का नेताहरूको साउण्ड बाइट (Sound bite) थियो । समाचारमा घटनाको विवरण र पीडितहरूको भनाइ कतै समेटिएको देखिइएन ।



पुस १२ अर्थात डिसेम्बर २७ २००६ को कम्युनिकेसन कर्नरको समाचारमा नेपालगंजमा शान्ति र सद्भाव कायम गर्न माओवादीको नेतृत्वमा शान्तिऱ्याली निकालिएको, नेपालगन्ज घटनाको छानबिन गरी १५ दिनभित्र प्रतिवेदन पेस गर्न तीन सदस्यीय जाँचबुझ आयोग गठन भएको समाचार दोस्रो प्राथमिकता क्रममा राखिएको पाइयो ।

नेपाल एफएमको समाचारमा जाँचबुझ आयोग गठनको समाचारलाई तेस्रो प्राथमिकतामा राखेको, आज पनि कर्फ्यु जारी, हिजोको लुटपाट र आगजनीमा भएको करोडौंको क्षतिबारे पीडितहरूले प्रशासनविरुद्ध नाराबाजी गरेको समाचार प्रसारण भए पनि पीडित पक्षको भनाइ र प्रत्यक्षदर्शीहरूको अन्तर्वाताले समाचारमा कुनै स्थान पाएन ।

इमेज एफएमको समाचारमा पनि जाँचबुझ आयोगले प्रमुखता पाएन, आठ दलले सद्भाव ऱ्याली निकाल्न लाग्दा हुलदंगा गर्नेहरूले लुटपाट र दलका विरुद्ध नै नाराबाजी गरेपछि ऱ्याली निस्कन सकेन आदि समाचार मात्र प्रसारण गरेको र कति भौतिक क्षति भयो ? पीडितहरूको भनाइ के ? इत्यादिलाई समाचारमा समेट्ने प्रयास भएको देखिएन ।

भेरी एफएमको समाचार पनि सामाजिक सद्भाव बनाउन शान्ति र सद्भाव ऱ्याली निकालिएको, नेपालगन्जको स्थिति सामान्यतर्फ उन्मुख भएको समाचारमात्र प्रसारण भएको तर क्षतिको विवरण र पीडितहरूको भनाइ समेटिएन ।

वीरगन्ज एफएममा नेपालगन्ज घटनाबारे संक्षिप्त समाचारमात्र प्रसारण भएको छ र घटना विवरण छैन ।

नेपाल टेलिभिजनको समाचारमा सरकारद्वारा जाँचबुझ आयोग गठन पहिलो समाचार थियो भने दोस्रोमा अनिश्चितकालीन कर्फ्यु र शान्ति ऱ्याली, तेस्रोमा स्थानीय संवाददातासँग टेलिफोन वार्ता, चौथोमा गृहमन्त्रीद्वारा दोषीमाथि कारबाही र पीडित पक्षलाई क्षतिपूर्ति दिने, अन्तिममा राजनीतिक दलका नेताहरूको धारणा प्रसारित भयो । उहाँहरूले नेपालगन्जमा हाल भइरहेको

द्वन्द्व र विरोधलाई लोकतन्त्रविरुद्धको षड्यन्त्र, अधिनायकवादी र सामन्तवादीहरूको षड्यन्त्रको संज्ञा दिए । नेताहरूको अभिव्यक्ति उत्तेजक र थप हिंसा भड्काउने खालको थियो ।

कान्तिपुर टेलिभिजनको समाचारमा नेकपा (माओवादी) को नेतृत्वको शान्ति सद्भाव र्‍यालीमा विभिन्न धर्म, सम्प्रदायका मानिसहरूको सहभागितासम्बन्धी दृष्य देखाई शान्ति सद्भाव कायम गर्न जोड दिइएको । नेपालगन्जको स्थितिमा क्रमिक सुधार र सरकारद्वारा छानबिन समिति गठनसम्बन्धी समाचारले प्रमुखता पायो । समाचारको प्रस्तुति र दृश्य हेर्दा विभिन्न धर्म सम्प्रदायका अगुवाहरूले सामाजिक र धार्मिक सद्भावका लागि पहल गरेको देखिन्छ ।

पुस १२ गतेका दिन प्रसारित समाचारको विश्लेषण गर्दा सत्य, तथ्य र वास्तविक घटना विवरण दिँदा सामाजिक सद्भाव बिथोलिन्छ कि ? भन्ने मानसिकता सबै सञ्चारमाध्यममा हावी भएको देखिन्छ । समाचार प्रवाहमा Self Censorship ले गर्दा नै नेपालगन्ज घटनालाई आफ्नो ढंगले प्रचार गर्न दुई थरी सीडी निस्किएको अनुमान गर्न सकिन्छ ।

२०६२ पुस १३ गते अर्थात डिसेम्बर २८ को कम्युनिकेसन कर्नरको समाचारमा नेपालगन्जको जनजीवन सामान्य बन्दै गएको, कर्फ्यु हटाइएको, घटनाको स्थलगत विवरण लिन प्रमुख दलका नेताहरू नेपालगन्ज पुगेका, शीर्ष नेताहरूको अगुवाइमा भोलि बृहत् शान्ति र्‍याली निकालिने इत्यादि समाचारले प्रमुखता पाएको थियो ।

नेपाल एफएमको समाचारमा पनि माथिका कुरा समेटिएका छन् । नेपालगन्जको स्थिति सामान्य भए लगत्तै प्रदर्शनकारीले शिक्षण अस्पताल कोहलपुरमा अघिल्लो रात क्षति पुर्‍याएका, आकस्मिक सेवासमेत बन्द भएको समाचार प्रसारित भयो । नेपालगन्जको घटना इतिहासमै नभएको घटनाको रूपमा रहेको र प्रतिगामी र प्रतिक्रियावादी शक्तिहरू अझै सक्रिय रहेको भन्ने प्रधानमन्त्रीको भनाइ प्रसारण भएको देखिन्छ ।



इमेज एफएमको समाचारमा नेपालगन्ज घटनाको कुनै उल्लेख छैन । जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ताहरूले जनकपुर चुरोट कारखानाको लहान शाखाको गाडीमा आगो लगाइएको, सप्तरीको कोसी ब्यारेजनजिक अर्जुन फुयालको गोली हानी हत्या गरेको, काठमाडौँबाट मधुमल्ला जानलागेको बसमा आगो लगाएको र तराईका जिल्लामा पहाडीमूलका मानिसलाई गाडी चलाउन नदिनेजस्ता सनसनीपूर्ण समाचार प्रसारण गरेको पाइन्छ।

भेरी एफएमको समाचारमा नेपालगन्जमा देखिएको असहज परिस्थिति सामान्य हुँदै गएको, कर्फ्यु हटाइएको, शान्ति सद्भाव र भाइचाराको वातावरण बनाई राख्न शान्ति सद्भाव र्‍याली निकालिएको, तराई पहाड, मुस्लिम सबै एक हौं जस्ता नारा लगाउँदै नगर परिक्रमा गरेको समाचार प्रसारित भएको थियो । वीरगन्ज एफएमले पनि उपरोक्त आशयको समाचार प्रसारण गरेको थियो ।

नेपाल टेलिभिजनले सो दिनको समाचारमा नेपालगन्ज घटना सम्बन्धमा प्रधानमन्त्रीद्वारा गृहनगर विराटनगरमा सञ्चारकर्मीहरूसँगको भेटघाटमा घटनाको निन्दा र प्रतिक्रियावादीहरूसँग सचेत रहन जनतासँग आग्रह र दोस्रो आइटममा नेपालगन्जको जनजीवन सामान्य हुँदै गएको, ठाउँ-ठाउँमा सद्भाव र्‍यालीको दृष्य प्रसारित गर्‍यो ।

कान्तिपुरको समाचारमा नेकपा(माओवादी) को अगुवाइमा शान्ति र्‍याली निस्केको दृष्य, आठ दलका नेताहरूको स्थलगत भ्रमण र अवस्था बुझ्ने प्रयास, प्रधानमन्त्रीको अभिव्यक्ति प्रसारित भयो । यस दिनको समाचारमा नेपालगन्जको जनजीवन सामान्य बन्दै गएको र यस्ता घटना नदोहोरियोस् भन्नेमा जोड दिएको पाइयो । तर यसै बुलेटिनको अर्को समाचारमा जनतान्त्रिक तराई मुक्तिमोर्चाले सप्तरीमा एक जनाको हत्या गरेको, सवारी साधन जलाएको, यात्रीहरूको धनमाल लुटेको र १५ दिनसम्म तराईमा पहाडेमूलका व्यवसायीको गाडी गुड्न नदिने घोषणासम्बन्धी समाचार पनि प्रसारण भएको थियो ।

२८ डिसेम्बरपछिका समाचारमा पनि १-२ दिन यस्तै समाचार प्रसारण भए तर वास्तविक वस्तुस्थितिको चित्रण कुनै सञ्चारमाध्यममा भएन । नेपालगन्जको

जनजीवन सामान्य बन्न लागेकै बेला अर्को हिंसात्मक गतिविधि सुरु भएकाले त्यसतर्फ ध्यानाकर्षण भएको देखिन्छ ।

## दोस्रो चरण

मिडिया विषयवस्तु अध्ययनको दोस्रो चरणमा लहान घटनाका समयमा प्रकाशित र प्रसारित भएका समाचार विषयवस्तुको अध्ययन तथा विश्लेषण गरिएको छ ।

२०६२ माघ ६ गते अर्थात जनवरी २० २००७ को नेपाल टेलिभिजनको समाचारमा लहानमा माघ ५ मा भएको घटनालाई लिएर सिरहाका प्रजिअ, फोरम र आठ दलका प्रतिनिधिसहितको बैठक विनानिष्कर्ष टुंगिएको, घटनालाई चक्रन नदिन र सद्भाव कायम गर्न सबै पक्षसँग आग्रह, प्रदर्शनकारीद्वारा संयुक्त राष्ट्रसंघीय प्रतिनिधि तथा राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरको गाडीमाथि ढुंगा प्रहार, विभिन्न राजनीतिक दलका नेताहरूद्वारा उत्तेजना र आवेशमा नलागी धैर्य र संयम राख्न आग्रह र दण्डहीनताको स्थिति अन्त्य गर्न सरकारसँग माग आदि मुख्य थिए ।

कान्तिपुर एफएमले सिरहाको लहानमा अघिल्लो दिनको घटनालाई लिएर प्रदर्शन जारी, फोरमले मृतकका परिवारलाई क्षतिपूर्ति दिनुपर्ने र गृहमन्त्रीले राजीनामा दिनुपर्ने माग राखी पूर्वी तराईका अन्य जिल्लाहरूमा पनि प्रदर्शन र यातायात अवरुद्ध, विभिन्न ठाउँमा फोरम र माओवादी कार्यकर्ताबीच भिडन्त, मानवअधिकार आयोगको गाडीमा तोडफोड, फोरमको अगुवाईमा विभिन्न राजनीतिक दलका नेताहरूसमेत सम्मिलित जुलुसद्वारा काठमाडौंमा पनि प्रदर्शन इत्यादि समाचार प्रसारण गर्‍यो ।

राजधानीबाट प्रसारित अन्य एफएमहरूले पनि यस्तै समाचार दिए ।

मधेसी जनअधिकार फोरमको अघिल्लो दिनको शान्तिपूर्ण जुलुस, फोरमले बन्द आह्वान गरेको कारण र बन्दको अवज्ञा गर्ने माओवादीसँग झडप भएको र प्रतिकारमा माओवादी पक्षले गोली चलाएको कसैको समाचारमा प्रसारण भएन ।

माघ ७ गते अर्थात जनवरी २१ को नेपाल टेलिभिजनको समाचारमा लहान घटनासम्बन्धी विषय पहिलो प्राथमिकतामा रहेको पाइयो । अघिल्लो रात



माओवादीले मृतकको शव आफ्नो कब्जामा लिएकाले तनाव जारी, स्थानीय प्रशासनद्वारा कर्फ्यु आदेश, विभिन्न सरकारी कार्यालयमा तोडफोड र आगजनीको समाचार (दृष्यसहित २.मि.४३ से.) देखाइएको, अन्तरिम संसद्का ३८ जना विधायकद्वारा लहान घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न अपिल, जनकपुर र जलेश्वरको जनजीवन पनि प्रभावित, विभिन्न राजनीतिक दलका नेताहरूद्वारा संयम अपनाउन आग्रह र आठ राजनीतिक दलकातर्फबाट वीरगन्जमा सद्भाव र्‍याली निकालिएका समाचार मुख्य थिए ।

कान्तिपुर टेलिभिजनको समाचारमा लहानसम्बन्धी सबै समाचार पहिलो स्लग क्रममा राखिएको, स्टुडियोमा अतिथि बोलाई छलफल पनि गरिएको र पहिलो हेडलाइनमा 'लहान अहिले पनि तनावग्रस्त, विदेशी शक्ति र दरबारले तराईको उपयोग गरिरहेको विभिन्न दलका नेताहरूको आरोप' प्रसारण गरियो । फोरमका कार्यकर्ताद्वारा १० वटा सरकारी कार्यालयमा आगजनी र तोडफोड पहिलो समाचार थियो भने दोस्रोमा '३८ जना सांसदहरूद्वारा लहान समस्याको शान्तिपूर्ण समाधान खोज्न सरकार, राजनीतिक दल र नागरिक समाजलाई आह्वान ।' तेस्रोमा 'रिपोर्टर्स क्लबको कार्यक्रममा विभिन्न दलका नेताहरूद्वारा लहान घटना घटाउनमा दरबारिया शक्तिको चलखेल रहेको' भन्ने समाचार थियो ।

अन्य एफएमहरूले पनि लगभग यही आशयका समाचार सम्प्रेषण गरेका थिए ।

माघ ७ को समाचारमा सरकारी कार्यालय र सवारी साधन तोडफोडलाई नै बढी प्राथमिकता दिइएको पाइयो । विदेशी शक्ति र दरबारले तराईमा घटना घटाइरहेको दाबीलाई कान्तिपुरले समाचार शीर्षक Headline मा समेत राखी बढी महत्व लिएको पाइयो ।

२०६२ माघ ८ अर्थात जनवरी २२ गते "सामान्य बन्दै गएको लहानमा दिउँसो जुलुस प्रदर्शन पछि आज फेरि हिंसा भड्किँदा प्रहरीको गोली लागी दुई जनाको मृत्यु, कर्फ्यु आदेश जारी, गृहमन्त्रीद्वारा क्षतिपूर्ति दिने जानकारी, प्रधानमन्त्री निवासमा आठ दलका शीर्ष नेताहरूको बैठकमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्न सरकारसँग माग र शान्ति सुव्यवस्था कायम राख्न सबैसँग आग्रह, जनकपुरमा सद्भाव र्‍याली" इत्यादि समाचार नेपाल टेलिभिजनका प्रमुख समाचार

थिए । तर समाचारमा सद्भाव र्‍यालीले जुन महत्व पाउनुपर्ने थियो, पाएन । (उक्त समाचारमा प्रसारित दृष्यको समयावधि मात्र ५२ सेकेन्ड थियो ।)

कान्तिपुर टेलिभिजनको समाचारमा 'लहानमा फेरि तनाव, प्रहरीको गोली लागी २ प्रदर्शनकारीको मृत्यु,' भन्ने समाचार दोस्रो हेडलाइनमा प्रसारित भयो । अन्य सम्पूर्ण घटना विवरण नेपाल टेलिभिजनजस्तै समेटिएको पाइयो । लहानको पछिल्लो अवस्थाका साथै आठ दलको बैठकले दिएको निर्देशन, मधेस आन्दोलनको राजनीतिक समाधान वार्ताका माध्यमद्वारा खोज्न विभिन्न संघसंस्थाले गरेको आग्रहलाई पनि प्राथमिकताका साथ प्रसारण गरिएको छ भने फोरमका अध्यक्ष उपेन्द्र यादवलाई स्टुडियो गेष्ट बनाई फोरमको धारणा स्पष्ट बुझ्ने प्रयत्न गरिएको छ ।

नेपाल एफएमले लहानमा साम्प्रदायिक दंगा भएको भनी सिरहाका प्रजिअको भनाइ राखेको थियो भने वीरगन्ज एफएमले 'लहानको स्थिति नियन्त्रण गर्न राजधानीबाट सेना पठाएर परिचालन गरिने भएकोछ,' भनी सनसनीपूर्ण समाचार प्रसारण गरेको थियो ।

माघ ९ गते (जनवरी २३) को नेपाल टेलिभिजनको समाचारमा मन्त्रिपरिषद्द्वारा जनतान्त्रिक तराई मुक्तिमोर्चासहित मधेसी जनअधिकार फोरमलाई वार्ताका लागि गरेको आह्वान, सिरहा घटनामा ज्यान गुमाएकाहरूको परिवारलाई जनही १० लाख क्षतिपूर्ति दिने निर्णय, हिजो (८ गते) को भिडन्तमा घाइते र मृत्यु हुनेको विवरण, इन्दुशंकर चिनी मिलका चालकको अज्ञात समूहद्वारा हत्या इत्यादि समाचार प्रमुख थिए । नेपाल टेलिभिजनको समाचार विवरणात्मक मात्र थियो ।

कान्तिपुर टेलिभिजनको समाचारले माथिको घटनाको विवरणका साथै सरकारद्वारा लहान घटनाको निष्पक्ष छानबिन गर्न आयोग गठन, लहान घटना सम्बन्धमा माओवादी नेतृत्वले माफी माग्नुपर्ने प्रधानमन्त्रीको भनाइ, माओवादी अध्यक्ष प्रचण्डद्वारा सामन्तवादी तत्वले तराईमा दंगा मचाई रहेको दाबी, लहान घटनामा आफ्ना कार्यकर्ताबाट गल्ती भएको स्वीकारी दोषीलाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त, फोरमले अन्तरिम संविधानको मूलस्वरूप संघीय लोकतान्त्रिक गणतन्त्र नभएसम्म अहिंसात्मक आन्दोलन जारी राख्ने र प्रशासनले आफ्ना कार्यकर्तामाथि



जारी राखेको दुर्व्यवहार अन्त्य गर्नुपर्ने गरेको माग आदि थप समाचार प्रसारण गर्‍यो ।

माघ ९ गतेको समाचार सन्तुलित रहेको र विविध पक्षको भनाइको प्रतिनिधित्व गरेको पाइयो ।

माघ १० गते (जनवरी २४) को नेपाल टेलिभिजनको समाचारमा लहान घटनाको Follow up र छानबिन अस्पतालमा घाइतेहरूको उपचार जारी, गृहमन्त्रीद्वारा अस्पतालमा गई स्थिति अवगतसम्बन्धी सामान्य समाचार थियो भने कान्तिपुर टेलिभिजनमा तराईको माग राजनीतिक रूपमा सम्बोधन हुनुपर्नेमा शीर्ष नेताहरूद्वारा जोड, वार्ताको वातावरण सरकारले नबनाएको आन्दोलनरत पक्षको धारणा, विभिन्न सामाजिक संघसंस्थाद्वारा वार्तामा बस्न फोरमलाई दबाब, लहानमा स्थिति सामान्य भएको तर विराटनगर र जनकपुरमा फेरि भिडन्तजस्ता समाचार प्रसारण भए र स्थिति अझै अन्यौलपूर्ण रहेको सम्बन्धी सन्देश प्रवाहित भयो ।

माघ ११ गते (जनवरी २५) नेपाल टेलिभिजनमा फोरमद्वारा वार्ता आह्वानको स्वागत र जन समुदायलाई आन्दोलन शान्तिपूर्ण, हिंसारहित र अनुशासित ढंगले सञ्चालन गर्न फोरमका अध्यक्षको अपिललाई १ मि. १४ से. मात्र समय दिइएको पाइयो । सिरहामा स्थिति सामान्य बन्दै गएको तर विराटनगरमा फेरि भएको हिंसा र वीरगन्जमा सडक अवरोध र टायर बाली गरेको विरोध प्रदर्शनलाई भने २ मि. ४० से. को दृष्य देखाई बढी सनसनीपूर्ण बनाउन खोजिएको देखिन्छ ।

फोरमले प्रधानमन्त्रीको वार्ता आह्वानको स्वागत गर्दै शान्तिपूर्ण आन्दोलनको अपिल गरेको दिन सिरहा, जनकपुर, वीरगन्ज र विराटनगरमा हिंसात्मक प्रदर्शन भएको दृष्य कान्तिपुर टेलिभिजनले नेपालको नक्शा र स्टिल फोटोमार्फत प्रसारण गरेको थियो । जिल्लाको वस्तुस्थिति बुझ्न स्थानीय संवाददाताहरूसँग प्रत्यक्ष टेलिफोन वार्ता गरेको तर हेडलाइनलाई 'तराईमा आगजनी, हिंसात्मक प्रदर्शन तीव्र, मुख्य सहरहरूमा कर्फ्यु .....' भनेर बढी सनसनीपूर्ण बनाएको देखिन्छ । अन्तरिम संसद्मा सांसदहरूले सरकारलाई तराईको समस्या सम्बोधन गर्न गरेको मागलाई प्राथमिकतासाथ प्रसारण गरिएको र समाचारमा सन्तुलन ल्याउन खोजिएको छ ।

माघ १२ गते (जनवरी २६) नेपाल टेलिभिजनमा तराईको समस्या राजनीतिक रूपमा समाधन गर्न प्रधानमन्त्री र प्रचण्डबीच भएको सहमति, गौरमा सरकारी कार्यालयहरूमा तोडफोड र आगजनी, वीरगन्जको स्थिति तनावपूर्ण, जनकपुरमा पनि प्रदर्शन र तोडफोड जारी, विराटनगनरको स्थिति सामान्य, इटहरीमा शान्ति-सद्भाव कायम गर्न सर्वपक्षीय भेलासम्बन्धी समाचार प्रसारण भए (दृष्य विवरण प्राप्त भएन) ।

उक्त दिन कान्तिपुर टेलिभिजनमा समाचारको उठान यस्तो थियो- 'तराईमा केही दिनयता भड्किएको हिंसाले आज रौतहटमा उग्ररूप लिएको छ । स्थानीय प्रशासनले कर्फ्यु लगाए पनि अराजक बन्दै गएका प्रदर्शनकारीहरूले जिल्ला प्रशासन कार्यालय, (नेकपा एमाले) का महासचिव माधवकुमार नेपालको निवास, जिविस कार्यालय र जिल्ला निर्वाचन कार्यालयमा आगो लगाई दिएका छन्,' प्रधानमन्त्री र प्रचण्डबीचको भेटवार्ताको समाचारमा 'भेटमा प्रम कोइराला र अध्यक्ष प्रचण्डले तराईमा हिंसा भड्काउने काममा दरबारिया शक्ति सक्रिय रहेको विशलेषण गर्नुभएको र संविधानसभाको निर्वाचन हुन नदिन दरबारिया षड्यन्त्रअन्तर्गत तराईमा हिंसा चक्राउन हुन सक्ने विषयमा दुवै नेताको जोड थियो ।' समाचारको भाषा उत्तेजक र आन्दोलन थप चर्काउने खालको रहेको देखिन्छ ।

लहान घटना र तराईको आन्दोलनसम्बन्धी समाचारमा लहान, जनकपुर, वीरगन्ज, कलैया, विराटनगरका दृष्यहरू देखिए । सुनसान सडक, विरोध प्रदर्शन, लामबद्ध बसहरू जलिरहेको, गाडीका फुटेका सिसाहरू, सडकमा अवरोध सिर्जना गरेको र टायर बाली बाटो बन्दगरेका दृष्यहरू बढी देखियो । शान्तिपूर्ण र्‍याली, सद्भाव जुलुससम्बन्धी दृष्यहरूले त्यति महत्व पाएनन् । राजमार्ग बन्द भएको कारण दृष्यसम्बन्धी भिडियोक्यासेट सञ्चारगृहसम्म पुग्न सकेनन् । (विराटनगर, जनकपुर र वीरगन्ज बाहेक) त्यसले पनि दृष्यले महत्व नपाएको हुन सक्दछ । समाचारको प्रस्तुति, शैली र भाषा घटना प्रधान देखियो । घटना विवरण प्रशस्त प्रवाह भए पनि दृष्यको अनुपात कम रहेको पाइयो । भाषा र प्रस्तुतिको शैलीमा यदाकदा विचार पुर्‍याएको देखिँदैन । भाषा आक्रामक र आन्दोलनको आगोमा घिउ थप्ने खालको पाइयो । स्वस्फुर्त ढंगले सुरु भएको मधेसी जनआन्दोलनलाई अधिकारको लडाइँ नभनी साम्प्रदायिक, दरबारिया षड्यन्त्र, विदेशीहरूको उक्साहट



आदिको विशेषण दिइयो तर यो आन्दोलन किन ? भन्ने बारे कुनै पनि सञ्चारमाध्यमले सत्य-तथ्य अगाडि ल्याउन चेस्टा गरेको देखिँदैन ।

### तेस्रो चरण

मिडिया विषयवस्तु अध्ययनको तेस्रो चरणअन्तर्गत गौर घटनाका समयमा प्रकाशित र प्रसारित समाचार विषय वस्तुको अध्ययन तथा विश्लेषण गरिएको छ ।

चैत ७ गते (मार्च २१) गतेको प्रसारणमा 'रौतहटको गौरमा मधेसी जनअधिकार फोरमका कार्यकर्ता र माओवादी नजिकको मधेसी मुक्तिमोर्चाका कार्यकर्ताबीच गोली हानाहान हुँदा मर्नेको संख्या ९ पुगेको छ । मधेसी जनअधिकार फोरम र मुक्तिमोर्चा दुवैले गौरको राइस मिलको मैदानमा आमसभाको कार्यक्रम राखेको थियो । दुवै पक्षले एकै स्थानमा कार्यक्रम गर्न हिजै मञ्च बनाएपछि दुवै पक्षबीच भिडन्त हुने सम्भावना बढेको थियो । कार्यक्रम हुनुअघि फोरमका कार्यकर्ताले माओवादीको मञ्च तोडफोड गरी दिएपछि दुवै पक्षबीच विवाद सुरु भएको हो,' भन्ने समाचार नेपाल एफएमले प्रसारण गर्‍यो ।

कम्युनिकेसन कर्नर र इमेज एफएमले उक्त दिन लगभग यही शैलीमा पनि समाचार प्रसारण गरेको देखिन्छ ।

यस दिनको रेडियोको समाचार सत्य-तथ्यमा आधारित र सन्तुलित छ ।

चैत ७ गतेको नेपाल टेलिभिजनको समाचारमा पनि उपरोक्त घटना विवरण दिइएको थियो । नेपाल टेलिभिजका प्रतिनिधि शैलेन्द्र गुप्ताका अनुसार सो झडपमा ४० जना घाइते भएका जसमध्ये २० जनाको स्थिति गम्भीर रहेको जनाइएको छ । आठ दलको बैठकले रौतहटको गौरमा भएको घटनाबारे छानबिन गर्ने निर्णय गर्दै यस्तो घटना दोहोरिन नदिन सरकारलाई सतर्कता अपनाउन निर्देशन दिइएको थियो । (दृष्य प्रसारण भएको थिएन) ।

कान्तिपुर टेलिभिजनको समाचारमा पनि घटना विवरण दिइएको थियो र गोलीकाण्ड हुनुमा माओवादी र फोरम दुवैले एकै ठाउँमा सभा गर्नु कारण रहेको समाचारमा उल्लेख गरिएको ।

चैत्र ८ गते (मार्च २२) का दिन रौतहट घटनाको विरोधमा माओवादीले राजधानी काठमाडौंलगायत देशका विभिन्न मागमा प्रदर्शन र शोकसभा गरेको । सभामा माओवादी नेताहरूले रौतहट घटनामा दरबारिया र भारतीय हिन्दु अतिवादीको संलग्नता रहेको आरोप भन्ने समाचार लगभग सबै एफएमहरूले प्राथमिकता साथ प्रसारण गरे ।

'बाँकेको राँझा विमानस्थलमा माओवादी अध्यक्ष प्रचण्डले फोरम आपराधिक गिरोह भएको, फोरममाथि प्रतिबन्ध लगाउनुपर्ने, उसका नेताहरूलाई कारबाही गर्नुपर्ने माग गरे । उहाँले दरबारिया तथा विदेशी प्रतिक्रियावादी र प्रतिगामीले आपराधिकतत्वको मोर्चा फोरम बनेको उल्लेख गर्दै यसका माध्यमबाट आतंककारी गिरोह खडा गर्ने प्रयास भइरहेको बताउनुभयो' भन्ने समाचार लगभग सबै एफएमले पहिलो प्राथमिकतामा प्रसारण गरे भने नागरिक समाज, राजनीतिक दल र राष्ट्रसंघीय मिसन (अनमिन) को विज्ञप्ति, ध्यानाकर्षण र भर्त्सना दोस्रो र तेस्रो प्राथमिकतामा प्रसारण भयो ।

घटना कसरी भयो, घटनाको वास्तविकता के थियो, प्रहरी प्रशासनको भूमिका कस्तो रह्यो इत्यादि विषयमा सञ्चारमाध्यमले सत्य-तथ्यको खोजी गर्नुभन्दा आरोप-प्रत्यारोप, शंका-उपशंका र विज्ञप्ति प्रसारणमा नै बढी केन्द्रित भएको पाइयो ।

उक्त दिनको नेपाल टेलिभिजनको समाचारमा गृहमन्त्रीसहितको टोलीद्वारा स्थलगत जानकारी, काठमाडौंको वसन्तपुर र पोखरामा माओवादी आमसभा, नेपालगन्जमा माओवादी अध्यक्षको प्रतिक्रिया, राजनीतिक पार्टीहरूको विज्ञप्ति, राष्ट्रसंघीय मिसन प्रमुखको प्रतिक्रिया र स्थलगत रिपोर्ट प्रसारण भयो । माओवादी अध्यक्षको प्रतिक्रिया निकै सन्तुलित ढंगले प्रसारण गरेको पाइयो ।

कान्तिपुर टेलिभिजन समाचारमा प्रचण्डले फोरम भारतीय अतिवादी हिन्दु तथा दरबारियाले गठन गरेको आपराधिक गिरोह भएको टिप्पणी गर्दै फोरममाथि प्रतिबन्ध लगाउनुपर्ने अन्यथा संघर्षमा उत्रने चेतावनी दिनुभयो । फोरमले घटनाको जिम्मेवारी माओवादीले लिनुपर्ने बतायो । फोरमको कार्यक्रम बिथोल्ने प्रयास गरेपछि जनताले प्रतिक्रिया जनाएको सीतानन्दन रायको Sound bite प्रसारण



गरिएको छ । कान्तिपुरले स्थलगत रिपोर्टिङ पनि गरेको जसमा घटना स्थल, बासिन्दाको त्रसित अनुहार, जनजीवनको दृष्य र लङसटमा शव पनि देखाइएको छ । समग्रमा रौतहट गोलीकाण्डकाबारे माओवादी नेतृत्व र फोरमका नेताले एक अर्कामाथि लगाइएका दोष र व्यक्त गरेको रोषलाई समाचारमा ठाउँ दिइएको भए पनि त्यसलाई सन्तुलित गर्न खोजिएको छ । रौतहटको स्थलगत रिपोर्ट, प्याकेजमा प्रस्तुत गरिएकाले घटनाकाबारे र त्यसपछिको वस्तुस्थिति स्थानीय बासिन्दाकै मुखबाट सुन्न र देख्न पाइयो ।

चैत ९ गते (मार्च २३) का दिन रौतहट घटनाको विरोधमा माओवादी जनसेनाद्वारा देशको विभिन्न भागमा विरोध प्रदर्शन, माओवादी नेताहरूद्वारा मधेसी जनअधिकार फोरम र दरबारियाविरुद्ध सशक्त संघर्षको चेतावनी, मधेसी जनअधिकार फोरमका नेता र कार्यकर्ताविरुद्ध रौतहट जिल्लाको स्थानीय प्रशासनद्वारा पक्राउपुर्जी जारी, रौतहटको जनजीवन अझै आतंकित, सरकारद्वारा चार सदस्यीय जाँचबुझ आयोग गठन, माओवादी विधायकहरूबाट संसद्को रोष्ट्रम घेराउ, प्रधानमन्त्रीद्वारा मुलुकका सबै भागमा शान्तिसुरक्षाको भरपर्दो व्यवस्था मिलाउन गृहमन्त्रीलाई कडा निर्देशन, राष्ट्रसंघीय मिसन प्रमुखद्वारा सबै राजनीतिक समूहलाई आफ्नो राजनीतिक मुद्दा उठाउँदा हिंसाको बाटो त्याग्न आग्रह, सरकारी वार्ताटोलीद्वारा आन्दोलनरत सबै पक्षलाई वार्तामा आउन आव्हान सम्बन्धी समाचार सबै एफ.एम. मा प्रमुखतासाथ प्रसारण भयो ।

समाचारको भाषा सन्तुलित थियो र रौतहट घटना सम्बन्धमा सबैको चिन्ता र दोषीउपर कारबाही गर्न सरकार प्रतिबद्ध भएको आभाष पाइन्थ्यो ।

बुटवल एफएमको उक्त दिनको समाचारमा अन्य समाचारका साथै रौतहट घटनाको स्थलगत निरीक्षण गरी राजधानी फर्केका मानव अधिकारकर्मी डा.मथुरा श्रेष्ठले घटनाको प्रकृतिअनुसार मट्टीतेल छर्केर आगो लगाइएको, अपहरण गरेर हत्या गरिएको, लखेटेर गोलीप्रहार गरिएको तथा पाँच महिलालाई बलात्कारपछि हत्या गरिएको भनाइलाई प्रसारण गरी सनसनीपूर्ण र जनआक्रोश सिर्जना गर्ने समाचार बनाउन खोजेको देखिन्छ ।

कान्तिपुर टेलिभिजनको समाचारमा माओवादीले राजधानीमा आयोजना गरेको श्रद्धाञ्जली सभाको दृष्यका साथै बाबुराम भट्टराई, माधव नेपाल, रामचन्द्र पौडेलको

बोलीसहितको टेप पनि प्रसारण गरेको थियो । सहरका विभिन्न भागमा गराइएको शवको परिक्रमाका साथै विराटनगरमा गरिएको श्रद्धाञ्जली सभाको दृष्य प्रसारित थियो । स्थलगत रिपोर्ट र संसद्को रोष्ट्रम घेराउको दृष्यसहितको समाचार, गौर घटनाको छानबिन गर्न आयोग गठन, आयोग अमान्य हुने माओवादीको भनाइ, राष्ट्रसंघको संलग्नतामा आयोग गठन गर्न फोरमको माग आदि समाचार तथा विधिकोशासनमा दिएको जोडलाई धेरै समय दिएको छ ।

नेपाल टेलिभिजनको समाचार कान्तिपुरजस्तो विस्तृत थिएन । रौतहट हत्याकाण्डको छानबिन गर्न आयोग गठनको माग गर्दै नेकपा (माओवादी) द्वारा संसद् अवरुद्धसम्बन्धी पहिलो समाचारपछि मन्त्रिपरिषद्को निर्णय, श्रद्धाञ्जली सभा, शवयात्रा, विराटनगरको विरोध ऱ्याली, धादिङ र चन्द्रनिगाहपुरको विरोध ऱ्याली आदि समाचार सदृष्य प्रसारण भएका थिए ।

चैत १० गते (मार्च २४) गतेका दिन 'मधेसी जनअधिकार फोरमको कार्यक्रममा हुन सक्ने हिंसात्मक घटनालाई रोक्न तराईका विभिन्न जिल्लामा सुरक्षा व्यवस्था कडा बनाइएको, विभिन्न जिल्लामा हुने सभा जुलुसमाथि प्रतिबन्ध लगाइएको, फोरमको गतिविधिमाथि निगरानी राख्न गृह मन्त्रालयबाट देशभरिका सबै प्रहरी प्रशासनलाई निर्देशन, फोरमका केही कार्यकर्ता पक्राउ आदि समाचारले सबै प्रसारण माध्यममा प्रमुखता पाएको थियो ।

लगभग सबै विद्युतीय सञ्चारमाध्यममा मधेसी जनअधिकार फोरमको भ्रातृ संगठन मधेसी विद्यार्थी फ्रन्ट फोरमबाट छुट्टिएको र उसले फोरमको आन्दोलन दिगभ्रमित भएको, फोरम दरबारियाको इसारामा चलेको र फोरमको आन्दोलन संविधानसभाको चुनाव हुन नदिन षड्यन्त्र भएको आरोपको समाचार अति प्रमुखताका साथ प्रसारण भएकोमा सञ्चार माध्यमको दुराशय देखिन्छ ।

अन्तरिम व्यवस्थापिकाकी उपसभामुख चित्रलेखा यादवले 'अधिकार माग्दा अपराध सम्झिने प्रवृत्तिका कारण तराई आन्दोलन चर्किंदै गएको र फोरमले उठाएको मागलाई हल्का रूपमा लिएकाले आन्दोलन हिंसात्मक हुँदै गएको' तर्कलाई सञ्चारमाध्यमले महत्व नदिएको देखिन्छ ।



कान्तिपुर टेलिभिजनको समाचारमा पूर्वी तराईका जिल्लाहरूमा सुरक्षा व्यवस्था कडा पारिएको, फोरमका केही नेता र कार्यकर्तालाई पक्राउ गरेको, फोरमको सम्भावित सभाहरूमा कर्फ्यु लगाई छेक्न खोजेको समाचार प्रसारण भयो । यही बुलेटिनमा फोरमको भ्रातृ संगठन नेपाल मधेसी विद्यार्थी फ्रन्टले फोरमलाई गैरराजनीतिक, दरबारियासँगको साँठगाँठ, धर्मको नाममा राजालाई बचाउने खेलमा लागेको, संविधानसभा हुन नदिने खेल र आन्दोलनलाई दिग्भ्रमित पारेको आरोप लगाई फोरमबाट छुट्टिएको समाचार प्राथमिकताका साथ प्रसारण गरिएको छ भने चित्रलेखा यादवले फोरमको माग जायज भएको अभिव्यक्तिलाई महत्व नदिई यसै समाचार शीर्षकको अन्तमा प्रसारण गरियो ।

नेपाल टेलिभिजनको यस दिनको समाचारमा रौतहटमा शंकास्पद व्यक्तिको पक्राउ, सुरक्षा व्यवस्थामा अझ कडाई, रौतहटका प्रजिअको सरुवा र गौरमा स्थिति सामान्य हुँदै गएको समाचारमात्र प्रसारण गऱ्यो । मधेसी विद्यार्थी फ्रण्ट र चित्रलेखा यादवको अभिव्यक्तिले कुनै स्थान पाउन सकेन । प्रसारण संस्थाले विवादमा नपर्ने उद्देश्यले Self Censor गरेको हुन सक्दछ ।

चैत ११ गते (मार्च २६) का दिन 'व्यवस्थापिका संसदले गौर घटनाको दोषीलाई पक्राउ गरी कडा कारबाही गर्न, राजनीतिक सहमतिका आधारमा उच्चस्तरीय जाँचबुझ आयोग गठन गर्न सरकारलाई दिएको निर्देशन, मृतकका परिवारलाई राहत र घाइतेलाई उपचार, सीमामा अपराध र हतियार तस्करी रोक्न र प्रतिकार समितिका नाममा पहिले वितरण गरिएका हतियार जफत गर्न सरकारलाई दिएको निर्देशन, सरकारले सुरक्षा व्यवस्था कडा गरेको' समाचारलाई मुख्य समाचारको रूपमा प्रसारण गरेको देखिन्छ ।

कान्तिपुर टेलिभिजनको यस दिनको समाचारमा अन्तरिम संसद्को बैठकले रौतहट घटनासम्बन्धी जरुरी सार्वजनिक महत्वको प्रस्ताव पारित गरेको, गृहमन्त्रीले संसद्मा अपराधीमाथि कारबाहीको प्रतिबद्धता व्यक्त गरेको इत्यादि समाचारका साथै नेपाल मधेसी विद्यार्थी फ्रण्टका अध्यक्षको अन्तर्वार्तासमेत प्रसारण गरेको । रौतहट घटनाको छानबिन गरी दोषीमाथि कारबाही गर्न सरकारलाई अन्तरिम संसद्ले दिएको निर्देशनलाई प्राथमिकता दिएको तर मधेसी जनअधिकार फोरमको भ्रातृ संगठन नेपाल मधेसी विद्यार्थी फ्रण्टको समाचारलाई चाहिनेभन्दा बढी महत्व दिएको पाइन्छ ।

नेपाल टेलिभिजनको समाचारमा पनि रौतहटसम्बन्धी सार्वजनिक महत्वको प्रस्तावले प्रमुखता पाएको, शान्ति प्रक्रियालाई बढी समावेशी बनाउन नसकिएकै कारण मधेस र जनजातिको आन्दोलन अगाडि आएको विभिन्न राजनीतिक नेताहरूको अभिव्यक्ति आदि समाचारहरू प्रसारण भएको देखिन्छ ।

समाचारको प्रस्तुति, भाषा, शैली इत्यादि अध्ययन गर्दा तीनै घटनाका समाचारहरू हार्ड न्यूज (Hard News) को रूपमा विवरणात्मक पाइयो । आन्दोलनका शान्तिपूर्ण दृष्यभन्दा तोडफोड, आगजनी र हिंसात्मक दृष्यले बढी स्थान पाए । घटना हुने सम्भावना छ, त्यता तिर प्रशासन, नागरिक समाज र नीति निर्माण तहमा बसेका व्यक्तिहरूको ध्यानाकर्षण गराउनुभन्दा घटना भइसकेपछि घटनाको प्रभाव विवरण मात्र समेटेको पाइयो । कतिपय राजनीतिक नेता र प्रबुद्ध व्यक्तिहरूको आक्रोशपूर्ण र उत्तेजनात्मक अभिव्यक्ति पनि जस्ताको त्यस्तै प्रसारण गरेको पनि पाइयो भने केही सञ्चार माध्यमहरूले त्यस्ता अभिव्यक्ति प्रसारण गरेमा सद्भाव बिगारेको वा तनाव चर्काएको आरोप लाग्ला भन्नेतर्फ सचेत भई जोगिएर समाचार सम्प्रेषण गरेको कुरा समाचारका विषयवस्तुको तुलनात्मक अध्ययनबाट देखियो । समाचारको प्रस्तुति विश्लेषणात्मकभन्दा विवरणात्मक नै बढी पाइयो । समग्रमा मूल्यांकन गर्दा मिडियाले समाजको Watchdog को भूमिका निर्वाह गर्न सकेको देखिँदैन ।

मधेस आन्दोलनमा सञ्चारमाध्यमले खेलेको भूमिका सम्बन्धमा स्थलगत अध्ययनमा गएको पत्रकारहरूको टोलीले आन्दोलनबाट प्रभावित जिल्लाहरूको भ्रमण गरी अन्तर्क्रिया, छलफल, कुराकानी र वस्तुगत अवलोकनका आधारमा केही महत्वपूर्ण तथ्य फेला पारेको छ । ती तथ्यलाई प्रसारण भएको समाचारसँग दाज्दा निम्नलिखित निष्कर्ष निकाल्न सकिन्छ ।

**निष्कर्ष**

- पहिलो पटक तराईमा आफ्नो अधिकारका लागि ठूलो जनसमूहको सहभागिताको आन्दोलनलाई जस्तो कभरेज दिनुपर्ने थियो त्यो दिइएन । मिडियाले विगतको जनआन्दोलनमा एउटा र मधेस आन्दोलनमा अर्को भूमिका खेलेको देखिन्छ ।



- विभिन्न सञ्चारमाध्यमले आन्दोलनको वास्तविकताभन्दा फरक किसिमले समाचार सम्प्रेषण गरे । विभिन्न नेताहरूले आन्दोलनलाई दरबारिया षड्यन्त्र, भारतीय विस्तारवादी अतिक्रमण, प्रतिक्रियावादी, हिन्दुवादी, अराजक, संविधानसभा बिथोल्ने षड्यन्त्र र सम्प्रदायिकताको आरोपसमेत लगाए । सञ्चारमाध्यमले यी भनाइहरूलाई जुन प्राथमिकता दिए, त्यसको तुलनामा मधेसको जायज मागलाई उचित स्थान दिएनन् ।
- आन्दोलनको क्रममा साम्प्रदायिकता नदेखिए पनि केही सञ्चारमाध्यमहरूले सामाजिक सद्भाव बिथोलिन थालेको समाचार प्रसारण गरे । यसले आन्दोलनलाई मन्द पार्नुको सट्टा मधेसी समुदायमा सञ्चार माध्यमप्रति अविश्वास र आक्रोष बढायो ।
- नेपालगन्जको घटनाको यथार्थबारे सत्य-तथ्य आम जनतासमक्ष ल्याई जनतालाई सचेत गराउन राज्य र सञ्चारमाध्यम असफल भएको हुँदा सिडीको नकारात्मक असरले आन्दोलनलाई आक्रोषित बनाउन प्रेरित गऱ्यो ।
- राष्ट्रियस्तरका सञ्चारमाध्यमहरूले आत्म संयमताका नाममा यथार्थ समाचार सम्प्रेषण गर्न सकेनन् । राष्ट्रिय स्तरको सञ्चारमाध्यमभन्दा स्थानीय सञ्चारमाध्यम बढी निष्पक्ष र सन्तुलित देखिए । आन्दोलनको विरोध जुलुसलाई नेपाल टेलिभिजनले सद्भाव जुलुस भनी प्रसारण गर्दा स्थानीय संवाददाता शैलेन्द्र गुप्ताले आन्दोलनको समाचार नै पठाउन छाडेका थिए । यस्तै आन्दोलनको स्वरूप परिवर्तन गरिएको कुरालाई सञ्चारमाध्यमले आन्दोलन फिर्ता लिएको भनी प्रचार गऱ्यो ।
- रिपोर्टरले फिल्डमा नगई टेलिफोनबाट प्रहरी प्रशासनको स्रोतको आधारमा समाचार सम्प्रेषण गरेको पनि पाइयो । बारामा ३:१५ बजे गोली चल्दा एक जनाको मृत्यु भयो त्यसपछि थप हिंसा भड्किन नदिन ४:०० बजेदेखि प्रशासनले कर्फ्यु लगायो तर सञ्चारमाध्यमहरूले कर्फ्युको उल्लंघन गर्न खोज्दा सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको समाचार प्रसारित भयो ।

भाग

# पाँच

# निष्कर्ष र सुझाव

**१. पृष्ठभूमि**

२०६३ साल माघ १ गते जारी भएको अन्तरिम संविधानले मधेसी समुदायका अधिकार र प्रतिनिधित्वको प्रश्नलाई न्यायोचित ढंगले नसमेटेको भन्दै त्यसको विरोध स्वरूप मधेसी आन्दोलन जनसमक्ष आएको देखिन्छ । सत्तारूढ आठ दलमध्येकै एक दल सद्भावना (आनन्दीदेवी) पार्टीले विभिन्न विरोध कार्यक्रम आयोजना गरी आन्दोलनको अगुवाइ गरेको कुरा राजधानी र नेपालगञ्जमा भएको बन्दको घटनाबाट स्पष्ट हुन्छ ।

मधेसी अधिकारको प्रश्नलाई लिएर वि.सं. २००८ सालदेखि नै तराई कांग्रेसको नाममा आन्दोलन सुरु भएको हो । तथापि पञ्चायतकालका तीन दशकभर मधेसी आन्दोलन सुषुप्त अवस्थामा नै रह्यो ।

२०४६ सालको राजनीतिक परिर्वतनपछि प्रत्यक्ष निर्वाचनको माध्यमबाट पहिलेभन्दा बढी संख्यामा संसद्मा मधेसी समुदायको प्रतिनिधित्व त संभव भयो तर त्यति मात्र पर्याप्त देखिएन । राजनीतिक नियुक्ति, सेना, प्रहरी र निजामती सेवामा प्रवेशजस्ता क्षेत्रहरूमा मधेसीहरूले भेदभावपूर्ण व्यवहार भोग्नुपर्‍यो । दोस्रो जनआन्दोलनलाई सफल पार्न मुलुकभर चलेको संर्घषमा मधेसी समुदायले यथेष्ट सहभागिता जनाएर लोकतन्त्रप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेका हुन् । तर आठ दलको सहमतीबाट ल्याइएको अन्तरिम संविधानमा मधेसी समुदायको मागलाई नसमेटिएको प्रतिक्रिया स्वरूप मधेसी जनअधिकार फोरमको आह्वानमा प्रारम्भ भएको मधेसी आन्दोलन केही महिनाको अन्तरालमै मुलुकको समस्त तराई भागमा फैलन गई प्रमुख राजनीतिक मुद्दा बन्न पुग्यो । धनजनको क्षतिका



दृष्टिले दोस्रो जनआन्दोलन ताका भएको क्षतिभन्दा धेरै गुना ज्यादा क्षति भएकाले पनि यो मुद्दाले विस्फोटक रूप लिएको पाइयो ।

मधेस आन्दोलनका क्रममा मुलुकमा सञ्चारमाध्यमहरूले समाचार संकलन एवं प्रस्तुतिमा ठूलो अवरोधको समाना गर्नुपर्‍यो । सञ्चारकर्मीले पालना गर्ने धर्म र निष्ठा व्यावसायिक दक्षतामाथि पनि गम्भीर प्रश्नचिह्न खडा भए ।

**२. अध्ययन किन ?**

यस पृष्ठभूमिमा मधेस आन्दोलन हिंसात्मक रूपबाट फैलनुका कारण के हुन्, आन्दोलनलाई चर्काउन वा शान्तिपूर्ण बनाउनमा मिडियाका भूमिका कस्तो रह्यो, सञ्चारकर्मीहरूले आफ्नो व्यावसायिक स्वतन्त्रता र अधिकार निर्वाध उपयोग कसरी गरिरहेका छन् वा प्रेसका सामाजिक जिम्मेवारी के हुन्, आदि प्रश्नहरूबारे अध्ययन गरी यथासक्य यर्थाथ विवरण प्रस्तुत गर्नु यस अध्ययनको उद्देश्य थियो ।

दुई महिनाको समयअवधिमा अध्ययन पूरा गर्ने लक्ष्य लिएर गत अप्रिल ८, २००७ (२०६३, चैत्र २५ गते) बाट प्रारम्भ गरी जून ९, २००७ सम्म अध्ययनको स्थलगत अध्ययन, सर्वेक्षण, विषयवस्तु अध्ययनको काम पूरा भएको थियो । त्यसपछिका करिब एक महिनाको समय प्रतिवेदन तयारी, पुनरावलोकन सम्पादनमा लाग्यो । अपेक्षाकृत छोटो अवधिमा गरिएको यस अध्ययनलाई सकेसम्म वस्तुगत अनुसन्धान र स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कहरूमा आधारित गर्ने प्रयास गरियो ।

**३. अध्ययनका पक्षहरू**

(क) अनुसन्धान टोलीहरूद्वारा तराईका समस्याग्रस्त जिल्लाहरूको स्थलगत अध्ययन
(ख) अध्ययनको क्रममा जनसमुदायका धारणा निर्माताहरू (opinion Leaders) सँग प्रत्यक्ष भेटवार्ताका आधारमा राय संकलन,
(ग) नमुना प्रश्नावलीका आधारमा आन्दोलनमा सञ्चारमाध्यमको भूमिका र जनधारणाबारे अभिमत संकलन,

(घ) प्रमुख सञ्चारमाध्यमहरू (छापा, रेडियो प्रसारण तथा टेलिभिजन) द्वारा सम्प्रेषित समाचारको नमुना विश्लेषण पद्धतिका आधारमा कुन हदसम्म कसरी यी माध्यमहरूले व्यावसायिक मर्यादाको पालना गरे सो को निरुपण गर्नु ।

फ्रिडम फोरमले गरेको यस अनुसन्धानमूलक अध्ययनमा नेपाल प्रेस इन्स्टिच्युटको प्राविधिक परामर्श थियो । अनुसन्धान कार्यमा वरिष्ठ सञ्चारविद्, पत्रकार, कानुनविद् र अनुसन्धान विशेषज्ञसमेत ३० जनाको सहभागिता थियो ।

## ४. अनुसन्धान विधि र तरिका

मधेसी आन्दोलनले राष्ट्रिय राजनीतिलाई नै प्रभावित गर्ने गरी नेपालगन्जको घटनाबाट सुरु भएको यथार्थलाई दृष्टिगत राख्दै स्थलगत अध्ययन टोलीले नेपालगन्जबाट सुरु गरेर पूर्वी नेपालको मोरङसम्म जम्मा १५ जिल्लामा केन्द्रित गरेको थियो । स्थलगत अध्ययन र अभिमत सर्वेक्षणका लागि छानिएका जिल्लाहरू हुन्: १) मोरङ, २) सुनसरी, ३) सिरहा, ४) सप्तरी, ५) धनुषा, ६) महोत्तरी, ७) सर्लाही, ८) बाँके, ९) कपिलवस्तु, १०) रूपन्देही, ११) नवलपरासी, १२) चितवन, १३) बारा, १४) पर्सा र १५) रौतहट ।

जिल्ला भ्रमणको क्रममा प्रत्यक्ष छलफलबाट प्राप्त हुने निर्ष्कषका अतिरिक्त कुल एक हजार जनालाई विषय केन्द्रित प्रश्नावली वितरण गरिएको थियो । यसमध्ये ९ सय १६ जनाबाट प्राप्त प्रतिक्रियालाई सर्वमान्य अनुसन्धान विधिबाट विश्लेषण गरिएको थियो । (नमुना प्रश्नावली अनुसूचीमा)

यसैगरी अनुसन्धानको अर्को पाटो थियो- प्रमुख राष्ट्रिय तथा स्थानीय सञ्चारमाध्यमहरूको नमुना छनोट विधिबाट गरिएको अध्ययन विश्लेषण यस कार्यक्रममा निम्न लिखित सञ्चारमाध्यमहरू समावेश गरिएका थिए ।



**प्रसारण माध्यमहरू**

१) नेपाल टेलिभिजन
२) कान्तिपुर टेलिभिजन
३) कान्तिपुर एफएम
४) कम्युनिकेसन कर्नर
५) नेपाल एफएम
६) इमेज एफएम
७) बुटवल एफएम
८) वीरगन्ज एफएम
९) भेरी एफएम

**पत्रपत्रिकाहरू**

१) अन्नपूर्ण पोष्ट
२) काठमाडौ पोष्ट
३) कान्तिपुर दैनिक
४) गोरखापत्र

**स्थानीय पत्रपत्रिकाहरू**

१) उद्घोष दैनिक (मोरङ)
२) पूर्व सन्देश दमक (झापा)
३) प्रतीक दैनिक (वीरगन्ज)
४) अंकुश दैनिक (वीरगन्ज)
५) पारदर्शी दैनिक (चितवन)
६) जनसंघर्ष दैनिक (बुटवल)
७) जनकपुर एक्सप्रेस (धनुषा)
८) ब्लाष्ट टाइम्स (सुनसरी)
९) राजविराज टुडे (सप्तरी)
१०) कालपृष्ठ दैनिक (बाँके)
११) जनकपुर टुडे (धनुषा)
१२) नेपालगन्ज टाइम्स (बाँके)
१३) लुम्बिनी दैनिक (बुटवल)

**१) स्थलगत अध्ययनका निष्कर्षहरू**

क) **राजनीतिक प्रतिस्पर्धा हिंसात्मक हुनसक्ने :**

नेकपा माओवादीले आफ्नो राजनीतिक अस्तित्वको जगमा विभिन्न जनजातिहरूको उन्मुक्तिलाई उठाएको तराई क्षेत्रका मधेसी समुदायका मागहरू उठाएर नेतृत्व गर्ने रणनीतिको प्रतिस्पर्धामा नेपाल सद्भावना पार्टी र गत वर्षमात्र चर्चामा आएको मधेसी जनअधिकार फोरमका गतिविधिले समस्त मधेस क्षेत्रमा तनाव र अस्थिरता पैदा गरेको छ । र, अराजक एवं हिंसामुखी समूहहरू बढ्दै गएका छन् ।

स्थानीय तहमा कुन पार्टीको पकड कस्को भन्दा कति प्रभावकारी छ सो देखाउन गरिएका बन्द, चक्काजाम एउटा पार्टीले गरेका सार्वजनिक सभा प्रदर्शनलाई अर्को पार्टीले जबरजस्ती बिथोल्ने, साम्प्रदायिक नारा र प्रतिशोधको साहारा लिने क्रममा ५० भन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् । हजारौं व्यक्ति घाइते भएका छन् ।

शान्ति प्रक्रियामार्फत माओवादी पार्टी सत्ताको साझेदार भइसकेकाले सार्वजनिक क्रियाकलापहरूमा बढी जिम्मेवार देखिनुपर्ने अपेक्षा गरेकोमा त्यसको साटो बल प्रयोग गरेर आफ्नो शक्ति र प्रभाव कायम गर्न क्रियाशील रहेको स्थानीय तहमा भएका अनेकौं हिंसात्मक घटनाहरूबाट स्पष्ट हुन्छ ।

लोकतन्त्रमा शान्तिपूर्ण ढंगले आफ्नो मतभेद, असहमतिहरूलाई राख्न पाउने निर्वाध अवसरहरूको सिर्जना हुनुपर्ने र मानव अधिकारका मापदण्डको पालना गर्नेतर्फ जिम्मेवार पार्टीहरूले गरेको प्रतिबद्धतालाई स्थानीय तहमा लागू नहुनाले अधिकांश समस्या सिर्जना भएको देखिन्छ । सभा प्रदर्शनहरू बिथोल्न र हिंसात्मक गतिविधि चर्काएर सर्वसाधारणमा त्रास फैलाउनमा स्थानीय तहका राजनीतिक पक्ष विपक्षको आचरणमा गम्भीर त्रुटि देखिन्छ ।



ख) आन्दोलनका क्रममा आम सञ्चारमाध्यमहरूको भूमिका पनि कम आलोच्य रहेन । सर्वसाधारणलाई सूचित गराउन सक्षम राष्ट्रिय सञ्चारमाध्यमहरूले कतिपय स्थानीय महत्वका समाचारलाई स्थान नदिएर वा गौण बनाएर जनआक्रोशलाई बढाउने काम भएको पाइयो भने स्थानीय तहका समाचार साधानहरूले पक्ष विपक्षमा रही समाचार सम्प्रेषण गर्दा अवाञ्छित क्रियाकलापको समाना गर्ने गरेको पाइयो ।

ग) मधेस आन्दोलनको सन्दर्भमा विद्यमान राजनीतिलाई नियाल्दा आउँदो संविधानसभाको निर्वाचनसम्म राजनीतिक दलहरूबीच प्रभाव विस्तारका लागि प्रतिस्पर्धा बढेर जाने स्थिति छ । मूलतः माओवादी र मधेसी जनअधिकार फोरमसहित अरू स्थानीय समूहहरूबीचको प्रतिद्वन्द्विता हिंसात्मक रूपमा चर्कने सम्भावना देखिन्छ । साथै यस्तो द्वन्द्वको स्थितिमा समाचार प्रस्तुतिमा सन्तुलन र निश्पक्षता कायम गर्न नसक्ने पत्रकार, सञ्चारमाध्यमहरू राजनीतिक दलहरूका दबाबका निशाना बन्ने छन् ।

घ) हिंसा एवं अराजकताको समाचारलाई सञ्चारमाध्यमले प्राथमिकताका साथ प्रकाशन एवं प्रसारण गर्ने तर शान्तिपूर्ण आन्दोलनको समाचार ओझेलमा पार्ने गरेको दृष्टान्तहरू पाइए ।

ङ) मधेस आन्दोलनताका आमसञ्चारको क्षेत्र शान्ति उन्मुख समाचार सम्प्रेषणप्रति उदासीन देखिएको हुँदा शान्ति उन्मुख पत्रकारिताको अभ्यासमा कमीहरू देखिए ।

च) पत्रकारहरू द्वन्द्वको अवस्थामा पूर्णतया तटस्थ नभएकाले पत्रकार र माध्यमहरूमाथि पटक-पटक मधेस आन्दोलनताका आक्रमण भए । पत्रकारहरूको सुरक्षासम्बन्धी व्यवस्था निकै कमजोर पाइयो ।

**२) माध्यमहरूको प्रभावकारिता**

आन्दोलनका क्रममा सञ्चारमाध्यमहरूले जनधारणालाई उत्प्रेरित गर्न खेलेको भूमिकाबारे प्रश्नावलीमार्फत गरिएको अध्ययनमा कुल ८ सय २० जनाबाट प्राप्त प्रतिक्रियामा टेलिभिजनले १५ प्रतिशत, छापामाध्यमले ४१ प्रतिशत र रेडियोले ४४ प्रतिशत प्रभाव पारेको पाइयो ।

छापा माध्यममध्ये कान्तिपुर दैनिकको अत्याधिक प्रभाव रहेको (११७ उत्तर) पाइयो । यसैगरी रेडियो प्रसारण माध्यमहरूमध्ये पहिलो स्थानमा कान्तिपुर एफएम, दोस्रोमा रेडियो मिथिला र तेस्रोमा इमेज एफएम छन् ।

**३) मिडियामा आन्दोलनका विषयवस्तुको प्रस्तुतिबारे गरिएको नमुना अध्ययनका निष्कर्षहरू**

क) प्रायजसो सबै मिडियामा मधेसी आन्दोलनसम्बन्धी समाचारले प्राथमिकता पाएका छन् । केही समाचारहरूमा उत्तेजना फैल्याउने र हिंसालाई बढवा दिने भाषाको प्रयोग भएको पाइयो ।

ख) मधेस आन्दोलनसम्बन्धी समाचारहरू सम्प्रेषण गर्दा छापा माध्यमहरूले समाचारको विश्वसनीयता कायम राख्ने (बढाउने) तर्फ पर्याप्त ध्यान दिइएको पाइएन । यसै समाचारको स्रोत खुलाउनेतर्फ पनि त्रुटिहरू पाइए । फलस्वरूप कतिपय समाचारहरू भ्रम पैदा गर्ने किसिमका र विश्वास गर्न लायक भएनन् । धेरै समाचारहरूमा स्रोत खुलाइएको पाइएन ।

ग) सञ्चारकर्मीहरूमा पेसागत अनुशासन, स्वतन्त्रता र अधिकारप्रति सचेतता आएको तुलनामा जिम्मेवारी बोध, मर्यादा र निष्ठाको निकै कमी देखियो । यसैगरी पत्रपत्रिकामा आन्दोलनका गतिविधिलाई उचित स्थान दिएर समाचारहरू सन्तुलित बनाउनेतर्फ पर्याप्त ध्यान दिएको पाइएन ।

घ) मधेसका मुख्य मागसम्बन्धी बुँदाको उपेक्षा गरिएको तत्कालीन घटनाका विवरणमा मात्र समाचार बढी केन्द्रित भएको तर फिचर, सम्पादकीय लेख र दृष्टिकोणको विवेचना कम हुने गरेको पाइयो ।



ङ) स्थानीय संवाददाताहरूले घटनास्थलमा गई अवलोकनका आधारमा समाचार रिपोर्ट बनाउने भन्दा स्थानीय प्रहरी एवं शंकास्पद स्रोतहरूबाट टेलिफोनमा टिपेर आफूले देखेजस्तो गरी समाचार प्रकाशित प्रसारित गर्ने गर्दा सत्य तथ्यमा अन्तर पर्न गई संवाददाताहरू आलोचना र धम्कीका सिकार बनेका दृष्टान्त निकै छन् ।

**४) टेलिभिजन समाचार अनुगमनका निर्ष्कषहरू**

क) लहान घटना र तराईको आन्दोलनसम्बन्धी समाचारमा सुनसान सडक, विरोध प्रदर्शन, बसहरू जलाइएका, सडकमा अवरोध, टायर बालेर बाटो बन्द गरेका दृश्य बढी देखाइए भने शान्तिपूर्ण ऱ्याली, सद्भाव जुलुससम्बन्धी दृश्यले महत्व पाएन ।

ख) भाषा र शैलीमा कहींकहीं विचार पुऱ्याएको देखिदैन । भाषा आक्रामक र आगोमा घ्यू थप्ने किसिमको पाइयो । आन्दोलनलाई साम्प्रदायिक, दरबारिया षड्यन्त्र, विदेशीको उक्साहट, आदि विशेषण लगाइयो तर आन्दोलन किन भन्नेबारे सत्यतथ्य अगाडि ल्याउन सम्बन्धित माध्यमहरूले चेष्टा गरेनन् ।

ग) चैत ८ गते गौरमा भएको आमहत्याबारे माओवादी र राष्ट्रसंघीय नियोगका विज्ञप्तिलाई टेलिभिजन र रेडियो माध्यमहरूले प्राथमिकताका साथ प्रसारण गरे तर घटना कसरी भयो, घटना हुनुको पछाडि वास्तविकता के थियो, प्रहरी प्रशासनको भूमिका कस्तो रह्यो आदि विषयहरूमा सत्यतथ्यको खोजी गर्नुभन्दा आरोप प्रत्यारोप र विज्ञप्तिमा बढी केन्द्रित भएको पाइयो ।

घ) मिडियाले विगतको जनआन्दोलनमा एक किसिमको (पहाडियाले नेतृत्व गरेको हुनाले भन्ने आरोप लगाइन्छ) र मधेस आन्दोलनमा भिन्न किसिमको भूमिका खेलेको आलोचना छ ।

ङ) आन्दोलनको सुरुमा साम्प्रदायिक नदेखिए तापनि केही सञ्चारमाध्यमले सामाजिक सद्भाव बिथोलिएका समाचार प्रसारण गरे । यसले आन्दोलनलाई मत्थर पार्नुको सट्टा सञ्चारमाध्यमप्रति स्थानीय समुदायमा अविश्वास र आक्रोश बढायो ।

च) जनतालाई सुसूचित गर्ने विश्वास बोकेका प्रसारण माध्यमहरूले निष्पक्ष ढंगले सही सूचना दिन नसक्दा संदिग्ध स्रोतबाट तयार पारिएको नेपालगन्ज बन्दबारेको सीडीका प्रतिहरू व्यापक मात्रामा वितरण हुनाले जनभावनालाई बढी उत्तेजित बनाउने कारण बनेको कटुसत्यलाई सञ्चारकर्मीहरूले गम्भीर भएर मनन गर्नुपर्छ ।

छ) राष्ट्रियस्तरका सञ्चारमाध्यमहरूले आत्मसंयमको नाममा यथार्थ समाचार सम्प्रेषण गर्न पूर्ण सफल भएनन् । तुलनात्मक रूपमा स्थानीय सञ्चारमाध्यमहरू बढी निष्पक्ष र सन्तुलित देखिए ।

## सुझावहरू

### १) सञ्चारमाध्यमहरूको निष्पक्षता, निष्ठा र व्यावसायिक क्षमतासूग सम्बन्धित सुझावहरू

(क) समाजको बृहत्तर हितका लागि पत्रकारिता पेसालाई दलगत निष्ठा र प्रभावबाट मुक्त राख्दै स्वतन्त्र रूपमा सञ्चालन गर्ने वातावरण सिर्जना हुनु राजनीतिक पाटीहरूको पनि हितमा हुनेछ ।

यस मान्यताका विपरीत प्रत्येक पार्टीले आफूसँग आबद्ध पेसागत संगठनलाई अघि बढाउने र छुट्टाछुट्टै पत्रकार समूहहरूका गतिविधिलाई प्रोत्साहित गर्ने प्रवृत्तिले गर्दा सम्बन्धित पत्रकारले निर्भीक र स्वतन्त्र भएर समाचार संकलन, टिप्पणीलेखन र प्रस्तुतिमा गैरव्यावसायिक प्रकृतिको सम्झौता गर्नुपर्ने विवशता रहिरहन्छ जो स्वतन्त्र पत्रकारिताको अभ्यासका लागि अनुकूल देखिंदैन । यसैले प्रेसलाई दलगत प्रभावबाट मुक्त स्वतन्त्र व्यवसायको रूपमा फस्टाउने वातावरण सिर्जना गरिनुर्पछ ।



(ख) पत्रकारिताको जनसमुदायमा बढेको पहुँचको तुलनामा सञ्चारकर्मीहरूमा वाच्छनीय व्यावसायिक क्षमता र गुणहरूको विकास हुन सकेको छैन । पत्रकारिताबारे अध्ययन र प्रशिक्षणसम्बन्धी अधिकांश सुविधाहरू राजधानीमा केन्द्रित छन् भने यस्ता कार्यक्रम जिल्ला तहसम्म व्यापक हुनसकेका छैनन् ।

मधेसी समुदायको बाहुल्य रहेको तराईका जिल्लाहरूमा पत्रकारिताको प्रशिक्षणसम्बन्धी सुविधाहरू कम छन् भने समावेशीकरणको सिद्धान्तअनुरूप मधेसीवर्गलाई पत्रकारितासम्बन्धी सीप निर्माणमा प्रोत्साहित गर्न आवश्यक पहल गरिनुपर्छ ।

मधेस आन्दोलनमा मिडिया एकपक्षीय भयो, पहाडी समुदायको वर्चस्व रहेकाले मधेसीहरूको जनभावना र समस्या उपयुक्त ढंगले मिडियामा उठाइएन भन्ने आरोप विभिन्न अधिकारवादी मधेसी संगठनहरूबाट उठाइएका छन् । मिडियामा मधेसीहरूको सहभागिता कम भएकाले यो समस्या भएको हो भन्ने गुनासाहरू पनि छन् । तसर्थ मिडियामा मधेसी, जनजाति, दलित र अन्य समुदायका व्यक्तिहरूको पनि उचित प्रतिनिधित्वका लागि उनीहरूलाई तालिम, प्रशिक्षण र अवसर प्रदान गरिनुपर्छ ।

(ग) द्वन्द्वग्रस्त क्षेत्रहरूमा गई सत्यतथ्यमा आधारित विवरणहरू संकलन गर्नु पत्रकारहरूका लागि जोखिमयुक्त काम हो । यस्तो जोखिम उठाएवापत उनीहरूलाई प्रोत्साहनको कमी छ । पेसागत सुरक्षाका प्रावधानहरू अपर्याप्त छन् । जसमा सुधार ल्याउनेतर्फ प्रयास गरिनुपर्दछ ।

(घ) आगामी मंसिर ६ गते संविधानसभाको निर्वाचनले मुलुकमा जनभावनामा आधारित लोकतन्त्रको जग बसाउने भएकाले अनुकूल जनमत सिर्जना गर्ने मुलुकभर छरिएका रेडियो सञ्जाल, समाचार पत्रपत्रिका र टेलिभिजनको महत्वपूर्ण भूमिका रहनेछ । यस्तो भूमिकालाई दक्षतापूर्वक पूरा गर्न निम्नलिखित बुँदाहरूमा ध्यान जानु उचित हुनेछ ।

- सबै प्रकारका सूचना माध्यमहरूलाई अन्तर्राष्ट्रिय व्यावसायिक मापदण्डअनुरूप स्वतन्त्ररूपमा काम गर्नसक्ने वातावरणको सुनिश्चितता ।
- सञ्चार संस्थाहरूलाई प्रत्यक्ष वा परोक्षरूपमा राजनीतिक पार्टी वा सरकारको नियन्त्रण र दबाबबाट मुक्त राख्ने संस्थागत प्रवन्धको सुनिश्चितता ।
- पत्रकारहरूलाई आफ्नो स्वतन्त्रताको अकुण्ठित उपयोगबारे सचेतता आएजस्तै सत्यतथ्यमा आधारित समाचार प्रस्तुत गर्ने जिम्मेवारी तथा जवाफदेहीताबारे सजग गराउने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- हिंसात्मक राजनीतिक गतिविधिलाई दुरुत्साहित गर्न र शान्तिपूर्ण रूपान्तरणका लागि आवश्यक जनाधार निर्माण गर्न सञ्चारकर्मीहरूलाई उपयुक्त शान्ति पत्रकारिताको अवलम्बन गर्न बढी प्रशिक्षणका अवसरहरू उपलब्ध गराउने ।

(ङ). द्वन्द्वका सिलसिलामा पत्रकारहरूमाथि हुने हिंसात्मकगतिविधिलई नियन्त्रण गर्न पत्रकार र राजनीतिक दलका कार्यकर्ताहरूलाई सञ्चारमाध्यमको दायित्व र सीमाबारे आधारभूत ज्ञान दिने प्रशिक्षण गोष्ठीहरूमा सरिक गराइनुपर्दछ ।

## २) राजनीतिक पक्ष र सञ्चारमाध्यम

(क) राजनीतिमा समावेशीकरण र जातीय उन्मुक्तिको प्रश्नलाई बढी सशक्त ढंगले उठाएर सम्बन्धित वर्गको प्रतिबद्धता बटुल्न सधैं राजनीतिक पार्टीहरूबीच होडबाजी चलेको छ ।

जातिगत आस्था बटुल्ने सस्ता नारावाजीभन्दा समस्त नेपाली समुदायको उत्थानको लागि राजनीतिक नेताहरूले गर्नुपर्ने प्रयत्नमा कमी देखिन्छ । यस क्रममा अब तराई इलाकाका जातजातिलाई कसले नेतृत्व गर्ने भन्ने मुद्दालाई लिएर राजनीतिक पार्टीहरूबीच अवाञ्छित होडबाजी चलेको छ ।



आठ दलका सबैजसो पार्टीहरूले आफ्ना मातहत छुट्टै मधेसी फ्रन्ट खोलेका छन् । स्थानीय तहमा प्रभाव जमाउने होडबाजीको क्रममा खतरनाक भिडन्त हुने, ज्यान जाने सार्वजनिक सम्पत्तिको नोक्सानी हुने घटनाहरू सामान्य भएका छन् ।

यस्ता अवान्छित भिडन्तहरू निवारण गर्न राजनीतिक पार्टीहरूले आफ्ना कार्यनीतिमा वाञ्छनीय सुधार एवं परिवर्तन ल्याउनुपर्दछ ।

(ख) लोकतन्त्रमा सबै वर्ग समुदायमा भयमुक्त वातावरणमा शान्तिपूर्ण ढंगले आफ्ना असन्तोष, पीडा र अन्यायलाई व्यक्त गर्ने वातावरण कायम गर्ने जिम्मेवारी सरकार र सत्ताका साझेदार आठ दलले लिनुपर्दछ । मानव अधिकारको सम्मान गर्ने यस्तो उदार संस्कृतिको अभावमा स्थानीय प्रशासनले सत्तारुढ पार्टीहरूद्वारा गरिएका ज्यादतीहरूप्रति आँखा चिम्लने, न्याय निसाफ गर्नुपर्दा सत्तारूढ पार्टीकै पक्ष लिने प्रवृति बढेकाबारे जन गुनासो प्रसस्तै छन् । यस्ताा विसंगतीहरूको बेलैमा निवारण गर्नेतर्फ नेपाल सरकारको र अन्तर्राष्ट्रिय समुदायको समेत ध्यान जानुर्पदछ ।

## ३) शान्ति सुरक्षा सुनिश्चित गर्न सरकारका जिम्मेवारीहरू

क) समाचार संकलनका सिलसिलामा पत्रकारहरूका लागि निर्वाध आवागमन, समाचार अनुकूल नभएमा पत्रकार वा समाचार सम्प्रेषण गर्ने संस्थाहरूमाथि गरिने दबाब र आक्रमक कारबाही हुन नदिन वान्छनीय र पर्याप्त सुरक्षा प्रदान गर्न सबै प्रहरी र स्थानीय प्रशासनहरूलाई परिपत्र गरिनुपर्दछ । परिपत्रअनुसार काम भए नभएको अनुगमन नेपाल पत्रकार महासंघले गर्नु उपयुक्त हुनेछ ।

(ख) निर्वाचनअघि आ-आफ्ना प्रभाव बिस्तारका लागि स्थानीय तहमा सत्तारूढ पार्टीहरूद्वारा गरिने राजनीतिक गतिविधि र सत्ता इतर दलहरूले शान्तिपूर्ण ढंगले गर्ने सार्वजनिक गतिविधिहरूमा पूर्ण सुरक्षा प्रदान गर्न भेदभावरहित समान मापदण्ड अपनाइनु पर्दछ ।

**४) अन्तर्राष्ट्रिय समुदायबाट अपेक्षित सहयोग**

क) सञ्चारकर्मी र सञ्चारसंस्थाहरूले समाचार संकलन सम्प्रेषण र प्रस्तुतिमा स्वतन्त्रतापूर्वक काम गर्ने वातावरण र सुरक्षाको प्रत्याभूतिबारे अनुगमन गर्ने र उल्लंघन भएर घटनाहरू सम्बन्धित निकायहरूलाई सचेत गराउने ।

(ख) शान्ति रूपान्तरणका लागि कार्यरत सञ्चारकर्मीहरू र संस्थाहरूको दक्षता निर्माण गर्न उपयुक्त प्रशिक्षण, क्षमता वृद्धि, अनुभवको आदानप्रदान गर्ने कार्यक्रमहरूमा सहयोग पुऱ्याउने ।

(ग) नागरिकहरूमा अधिकारप्रति सचेतता आएको तुलनामा, जिम्मेवारी बोध र जवाफदेहीको अनुभूति गराउने कार्यक्रमहरूको सञ्चालनमा सहयोग पुऱ्याउने ।

# अनुसूचीहरू

## Decoders

Kan= Kantipur Nepali daily

Kfm= Kantipur FM

NTV= Nepal Television

Ktv= Kantipur Television

Rmi = Radio Mithila

Jat = Janakpur Today

Jae= Janakpur Express

Ifm=Image FM

Mfm= Mithila FM

Rjt=Rajbiraj Today

Jfm+ Janakpur FM

Gor = Gorkhapatra

Anp= Annapurna

Bls= Blasts

Udg= Udaghosh

Coc= Communication Corner

For =Foreign newspaper

Kpo=Kathmandu Post

Rbh=Radio Bheri

Bfm=Butwal FM

Rbr=Radio Birgunj

Jfm=Janakpur FM

Prt = Pratik newspaper

Ank= Ankush newspaper

Jas = Jana Sangharsha

Btd=Butwal Today

Ltd=Lumbini Today

kFM= Kalika FM

Rfm=Rupendehi FM

Klp=Kalprishta newspaper

Rbg=Radio Bageshwori

## Decoders of districts

D1 = Morang

D2 = Sunsari

D3 = Saptari

D4 = Siraha

D5 = Dhanusha

D6 = Mahottari

D7 = Sarlahi

D8 = Rautahat

D9 = Bara

D10 = Parsa

D11 = Chitawan

D12 = Nawalparasi

D13 = Rupandehi

D14 = Kapilvastu

D15 = Banke



## Appendix A (अनुसूची क)

**Statistical Analysis of data in Table 13**
**Significant total values of indicators across sample districts**

| | | |
|---|---|---|
| | | [illegible] |
| | | |
| Code | Frequency | District pop (98) |
| [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] |
| CR | 5 | 7% |

| D4 | | |
|---|---|---|
| | | |
| Code | Frequency | District pop (89) |
| PR | 54 | 61% |
| PO | 43 | 48% |
| NK | 23 | 26% |

| D5 | | |
|---|---|---|
| | | |
| Code | Frequency | District pop (93) |
| PO | 39 | 42% |
| PR | 36 | 39% |
| SO | 29 | 31% |
| CL | 10 | 11% |
| NR | 17 | 18% |
| [illegible] | [illegible] | [illegible] |

| D6 | | |
|---|---|---|
| | | |
| Code | Frequency | District pop (70) |
| NR | 30 | 43% |
| SO | 20 | 29% |
| PR | 13 | 19% |
| CR | 13 | 19% |
| PO | 10 | 14% |



| [illegible] | | |
|---|---|---|
| | | |
| Code | Frequency | District pop (41) |
| [illegible] | 9 | 56% |
| [illegible] | 7 | [illegible] |
| [illegible] | 4 | 25% |
| CR | [illegible] | [illegible] |
| [illegible] | [illegible] | [illegible] |

| D10 | | |
|---|---|---|
| | | |
| Code | Frequency | District pop (41) |
| PR | 44 | 107% |
| SO | 11 | 27% |
| CL | 11 | 27% |
| PO | 10 | 24% |
| CR | 2 | 5% |

## Appendix B (अनुसूची ख)

**Frequency of Opinion Variable on Media Professionalism**

| S.N | Code | Frequency D1 | D2 | D3 | D4 | D5 |
|---|---|---|---|---|---|---|
| | | Eastern | | | | |
| 1 | Yes | 35 | 8 | 11 | 24 | 16 |
| 2 | No | 33 | 40 | 66 | 48 | 63 |
| 3 | NK | 4 | 11 | 15 | 12 | 8 |

| Code | District pop (60) | | |
|---|---|---|---|
| PRBR | 84 | 140% | 40% |
| NIPO | 19 | 32% | 35% |
| PCSO | 17 | 28% | 30% |
| SCCI | 12 | 20% | 5% |
| CICR | 6 | 10% | 5% |

Appendix C (अनुसूची ग)

**Synopsis of Statistical Analysis**

# Media and Madesh Movement

**Statistical Data**

Basic data

Total number of 15 Terai or Inner Terai districts/samples covered by Development Regions:

**Eastern : D1/75, D2/75, D3/98, D4/89,**

**Central : D5/93, D6/70, D7/55, D8/72, D9/48, D10/41, D11/16**

**Western: D12/68, D13/36, D14/20,**

**Mid-Western : D15/60**

**Far Western : None**

Total Sample population = **916 heads**

Ethnicity of the sample population

The **dominant ethnic groups** among the sample population are:

**Hill Brahmins,Madeshi Brahmins and Yadavs**

**Hill Brahmins** are most numerous in Eastern,Central and Mid-WesternTarai Development Regions; **Madehsi Brahmins** and **Yadavas** are concentrated in Eastern and Central Development regions.There are about fifteen other ethnic groups each of which share very insignificant space with these three dominant ethnic groups.

The total **number of responses** to objective questions suggesting more than one option in some questions **(116 % of total sample population)**

The total number of responses to open-ended questions suggesting more than one alternative answer for obstacles or attacks on mediapersons is **1345(147% of total sample population).**

Total number of responses to close-ended dichotomous questions in **Table 15 is 916** (**100% of total sample population)**



**Some relevant background data**

**A) Dominant ethnic group/s among the sample population as a whole and as in each district are:**

The names of dominant ethnic groups in 15 districts are :

*Hill Brahmins, Madeshi Brahmins, and Yadavs*

These three groups constitute 28% of the sample population 916 heads

*Hill Brahmins* are most numerous in Eastern,Central and Mid Western Tarai Development Regions; *Madeshi Brahmins* are most numerous in Dhanusha and Parsa districts of Eastern and Central Dev egions;*Yadavs* are one of the dominant groups in Eastern Dev Tarai Region**.**

**B) Media Habit**

Print Media **:**

**The names of the newspapers which are mostly read in the sample districts as a whole and in each district are :**

Among the **national dailies** the *Kantipur, Gorkhapatra* and *Annapurna Post* are significantly read in the sample Districts as a whole.The modal media habit is represented by the *Kantipur* daily

Districtwise, the *Kantipur* is read mostly in Eastern districts and partly in Central districts, and Banke in Mid-Western district. *Gorkhapatra* is read in almost all districts at even rate percentage except in Chitwan, Kapilvastu, Rupendehi and Banke. The *Annapurna Post* is the third influential newspaper with its readership rate in three Eastern districts Morang, Saptari and Siraha varying between 30 % to 39 per cent. For all districts the modal media habit is represented by the *Kantipur*.

Among the **local dailies** the *Blast, Rajbiraj Today* and *Udgosh* in Eastern Region, *Pratik* and *Ankush* in Central Region, *Janasangarsha* in Western Region, and *Nepalgunj Times* in Mid –western Region, are mostly read.The modal media habit is represented by the *Blast* .

Electronic Media :

**The names of the radio stations/system which are mostly listened to in the sample districts are:**

AM **national system**: none

FM **local system** : *Communication Corner,Radio Mithila,Kantipur FM,Image FM,Koshi FM and Radio Birgunj.*

The modal media habit is represented by *Kantipur FM*.

**The names of TV channels which were mostly watched in the sample districts are** :

**National broadcasting system**: *Nepal Television,Kantipur TV*.

The modal media habit is represented by *Nepal Television*.

At the **local district level** : *Nepal One* and *Aaj Tak* are mostly watched, particularly in Nawalparasi district.. At this level the modal media habit is represented by *Nepal One*.

**C) Respondents' knowledge about the Madesh Movement** :

**The data are analysed using the measure of arithmetic mean.**

| | | | | |
|---|---|---|---|---|
| **D1 = 75%** | **D2=89%** | **D3 =92%** | **D4 = 92%** | **D5 = 97%** |
| **D5= 78%** | **D7= 98%** | **D8= 99%** | **D9= 96%** | **D10= 98%** |
| **D11= 94%** | **D12 = 82%** | **D13 = 100%** | **D14 = 100%** | **D15= 92%** |

**The arithmatic mean is represented by 92% which expresses the measure of Respondents' knowledge about the Madesh Movement.**